आर्थिक वर्ष २०७७/७८ को

# नीति, कार्यक्रम तथा बजेट

# वार्षिक योजना किताब

धुनिवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङ, बागमती प्रदेश, नेपाल

**संरक्षण एवं निर्देशन**
श्री बालकृष्ण आचार्य - नगर प्रमुख
श्री निरु खरेल - नगर उप-प्रमुख

**सल्लाहकार/कार्यकारी सम्पादक**
श्री हरिदत्त कँडेल - प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक**
श्री गोविन्द प्रसाद पौडेल - लेखा अधिकृत
श्री श्याम सुन्दर पाण्डे - अधिकृत छैठौं

**सह-सम्पादक**
श्री झबिलाल भुसाल - अधिकृत सातौं
श्री नवराज श्रेष्ठ - ईन्जिनियर
श्री राधाकृष्ण पाठक - कम्प्युटर अपरेटर

**सहयोगी**
श्री माधवप्रसाद लुईटेल - अधिकृत छैठौं
श्री पारसमणी भट्ट - सहयोगी कर्मचारी

**पत्रचार गर्ने ठेगाना:**
धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धादिङ, बागमती प्रदेश, नेपाल
**सम्पर्क नं.**: ०१०-४०११९७, ०१०-४०११८६, ९८५१२३७९६७
**ईमेलः** dhunibeshimun@gmail.com, **वेवः** www.dhunibeshimun.gov.np

**आवरण फोटो :**
धुनिवेशी नगरपालिकाको प्रस्तावित प्रशासनिक भवन, जुगेडी, धादिङ।

**मुद्रणः**
स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा.लि., बिजुलीबजार, काठमाडौं
**फोन नं.**: ०१-४७८४२८३, **ईमेलः** presssky9@gmail.com

भुमि प्रसाद त्रिपाठी
सदस्य, प्रतिनिधिसभा
संघीय संसद
धादिङ-१

Bhumi Prasad Tripathi
Member, House of Representative
Federal Parliament
Dhading-1

## शुभकामना



धुनिवेशी नगरपालिका धादिङले आ.व. २०७७/०७८ को सातौं नगरसभामा पेश भएको नीति तथा कार्यक्रम योजना एवं बजेट, आर्थिक बिधेयक, २०७७ विनियोजन विधेयक २०७७ समावेश गरी वार्षिक योजना किताब प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानले मुलुकको कार्यकारिणी अधिकार संघ, प्रदेश र स्थानीय तहबीचमा स्पष्ट क्षेत्राधिकार सहितको व्यवस्था गरेको छ। संविधान कार्यान्वयन पछिको पहिलो पटक तीनै तहका सरकारहरू निर्वाचित भई क्रियाशिल रहिरहेको सन्दर्भमा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी बनाउनका लागि स्थानीय सरकारको अहम् भूमिका रहेको छ। नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था बमोजिम नीति तथा कार्यक्रम स्वीकृत भई वार्षिक बजेट समेत नगरसभाबाट पारित भइसकेको सन्दर्भका नगरवासीको जीवनस्तरमा परिवर्तन आई समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

दिर्घकालिन सोच सहितको १५औं योजना कार्यान्वयनमा आइसकेको सन्दर्भमा प्रदेश र स्थानीय तहले समेत सोको मार्गदर्शनमा रही योजनाको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। धुनिवेशी नगरपालिकाले उक्त कार्यमा यथोचित ध्यान पुऱ्याएको छ भन्नेमा म विश्वस्त छु। संघीय एवं प्रदेश सरकारस्तरबाट समेत विभिन्न योजना तथा कार्यक्रमहरू कार्यन्वयन भइरहको कुरा यहाँहरूलाई विदितै छ।

अन्तमा, हिजो म स्वयंले गरेको बचनबद्धता बमोजिम काठमाडौं शहरको जनघनत्वलाई व्यवस्थापन गर्ने गरी वैकल्पिक शहर निर्माण प्रक्रिया अगाडी बढेको छ। नेपालकै पहिलो शुरुङ मार्ग, बैकल्पिक राजमार्ग, पर्यटकीय पूर्वाधार निर्माणको कामले गति लिएको र आगामी दिनमा जनमुखी विकास निर्माण र नगरवासीको सर्वाङ्गीण विकासका लागि यस क्षेत्रको जनप्रतिनिधिको रुपमा सहजिकरण गर्न म पूर्ण प्रतिवद्ध छु। नगरले अगाडी सारेको नीति तथा कार्यक्रम, योजना एवं बजेट कार्यन्वयनमा सफलता मिलोस् भनि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

**१ असोज, २०७७**

**भुमि प्रसाद त्रिपाठी**
**सदस्य, प्रतिनिधिसभा**
**संघीय संसद धादिङ-१**

Mobile: 9851081059, Email: bhumi9851@gmail.com

राजेन्द्रप्रसाद पाण्डे
प्रदेश सभा सदस्य
क्षेत्र नं १(१) धादिङ
केन्द्रिय सदस्य
नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)

Rajendra Prasad Pande
Member, Provincial Parliament
Constituency No 1(1), Dhading
Central Committee Member
Communist Party Of Nepal(CPN)

# शुभकामना



राजधानीसँग जोडिएको धादिङ जिल्लाको नयाँ नगरपालिका धुनिवेशी नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ का लागि आम्दानी खर्चको विवरण सहितको नगर योजना समावेश भएको पुस्तिका प्रकाशन गर्न लागेको र उक्त पुस्तिकामा धुनिवेशी नगरपालिकाले गर्ने आफ्नो आम्दानी जनताको जीवनस्तरमा परिवर्तन गर्न र जनतालाई दिने सेवा सुविधाका फेहरिस्त सहितको विवरण यस पुस्तिकामा समावेश गरि धुनिवेशी नगरपालिकाको भुगोल भित्रका जनता, राजनैतिक दल, समाजसेवी संघ संस्थाहरूलाई सुसुचित गर्ने प्रयास गरेकोमा यस कार्यको प्रशंसा गर्न चाहन्छु।

प्रस्तुत पुस्तकमा संघीय सरकारबाट, प्रदेश सरकारबाट, धुनिवेशी नगरपालिकाको आफ्नै आम्दानीबाट विनियोजन गरिएको रकम र सो रकमबाट जनताले लाभ पाउने योजना तथा कार्यक्रमको विवरण उल्लेख भएको र भविष्यमा गरिने धुनिवेशी नगरपालिकाले प्राथमिकता दिएको कार्यक्रमहरू समावेश गरिएका छन्।

यो पुस्तकले कम्युनिष्ट पार्टीका कार्यकर्ताको नेतृत्वमा सञ्चालित नगरपालिकाले जनताको सेवामा के कस्ता कार्यक्रम गर्दैछ र भविष्यमा के कस्ता कार्यक्रम गर्नेछ अरु पार्टी र कम्युनिष्ट पार्टी कति फरक छ भन्ने विषयमा स्पष्ट रुपमा जनतालाई सुसुचित गर्न सफल हुनेछ भन्ने आशा गरेको छु। धुनिवेशी नगरपालिका र यसको भुगोल भित्रका सम्पूर्ण जनताहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दै पूनः शुभकामना व्यक्त गर्दछु।

**राजेन्द्रप्रसाद पाण्डे**
पूर्व मन्त्री तथा नेकपा केन्द्रीय सदस्य
प्रदेश सभा सदस्य धादिङ १ (१)

**Contact Address:**
**Mobile: 9851029201, 01-4034747(Res.) Email: rajendrapande2011@gmail.com**

**श्री बालकृष्ण आचार्य**
नगर प्रमुख,
**धुनिवेशी नगरपालिका**

धादिङ
फोन नं : ०१०-४०११८६

# मन्तव्य



नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम स्थापित स्थानीय सरकारको रुपमा चौंथो आर्थिक वर्ष २०७७।०७८ को नीति, बजेट तथा कार्यक्रम पारित गरि नगरवासीहरूको माझमा पेश गरेको छु। नीति, बजेट र कार्यक्रम सार्वजनिक गरिराख्दा मुलुकलाई यो अवस्थासम्म ल्याई पुऱ्याउन भएका संघर्षहरू एवं जनआन्दोलनको भावपूर्ण स्मरण गर्दछु । उक्त संघर्ष एवं आन्दोलनहरूका क्रममा ज्यानको आहुती दिई सहादत प्राप्त गर्नुभएका सम्पुर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय सरकारको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्नुभएका धुनिवेशी नगरका आम मतदाताहरूलाई हार्दिक सम्मान र आभार प्रकट गर्न चाहन्छु।

नितान्त नयाँ स्थापित नगरपालिका भएको हुनाले बितेका वर्षहरूमा ऐन, नियम, कार्यविधि, मापदण्ड र अन्य आवश्यक विधिहरूको निर्माण गरिएको छ । यसरी निर्माण भएको नीतिहरूले दिर्घकालसम्म नगरपालिकालाई अघि बढाउन सहयोग पुग्नेछ । साथै अनेक चुनौतीहरूलाई चिर्दै न्यूनतम संख्यामा कर्मचारी एवं कार्यालय व्यवस्थापन भएको छ। आन्तरिक श्रोतको न्यूनतम तथा संघ र प्रदेशबाट प्राप्त हुने अपर्याप्त सशर्त बजेटबाट आम नगरवासीहरूको चाहना र आवश्यकतापूर्ती गर्ने चुनौतिमा म उभिएको छु। यद्यपि प्राप्त श्रोत साधनहरूको अत्युत्तम र समुचित परिचालनबाट उद्धेश्य प्राप्त गर्ने दिशामा नगरपालिका अघि बढिरहेको छ।

गत आ.व. २०७६।०७७ को मध्यदेखि सुरु भएको कोरोना भाइरस (कोभिड-१९) रोग र यसबाट उत्पन्न जटिल परिस्थितिहरू विच विकास निर्माणका कार्यहरू धिमा गतिमा भएपनि सञ्चालन गर्न सकियो भने कोभिड-१९ रोकथाम र नियन्त्रणमा नगरवासीहरूले धैर्यता र संयमताका साथ हामीलाई हौसला प्रदान गरिरहनुभयो । यस आर्थिक वर्षमा नगर कार्यपालिका भवन निर्माण, धुनिवेशी पार्क, वडा नं.९ र वडा नं.३ को कार्यालय भवन निर्माणको चरणमा प्रवेश गरिसकेका छन्। केही वडा कार्यालयहरूको भवन निर्माण गर्ने प्रक्रिया आरम्भ गरिने छ। सर्वसुलभ स्वास्थ्य र शिक्षाका अवसर आम नगरवासीहरूमा उपलब्ध गराउने प्रमुख उद्धेश्यका साथ नगरसभाबाट नीति, कार्यक्रम र बजेट तर्जुमा गरिएको छ।

पुर्वाधार विकास, सामाजिक तथा आर्थिक विकासका साथै शासकीय सुधार, सुशासन प्रवर्द्धन, संस्थागत विकास लगायतका समग्र क्षेत्रहरूलाई समेट्दै समुन्नत धुनिवेशी निर्माणको अभियानलाई सुक्ष्म रुपमा अघि बढाइएको छ।

गत आर्थिक वर्षहरूमा सुरु भएका आयोजनाहरू सम्पन्न भै सक्दा विकासले गति लिएको आभाष हुने अपेक्षा राखेको छु।

नगरवासीहरूसँग गरेका प्रतिवद्धता, नगरवासीहरूको चाहना, सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्वन गरी उपलब्ध सिमित साधन र श्रोतको अत्युत्तम र प्रभावकारी परिचालन गरी विकास आवश्यकता पुरा गर्ने अधिकतम प्रयास भैरहेको छ। यसै क्रममा अत्यन्त कष्टप्रद अवस्थामा रहेको खानेपानी आपूर्तिको व्यवस्था करिब नगरभरि नै भैसकेको र नपुग स्थानहरूमा प्राथमिकता साथ काम अघि बढिरहेको छ। प्रतिव्यक्ति आय वृद्धि, समग्र गरिविको अवस्थामा सुधार, मानव विकास सुचाङ्कमा वृद्धि, औषत आयु वृद्धि लगायतका विकासका सुचकहरूमा नगरलाई राष्ट्रिय औषतमा भन्दा माथि पुर्‍याउने उद्धेश्यका साथ नगर गुरुयोजनाले तोकेको आर्थिक, सामाजिक एवं रणनीतिक महत्त्वका सडकहरू कालोपत्रे गर्नुका साथै मुख्य कच्ची सडकहरूलाई स्तरोन्नती गरिने छ। त्यसैगरी करिब-करिब नगरका सबै स्थानहरूमा विद्युत सेवा उपलब्ध भैसकेको छ भने बाँकी क्षेत्रहरूमा विद्युत सेवा विस्तार गर्दै लक्षित वर्गहरू, बालबालिका, वृद्धवृद्धाहरूका क्षेत्रहरूलाई समेत उत्तिकै प्राथमिकता दिई नीति, कार्यक्रम र बजेट तर्जुमा भएको छ।

**अन्त्यमा,**

नगरमा उपलब्ध श्रोत साधनको समुचित परिचालन तथा हामीसँग भएको क्षमताको उच्चतम उपयोगबाट समृद्ध धुनिवेशीको परिकल्पना साकार बनाउन आम नगरवासीहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ। नगरको काम कार्वाही प्रति कुनै गुनासो, सिकायत भए स्वस्थ आलोचना, खवरदारी र रचनात्मक सुझावको अपेक्षा गरेको छु। नगरसभाको कार्यक्रम सम्पन्न गरी यो योजना किताब तयार गर्न मिहिनेतपूर्वक खटिनुभएका नगरका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा जनप्रतिनिधिहरू तथा हामीलाई प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्‍याउनुहुने राजनैतिक दलका व्यक्तित्वहरू, नागरिक समाज, कर्मचारीहरू, वुद्धिजीवि, समाजसेवी, पत्रकार लगायत सम्पुर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै सदाझैं यो वर्षको बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सकारात्मक सहयोग, सुझाव र समन्वयको अपेक्षा गर्दछु।

धन्यवाद!!!

**बालकृष्ण आचार्य**
नगर प्रमुख

**श्री नीरु खरेल**
**नगर उप-प्रमुख,**
**धुनिवेशी नगरपालिका**

**धादिङ**
**फोन नं : ०१०-४०११८६**



# शुभकामना

धुनिवेशी नगरपालिकाको सातौँ नगरसभाबाट पारित नीति, कार्यक्रम, बजेट र योजना सम्बन्धी विवरण समावेश भएको एकिकृत पुस्तिका प्रकाशन गर्न आ.व. ०७७।०७८ को लागि नगरसभाबाट भएको निर्णय, आय-व्ययको अनुमानित विवरण, वडागत योजना र विनियोजित रकम, क्षेत्रगत कार्यक्रम र आर्थिक ऐन २०७७ ले समेटेको कर, दस्तुर र शुल्क सम्बन्धी विषयमा नगरवासी, अनुसन्धानकर्ता एवम् सरोकारवाला सबैमा जानकारी गराउने विश्वास लिएको छु।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को संक्रमण र असर नेपालमा समेत दिन प्रतिदिन बढ्दै गएको यस परिस्थितिमा कोरोना भाइरसको असर र संक्रमणको अवस्थालाई बढ्न नदिन र संक्रमणलाई न्यूनिकरण गरी जोखिममुक्त नगर निर्माणका लागि एकजुट भई आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन हुने गरी दिगो विकासका लागि भौतिक पूर्वाधारको निर्माण तर्फ हातेमालो गर्न नगरवासीहरूमा विनम्र अनुरोध गर्दछु। साथै सातौँ नगरसभाबाट पारित बजेट, नीति र कार्यक्रमले समग्र रुपमा सम्वृद्ध धुनिवेशी सुखी नगरवासीको अवधारणालाई मूर्त रुप दिन सघाउ पुऱ्याउने छ। नगरवासीहरूको चाहना र आवश्यकतालाई पुरा गर्दै विकासमा पछाडी परेका क्षेत्र, समुदाय, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, एकल महिला, दलित, जनजाती, आदीवासीहरूलाई मुल प्रवाहीकरणमा समेट्नेछ। विकासको उच्चतम् प्रतिफल उपभोग गर्न सक्रिय र सक्षम बनाउनेछ। साथै कृषि, उद्योग, पर्यटन, सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, खेलकुद, सहकारी, संचार, वन तथा वातावरण, विपद् व्यवस्थापन, विद्युत, उर्जा, भाषा, कला, साहित्य आदी क्षेत्रमा सकारात्मक परिवर्तन आई नगरवासीहरू लाभान्वित हुनेछन् र विकास निर्माणको कार्यमा फड्को मार्न सकिने छ, भन्ने आशा एवं विश्वासका साथ सामाजिक न्याय सहित विकासका अवधारणाहरूलाई लागु गर्न सफल हुने विश्वास लिएको छु। समृद्धि भनेर होइन गरेर आउने भएकोले समृद्ध नगर निर्माणको महान कार्यमा हातेमालो गर्न यस नगर क्षेत्रका सम्पूर्ण जनप्रतिनीधि साथीहरू, नगरवासी, उद्योगी, व्यवसायी, समाजसेवी, बुद्धिजीवि, पत्रकार एवं नागरिक समाज र सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु।

अन्ततः सातौँ नगरसभाबाट पारित नीति कार्यक्रम, बजेट र योजनाहरू कार्यान्वयनका लागि सम्पुर्ण नगरवासीको सकारात्मक साथ सहयोग प्राप्त हुनेछ भन्ने आशा, विश्वास र अपेक्षा गर्दै एकिकृत पुस्तिका तयार गर्न खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद!!

**निरु खरेल**
नगर उप-प्रमुख

# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धादिङ
### बागमती प्रदेश, नेपाल



## शुभकामना

धुनिवेशी नगरपालिकाको सातौं नगरसभा सम्पन्न भएको छ। समृद्ध धुनिवेशी सुखी जनता भन्ने मूल नारालाई आत्मसात गर्दै नगरपालिका अगाडी बढिरहेको छ। सातौं नगरसभाले नगरवासीहरूको अधिकतम हितलाई ध्यानमा राखी दिर्घकालिन विकासको आधारस्तम्भ तय गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

यसरी तय भएका नीति तथा कार्यक्रमहरू सबै नगरवासी एवं अन्य इच्छुक महानुभावहरूको जानकारीको लागि नगरपालिकाले वार्षिक योजना पुस्तिका २०७७।०७८ प्रकाशन गर्न लागेको छ। प्रस्तुत पुस्तीकाले नगरपालिकाको विविध गतिविधिहरू र विकास निर्माणका कार्यहरू जनस्तरसम्म पुऱ्याउन सघाउ पुऱ्याउने छ। उक्त पूस्तीकाले नगरपालिकाको कार्यमा थप पारदर्शिता कायम गराईने छ। नगरपालिकाले लिएको दिर्घकालिन विकासको कार्यहरूमा सरीक हुन नगरवासीहरूलाई थप प्रेरित गर्नेछ भने सामाजिक अभियन्ताहरू, अनुसन्धानकर्ताहरू तथा अन्य इच्छुक व्यक्तित्वहरूका लागि समेत उपयोगी हुनेछ।

विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) र यसबाट उत्पन्न अत्यन्त असहजताका विच हामीले हाम्रा आर्थिक क्रियाकलाप तथा योजनाका कार्यहरू अगाडी बढाउनुपर्ने चुनौतीको पहाड हाम्रो सामु उभिएको अवस्था छ। यस विषम् परिस्थितिमा पनि नगरपालिका परिवारलाई साथ दिएर अगाडी बढ्न प्रेरित गरिरहनु हुने नगरवासीहरू प्रति हार्दिक आभार प्रकट गर्दछौं। गत आ.व. २०७६।०७७ मै सम्पन्न हुनुपर्ने कतिपय विकास निर्माणका कार्यहरू सम्पन्न हुन नसकी यस आ.व. ०७७।०७८ मा पनि निरन्तर गर्नुपरेको छ। यस आ.व. मा पनि कोभिड-१९ संक्रमण समाप्त भईनसकेको अवस्थामा अत्यन्त सजगताका साथ तोकिएका स्वास्थ्य मापदण्डहरू पुरा गर्दै विकास निर्माणका कार्यहरू अगाडी बढाउनुपर्ने बाध्यात्मक परिस्थितिका विचमा हामीले अघि बढ्नुको विकल्प छैन। गत वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि नगरपालिकाले लिएका नीति तथा कार्यक्रमहरूमा सम्पुर्ण नगरवासीहरू र सरोकारवालाहरूको पूर्ण सहयोग अपेक्षित छ।

र अन्तमा यो नगरसभाको कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने आम नगरवासीहरू, समाजसेवी, बुद्धिजीवि, राजनैतिक पार्टीहरू, पत्रकार, नागरिक समाज सहकर्मी कर्मचारी साथीहरू लगायत सरोकारवाला सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आर्थिक वर्ष २०७७।०७८को नीति कार्यक्रम तथा बजेट निर्माणका क्रममा सल्लाह, सुझाव, मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगर प्रमुखज्यू, नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू र अन्य जननिर्वाचित प्रतिनिधिहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !!!

**हरिदत्त कँडेल**
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**खण्ड–१: परिचय** १

१.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय १

१.१.१ स्थापना १

१.१.२ ऐतिहासिक पृष्ठभूमि १

१.१.३ सिमाना १

१.१.४ स्थानीय तहको पुर्नसंरचना २

१.१.५ भू-धरातल २

१.१.६ भू-उपयोगको विवरण ३

१.१.७ जनसांख्यिक विवरण ३

१.२ आ.व. २०७६।०७७ को विषयगत शाखाहरूको प्रगति विवरण ४

१.३ धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्र २८

१.४ नगरको निर्वाचन र जनप्रतिनिधिहरू २८

१.५ संस्थागत व्यवस्था २८

१.६ विद्यमान अवस्थाको समिक्षा २९

१.६.१ सबल पक्ष ३०

१.६.२ कमजोर पक्ष ३०

१.६.३ अवसर ३१

१.६.४ चुनौती ३१

**खण्ड–२: आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य** **३३**

२.१ नगरसभाका निर्णयहरू ५१

**खण्ड–३: वार्षिक विकास कार्यक्रम** **५४**

३.१ नगर सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम ५४

**खण्ड–४: अनुसूची/विविध** **७३**

४.१ बजेट सँग सम्बन्धित अनुसूची ७३

४.२ धुनिवेशी नगरसभाबाट पारित विधेयकहरू ७३

४.२.१ आर्थिक ऐन-२०७७ ७४

४.२.२ विनियोजन ऐन-२०७७ ९५

४.३ योजना तर्जुमा सम्बन्धी मार्गदर्शन ९६

४.४ धुनिवेशी नगर भित्रका सडकहरूको सूची १०६

४.५ धुनिवेशी नगरपालिकाको स्वीकृत कानूनहरू (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) को विवरण ११३

४.६ धुनिवेशी नगरका निर्वाचित जनप्रतिनिधिको विवरण ११५

४.७ नगरमा कार्यरत कर्मचारीहरूको विवरण ११७

४.८ धुनिवेशी नगरका विभिन्न संघ/संस्था/प्रतिनिधिहरूको सम्पर्क विवरण १२१

तस्बिरहरू १२७

## खण्ड - १

# परिचय

## १.१ धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय

### १.१.१ स्थापनाः

नेपालको राजधानी काठमाण्डौंको प्रवेशद्धारमा अवस्थित धुनिवेशी नगरपालिकाको स्थापना वि.स.२०७३ साल फाल्गुण २७ गते भएको हो । नेपालको संविधान अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण गर्न नेपाल सरकारवाट गठन भएको आयोगको सिफारीस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा सूचना प्रकाशन भई नगरपालिकाको सिमाना र क्षेत्र कायम भएको हो ।

वागमती प्रदेशको धादिङ जिल्लामा पर्ने यो नगरपालिका संघीय राजधानी काठमाडौंबाट २० कि.मी र जिल्ला सदरमुकाम धादिङवेशीवाट ८० कि.मी.को दुरीमा रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल ९८.६४ वर्ग किमी रहेको छ।

पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ यही नगरपालिका हुँदै गएको छ र यी दुई राजमार्गहरू नौविसे बजारमा आपसमा जोडिएका छन् भने यी राजमार्गमा नगरका मुख्य बजार केन्द्रहरू नौविसे, धार्के, खानीखोला रहेका छन् । नगरपालिकाको सबै वडामा कच्ची मोटरबाटो पुगेको छ भने कतिपय सडक ग्राभेल र कालोपत्रे गर्ने क्रममा रहेकाछन् ।

### १.१.२ ऐतिहासिक पृष्ठभूमी :

धुनिवेशी नाम कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न भनाईहरू रहेको पाईन्छ। कतिपयले यहाँ धुनिखोला रहेको र यसै खोलामा वेशीतर्फ रहेको ठाउँलाई धुनिवेशी भन्ने गरियो भन्छन भने कतिपयले पहिले यस ठाँउमा उखुहरू धेरै हुने र सखखर बनाउन धुनि लगाइरहने गरेकोले यस ठाउँको नाम धुनिवेशी रहन गएको भन्ने गरेको पाईन्छ। हाल नगरपालिका धुनिवेशीमा रहेको धुनिवेशी भन्ने ऐतिहासिक ठाउँकै नामबाट यो नगरको नाम रहन गएको देखिन्छ।

### १.१.३ सिमाना :

पूर्व : चन्द्रागिरी नगरपालिका, नागर्जुन नगरपालिका, तारकेश्वर नगरपालिका, शिवपुरी राष्ट्रिय निकुञ्ज, काठमाण्डौं पर्दछ।

पश्चिम : थाक्रे गाउँपालिका, धादिङ।

उत्तर : बेलकोटगढी न.पा. र ककनी गा.पा. नुवाकोट

दक्षिण : थाहा नगरपालिका, मकवानपुर

### १.१.४ स्थानीय तहको पुर्नसंरचना

यो नगरपालिका साविकका ३ गाविसहरू छत्रेदेउराली, जीवनपुर र नौविसेको भू-भागलाई संमायोजन गरी बनेको छ। जसलाई देहाय बमोजिम तालिकामा देखाइएको छ। धुनिवेशी नगरपालिकाको साविकको गाविस, वडाहरू देहाय बमोजिम कायम भएका छन्।

तालिका नं.१ः साविक गाविसको वडाबाट नगरपालिकामा परिवर्तित अवस्था तथा वडा कार्यालय

| वडा नं. | समावेश भएका साविक गाविस | साविकका गाविसका वडा | हालको वडा कार्यालय |
|---|---|---|---|
| १ | छत्रेदेउराली | ६, ७, ८, ९ | भञ्ज्याङ पोखरी |
| २ | छत्रेदेउराली | १, २, ३, ४ र ५ | रातामाटे |
| ३ | जीवनपुर | ५, ६, ७ | रमाईलो चौर |
| ४ | जीवनपुर | १, २, ३, ४ | जीवनपुर भञ्ज्याङ |
| ५ | जीवनपुर | ८ र ९ | अमलेचौर |
| ६ | नौविसे | १ र ९ | गौचरन |
| ७ | नौविसे | ७ र ८ | खानीखोला |
| ८ | नौविसे | २ र ६ | खानीखोला |
| ९ | नौविसे | ३, ४ र ५ | टायलघर नयाँवस्ती |

**स्रोतः नेपाल राजपत्र**

### १.१.५ भू–धरातल

भू-सुचना प्रणाली (GIS) अनुसार यस नगरपालिकाको भु–धरातललाई विभाजन गर्दा ५ डिग्री सम्म भिरालोपना भएको ५.०२ प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको १५.४४ प्रतिशत र १५ डिग्री देखि ३० डिग्रीसम्म ४३.०२ रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**भिरालोपना तथा यसले ढाकेको क्षेत्र**

| क्र.स. | भिरालोपना (Slope) | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्रि सम्म | ४.९५ | ५.०२ |
| २ | ५ डिग्रिदेखि १५ डिग्रि | १५.२३ | १५.४४ |
| ३ | १५ डिग्रि देखि ३० डिग्रि | ४२.४३ | ४३.०२ |
| ४ | ३० डिग्रि देखि ४५ डिग्रि | ३१.७८ | ३२.२२ |
| ५ | ४५ डिग्रि माथि | ४.२५ | ४.३१ |
| | जम्मा | ९८.६४ | |

**स्रोतः भू-सुचना प्रणाली (GIS)**

### १.१.६ भु–उपयोगको बिवरण

भू-सुचना प्रणाली (GIS) को आधारमा यस नगरपालिकाको भू-उपयोगलाई वर्गीकरण गर्दा वनजगंलले ढाकेको जमिन ११.९८ प्रतिशत, कृषियोग्य जमिन ६२.३२ प्रतिशत र चट्टानको क्षेत्र ०.११ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**भु–उपयोगको बिविधिकरण**

| क्र.स. | भु–उपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | वनजगंलले ढाकेको जमिन | ११.८२ | ११.९८ |
| २ | कृषियोग्य जमिन | ६१.४८ | ६२.३२ |
| ३ | चट्टान | ०.११ | ०.११ |
| ४ | पानीको भाग | ०.४ | ०.०० |
| ५ | अन्य | २५२३.०७ | २५.५८ |
| | जम्मा | ९८.६४ | |

**स्रोतः भू–सुचना प्रणाली (GIS)**

### १.१.७ जनसांख्यिक बिवरण

केन्द्रिय तथ्यांक विभागको राष्ट्रिय जनगणना, २०६८ अनुसार धुनिवेशी नगरपालिकाको जनसांख्यिक अवस्थामा जम्मा ६,७५९ घरधुरी रहेको नगरपालिकामा पुरुषको सङ्ख्या १५,१९७ र महिलाको सङ्ख्या १५,८३२ गरी जम्मा जनसङ्ख्या ३१,०२९ रहेको छ। हाल नगरपालिकाले जिपिएस लोकेशन सहितको अनलाईन सूचना संकलन गरी वेवमा आधारित डाईनामिक प्रोफाईल तयार पारेको छ। जसमध्ये हाल जम्मा ६,८२७ घरधुरी रहेको नगरपालिकामा पुरुषको संख्या १८,२३८ र महिलाको संख्या १७,८१२ गरी कुल जनसंख्या ३६,०५४ रहेको छ। यसको थप विवरण देहायको तालिकामा देखाइएको छ।

**जनसांख्यिक विवरण**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा जनसंख्या | जम्मा क्षेत्रफल (प्रतिवर्ग कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|
| १ | ८६५ | २३४४ | २४०६ | ४७५० | १५.९१ | २३६.२१ |
| २ | ६२६ | १५८८ | १६३६ | ३२२४ | १३.०२ | ३०१.६२ |
| ३ | ८४२ | २०७४ | २०५१ | ४१२५ | ७.८६ | ३८८.३९ |
| ४ | ५३४ | १३६१ | १३६९ | २७३० | ६.३५ | ४०२.५१ |
| ५ | ६६४ | १७३५ | १६९९ | ३४३४ | १२.३९ | २५६.९७ |
| ६ | ४७६ | १३६९ | १३७७ | २७४६ | ११.५३ | २५७.९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ९३३ | २६८० | २३७७ | ५०५७ | १६.०५ | २५७.२ |
| ८ | ८०७ | २१२३ | १९४२ | ४०६५ | ६.३५ | ५३१.५३ |
| ९ | १०८० | २९६४ | २९५९ | ५९२३ | ९.१९ | ४४३.५७ |
| **जम्मा** | **६८२७** | **१८२३८** | **१७८१६** | **३६०५४** | **९८.६४** | |

**स्रोतः डिजिटल नगर प्रोफाईल**

## १.२ आ.व.२०७६।०७७ को विषयगत शाखाहरूको प्रगति विवरणः-

### १. भौतिक पुर्वाधार

यस धुनिवेशी नगरपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरि कार्यालयले तयार पारेको नगर यातायात गुरुयोजना अनुसार यस नगरपालिकामा जम्मा २०४ वटा सडकहरु रहेका छन् जसमा २ वटा राष्ट्रिय राजमार्ग (पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ), १ वटा फिडर सडक (धार्के-सितापाइला सडक) र १ वटा जिल्ला सडक (भिमढुंगा-लामिडाँडा-गल्छी सडक) रहेको छ । जस अनुरुप रास्ट्रिय राजमार्गको मापदण्ड ५० मिटर, फिडर सडकको ३० मिटर र जिल्ला सडकको २० मिटर रहेको छ भने अन्य बाटोको मापदण्ड नगर यातायात गुरुयोजना अनुसार छ ।कालोपत्रे सडकमा पृथ्वी राजमार्ग ३.७९ कि.मि. र त्रिभुवन राजपथ करिब १६.८४ कि.मि. रहेको छ भने भिमढुंगा लामिडाँडा गल्छी सडक खण्डको करिब १६.६६ कि.मि. मा लगभग ६.८ कि.मि. ओटा सिल (Otta Seal) र बाँकी भागमा ग्रावेल रहेको छ। वैकल्पिक राष्ट्रिय राजमार्गको रुपमा रहेको धार्के-सितापाइला सडक प्रयोग गर्न मिल्ने गरि ग्रावेल भएको अवस्थामा छ ।त्यस्तै गरि वाडभञ्ज्याङ-काफलचौर-सेतिदेवी सडक, धार्के-सुवारा-कोल्पु सडक, खिलबुजा-भञ्ज्याङपोखरी-महेशफाँट सडक, हेल्थपोस्ट-बाह्रबिसे-तोप्लाँङ-मजुवा-लिखु सडक, पिपलामोड-महेशफाँट-कोल्पु सडक, डाँडाडी-बडारेचौर-ठुलिबेसी-जीवनपुर-कोल्पु सडक, टायलघर-बद्रिटार-जीवनपुर सडक, सिरानचौर-आँपचौर सडक, खानीखोला-गणेशमार्ग-सिक्रेखोला सडक, नौबिसे-दोभान-लिखु सडक, धार्के-चालिसे-बानियाटार सडक, जुगेडी-निशाकोट-झ्याप्लेखोला सडक, बागवानी-धार्के सडक, दमाहाढुंगा-कोल्पु सडक जस्ता धैरे सडकहरु मुख्य सडकमा पर्दछन्।

#### क) सडक

सडक तर्फ नयाँ ट्र्याक खन्ने काम १४.८ किलोमिटर खनिसकेको अवस्था छ।जस तर्फ थुम्की-दमदमे-नारायणथान सडक, सानोगाउँ-ककरे-ओडारे-दमदमे मार्ग, चिलाउनेगाउँ सार्कीटार सडक, बृद्धा बिश्रामस्थल सडक, कात्तिकेचौर-पशुपतिटार सडक, पासांगखेल-माथिल्लोबाह्रविसे-खावा-मजुवा सडक, दोभान-माथिल्लो दोभान-लिखु आदि सडक खण्ड पर्दछन।त्यस्तै सडक चौडाई गर्ने कार्यतर्फ १८.७८ किलोमिटर सम्पन्न भएको छ ।जस तर्फ भञ्ज्याङपोखरी-ओडारे-थुम्की सडक, थुम्की-दमाहाढुंगा-कात्तिकेखोला सडक, जीवनपुर-गौतमचोक-तल्लोमगरगाउँ सडक, अमलेचौर-गहते-तेर्सेपानी सडक, खत्थोक-काफलचौर सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-झाँक्रीवन सडक आदि पर्दछन्।

ग्राभेल गर्ने कार्य ३४.२ कि.मि. सम्पन्न भएको छ जस तर्फ चौधारमोड-वरावोट-डीगाउँ सडक, डाडागाउँ-

बच्छलादेवि-पिपलचौर सडक, भञ्ज्याङपोखरी-ओडारे-थुम्की सडक, लामागाउ-सार्कीटार सडक, सिरानचौर-मेले-भदौरे-कर्केले सडक, डुम्रेचौर-किटिनी-बागाखोर सडक, गैरीगाउँ-सुहानागाउँ सडक, जीवनपुर-गौतमचोक-तल्लो मगरगाउँ-कोल्पुखोला सडक, दमाहाढुंगा-कात्तिके-कोल्पुखोला सडक, दमाहाढुंगा-आँपघारी-कोल्पूखोला सडक, स्टोरमोड-छापगाउँ-कोल्पूखोला सडक, अमलेचौर-गहते-तेर्सेपानी सडक, दोभानखोला-खानीगाउँ-काफलचौर सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-झाक्रीवन, कुवापानी-कल्याणटार-कान्ले सडक आदि पर्दछन्।

धुनिवेशी नगरको खानीखोला-गणेशमार्ग सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-झाक्रीवन सडक, चालिसे-बानियाटार सडक खण्डगरि जम्मा २६६मिटर बाटो ढलान कार्य सम्पन्न भएको छासाथै विभिन्न सडकहरुमा १५०० मिटर पक्कि नाला र ३० किलोमिटर कच्ची नाला निर्माण सम्पन्न भएको छ।

नगरका विभिन्न सडकमा ग्याबिन जाली भर्ने कार्य ६०९ वटा सम्पन्न भएको छ, ह्युम पाइप बिच्छ्याउने कार्य विभिन्न सडकमा ४९५ मिटर, ढुंगा सोलिंग कार्य २६० मिटर, आर.सि.सि. वाल २२ मिटर, ढुङ्गाको पर्खाल २१५ मिटर लगाउने कार्य सम्पन्न भएका छन्।

## ख) खानेपानी तर्फ

खानेपानी तर्फ ४ वटा खानेपानी योजनाको DPR तयार भएको छ। खानेपानीको मुहान तर्फ विभिन्न वडामा ९ वटा इन्टेक र १ वटा कलेक्सन च्याम्बर निर्माण भईसकेको अवस्था छ भने, जी.आई. र एच.डी.पि. पाइप ३६.०० कि.मि. विछयाउने कार्य सकिएको छात्यस्तै फेरो सिमेन्ट ट्यांकी (घ्याम्पे ट्यांकी) २ वटा निर्माण भईसकेको छ जसमा पातलेपानी-थुम्की-नयाँगाउँ खानेपानी, कान्ले भदौरे पिपलडाँडा खानेपानी योजनाहरु पर्दछन।

धुनिवेशी नगरपालिकाको विभिन्न खानेपानी योजनामा आर.सी.सी ढलान ट्यांकी १२ वटा गरि जम्मा ५ लाख ५ हजार लिटर ट्यांकी निर्माण सम्पन्न भएको छ जसमा हावाघर-उप्रेतीगाउँ-मगरगाउँ खानेपानी, कुखुरे मंगले डिप बोरिंग खानेपानी, पात्लेपानी थुम्की नयाँगाउँ खानेपानी, कोटकालिका डिप बोरिङ, मासडाँडा खानेपानी योजना, तल्लो बानियाटार खानेपानी, जुगेडी खानेपानी योजना, भोटडाँडा सेडाईगाउँ खानेपानी योजनाहरु पर्दछन।

धुनिवेशी नगरपालिकाको एक घर एक धारो अवधारणा अनुसार विभिन्न वडामा यस आ.व.मा जम्मा ९९० घरमा धारो जडान भएको छ भने अन्य वडा र घरधुरीमा धारो जोड्ने काम जारी छात्यस्तै सार्वजनिक धारा नगरको विभिन्न ठाउँमा गरि जम्मा २ वटा निर्माण भएका छन्।धुनिवेशी नगरपालिकाले विभिन्न उपभोक्ता समिति र टेण्डर मार्फत पानी तान्ने पम्प ४ वटा, हिल ट्यांकी २१००० हजार लिटर खरिद गर्ने काम गरेको छाखानेपानी डिप बोरिंगका योजनाहरुमा विधुतीकरण तर्फ ३० वटा बिजुलीको पोल, ४१०० मिटर तार, मिटर जडान गर्ने कार्य सम्पन्न भएको छ।

## ग) सिंचाई

धुनिवेशी नगरका विभिन्न वडामा सिचाईतर्फ पक्कि ढुंगाको कुलो ६८६ मिटर, आर.सि.सि. कुलो ५० मिटर, आर.सि.सि. वाल १३ मिटर, ग्याबिन जाली भर्ने कार्य १०० थान, ह्युम पाइप बिच्याउने कार्य १०

मिटर, ढुंगा सोलिंग कार्य ३३२ मिटर, र ढुंगाको वाल ७८ मिटर लगाउने कार्य सम्पन्न भएका छन् |

## घ) धार्मिक सम्पदा, विद्यालय, सार्वजनिक भवन

नगरको ६ वटा विद्यालयमा भवन निर्माण, मर्मत, रंगरोगन, फर्निचर, सामान खरिद आदि कार्य सम्पन्न भएको छ जसमा डिल्ली-सावित्री मा.वि.मा घेराबार र ब्लक बिछ्याउने काम, शौचालय निर्माण, बाराही आ.वि.मा गेट र रेलिंगको काम, सेतीदेवि आधारभूत विद्यालयमा झ्यालढोकाको काम, भुवनेश्वोरी मा.वि.मा झ्यालढोका र घेराबारको काम, खैरेनी आधारभूत र नबप्रतिभा आधारभूत विद्यालयमा रंगरोगनको काम आदि पर्दछन्। त्यस्तै धुनिवेशी आदर्श क्याम्पसमा रंगरोगन, झ्यालढोका, गेटको काम र सानाकिसान सहकारी विद्यालयको २ तले भवन निर्माण कार्य सम्पन्न भएका छन्। दुर्गम क्षेत्रमा रहेका विद्यार्थीहरुलाई शिक्षामा पहुँच पुराउने उद्देश्यका साथ मछिन्द्र विद्यालयलाई आवाशीय विद्यालयको रुपमा संचालनका लागि निर्माण कार्य सम्पन्न भएको छ।

त्यसै गरि मन्दिर निर्माण तथा मर्मत कार्य १५ वटा सम्पन्न भएका छन् जस तर्फ महाकाली देवी मन्दिर, वनदेवी मन्दिर, गोरखकाली मन्दिर, डुम्रेचौर दक्षिणकाली मन्दिर, बद्रिटार शिव मन्दिर, कालीदेवी मन्दिर, जलदेवी मन्दिर, सेतीदेवी मन्दिर, नृबेश्वर महादेव मन्दिर, विन्दवासिनी मन्दिर, मच्छिन्द्रनाथ मन्दिर, कोइरालाटार रेग्मी मन्दिर, बाराहीदेवी मन्दिर, सिदेश्वर मन्दिर, चापागाईंथोक मन्दिर आदि पर्दछन्।

धुनिवेशी नगरपालिकाका विभिन्न मठमन्दिर एवं धार्मिक सम्पदाहरुमा १० वटा ट्रस भवन निर्माण भएको छ जस तर्फ नौबिसेघाट संरक्षण तथा पाटि निर्माण, विन्दवासिनी मन्दिरमा ट्रस निर्माण, सिंम्खडा गाउँ क्रियापुत्री भवन, गोरखनाथ ट्रस निर्माण, त्रिकुटेश्वोरी नमुना पाटी निर्माण, देवीस्थान चिहानडाँडा ट्रस निर्माण आदि भएका छन् र लिखु-सखु-चमदनम-घे-झ्याम्पा गुम्बामा ढलानको निर्माण सम्पन्न भएको छ। साथै जीवनपुर ठाँटि सार्वजनिक चौतारो निर्माण सम्पन्न भएको छ|

धुनिवेशी नपाको सार्वजनिक भवन निर्माण तर्फ ६ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन, १ वटा खोपकेन्द्र, १ वटा महिला भवन सम्पन्न भएका छन्|त्यस्तै वडा न. ३ र ९ को वडा कार्यालय भवनको निर्माण कार्य सुरु भएको छ भने वडा न. ८ मा रहेको सुरक्षित आवास घर (सेफ हाउस) को निर्माण कार्य सम्पन्न भएको छ|साथै वडा नं. २ मा वृद्धाबिश्राम स्थलको प्रशासनिक भवनको एक तले भवन निर्माणधिन अवस्थामा छ |

धुनिवेशी नगरपालिका वडा नं. ९ जुगेडीमा धुनिवेशी नगरपालिकाको प्रशासनीक भवन निर्माण कार्यको लागि टेण्डर आव्हान भई सफल बोलपत्रदाता कम्पनि रबिना-अविशा-बिकन जेभीसँग सम्झौता भई काम शुरु भएको अवस्था छ।

## ङ) विविध

खेल मैदानतर्फ ३ वटा योजना सम्पन्न भएका छन् जसमा चालिसे बनियाटार खेल मैदान, बांगेपहिरा खेल मैदान, खपटेचौर खेल मैदान आदि पर्दछन र भुवनेश्वोरी खेलमैदानमा टेण्डर प्रक्रिया मार्फत प्याराफिट निर्माणको काम सुरु भएको अवस्था छ|साथै वडा नं. ५ मा रहेको धुनिवेशी पार्कमा टेण्डर प्रकिया मार्फत कम्पाउण्ड वाल लगाउने लगायतका अन्य काम अन्तिम चरणमा रहेको छ र खर्के डाँडा पिकनिक

स्पोर्टमा घेराबार, सिँडी, पर्खाल लगाउने काम सम्पन्न भएका छन।

यस नगरभित्र वर्षायाममा पैदल यात्रीहरूलाई पैदल हिँड्न सहजताको लागि ६६० मिटर  गोरेटो एवं सिँडी निर्माण कार्य सम्पन्न भएको छ जसमा कोल्पू खोला बाह्रबिसे गोरेटो बाटो सिँडी निर्माण, गौचरन देवीस्थान पैदलमार्ग निर्माण योजना, खड्गटोल गोरेटो बाटो सिँडी निर्माण, नयाँ बस्ती ढाँड गोरेटो, नौबिसे मेला टाकुरा हुदै माझाकुलो सम्म जाने गोरेटो बाटो आदि रहेका छन्।

वन सम्पदा संरक्षण तथा सम्बर्धन कार्यक्रम अनुसार धुनिवेशी नगरपालिका वडा नं. ५ को गहते तोरीखेत सामुदायिक वनमा ७७० वटा कंक्रिट पोल बनाई घेराबार गर्ने काम र कृषि प्रवर्द्धनका लागि सि.एम. डी.पि. लागत साझेदारी कार्यक्रम अन्तर्गत चालिसे बजारमा तरकारी संकलन केन्द्रको ट्रस निर्माण कार्य सम्पन्न भएका छन।

धुनिवेशी नगरपालिका वडा न. ८ मा रहेको इलाका प्रहरी कार्यालयमा स्नान गृह, मेस, ट्रस निर्माण, सि.सि. क्यामेरा जडान कार्य सम्पन्न भएको छ।

बैकल्पिक उर्जा प्रवर्द्धन गर्ने उद्धेश्यका साथ वडा नं. ९ का विभिन्न ५ स्थानमा सोलार बत्ति जडान कार्य सम्पन्न भएको छ।सुचना तथा प्रविधि विकास कार्यक्रम अन्तर्गत वडा नं. ९ क्षेत्र भित्र नि:शुल्क इन्टरनेट सेवा सुबिधा प्रदान गर्ने गराउने कार्य सम्पन्न भएको छ।

जोखिम न्यूनीकरण कार्यक्रम अन्तर्गत धुनिवेशी नगरपालिका भरि करिब ४० घरधुरीलाई पहिरो जोखिम नियन्त्रणको लागि २९० मिटर ढुंगाको पर्खाल लगाउने काम सम्पन्न भएको छ|

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडामा  ढुंगा सोलिंग, ग्याबिन जाली भर्ने, सिँडी निर्माण, गोरेटो बाटो ढलान र पर्खाल लगाउने गर्ने कार्य सम्पन्न भएको छ|

नक्साफाँट तर्फ आ.व. ०७६/७७ मा “वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७६” छैटौ नगर सभाबाट स्वीकृत गरि लागु गरिएको छ र यसै वर्ष नक्सा अभिलेखिकरण, अस्थायी, स्थायी र निर्माण सम्पन्न प्रमाणपत्र सबै गरि ४७ वटा प्रमाण पत्र जारी गरिएको छ|

२. **प्रशासन तथा जिन्सी शाखाबाट भएका कार्यहरू:–**

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा दरवन्दी अनुसारका कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने तर्फ नगर प्रमुख ज्यूको आदेश बमोजिम कर्मचारी व्यवस्थापन गरिएको।
- नगरपालिकाको आन्तरिक स्रोतबाट दमकल खरिद गरी सञ्चालनमा ल्याउने कार्य भएको।
- दमकल संञ्चालनका लागि प्रतिस्पर्धाबाट १ जना दमकल चालक र ३ जना फायरम्यान छनौट गरी निजहरूको लागि सेवाकालिन तालिमको व्यवस्था गरी दक्षत्ता सहित दमकल सेवा सञ्चालनको व्यवस्था मिलाएको।
- नगरपालिकाबाट अनुमती नलिई नक्सापास नगराई घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी अनुमती लिएर मात्र घर निर्माण गर्ने र निर्माण सम्पन्नता लिने कार्यलाई कडाईका साथ लागु गर्न

र नगर क्षेत्रभित्र सञ्चालनमा आएका व्यापार व्यवसायहरू नगरपालिकामा दर्ता भएको छ छैन, नगरपालिकालाई तिर्नु, बुझाउनु पर्ने शुल्क, दस्तुर र जरिवाना भुक्तानी भए नभएको अनुगमन निरीक्षण गरी राजश्व संकलनमा सहयोग गर्ने र नगरपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधि र निर्णयहरू कार्यान्वयन गराउन सहयोग पुऱ्याउने उद्देश्यका साथ नगर गौरवको रुपमा नगरप्रहरीहरू प्रतिस्पर्धाबाट छनोट एंव करार सेवामा भर्ना गरी निजहरूलाई कार्य विवरण अनुसारको काममा लगाएको । हाल नगरपालिकामा न.प्र. सहायक निरीक्षक-१, न.प्र.हवल्दार -१, न.प्र. जवान महिला-३, न.प्र.जवान खुल्ला तर्फ-४ जना गरी जम्मा ९ जना नगर प्रहरी कार्यरत रहेको ।

- ➢ साविक जिवनपुर गा.वि.स क्षेत्र, साविक नौविसे गा.वि.स क्षेत्र र साविक छत्रेदेउराली गा.वि.स क्षेत्र भित्र सर्वसुलभ रुपमा सेवा पुऱ्याउने गरी एक-एक वटा एम्बुलेन्स व्यवस्था गर्ने नीति अनुरुप साविक जिवनपुर गा.वि.स.को लागि भारतिय दुतावासबाट प्राप्त एम्बुलेन्स ४ नं. वडा कार्यालय र जिवनपुर स्वास्थ्य चौकी मातहत रहि सञ्चालन हुने व्यवस्था मिलाई सकेको र साविक नौविसे गा.वि.स. र छत्रेदेउराली गा.वि.स. क्षेत्रमा समेत एम्बुलेन्स सेवा उपलब्ध गराउनका लागि २ वटा एम्बुलेन्स खरिद गर्ने कार्य अन्तिम चरणमा पुगिसकेको हुँदा उक्त एम्बुलेन्स नगरपालिकामा प्राप्त हुनासाथ नौविसे स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकी मातहत रहि १/१ वटा एम्बुलेन्स सञ्चालन हुने गरी सेवा विस्तार र व्यवस्थापन गरिनेछ।

- ➢ कोभिड-१९बाट प्रभावित हुन सक्ने सम्भावना भएका व्यक्तिहरूलाई निगरानीमा राखि आवश्यकता अनुसार औषधी उपचारको व्यवस्था मिलाउन धुनिवेशी नगरपालिका अर्न्तगतको चार ठाउँमा क्वारेन्टिन स्थल निर्माण र व्यवस्थापन गर्ने भनि नगरकार्यपालिकाको बैठकबाट निर्णय भएअनुसार तपसिल बमोजिमको स्थानमा ५२ बेड क्षमताको क्वारेन्टिन स्थलको निमार्ण र व्यवस्थापनको कार्य भएको।

  <u>तपसिल</u>

  १. वडा नं. ७ स्थित मच्छिन्द्र मा.वि. खानिखोला।
  २. वडा नं ९ स्थित मजुवा कानाकोट स्वास्थ्य केन्द्र सामुदायिक भवन।
  ३. वडा नं. ५ स्थित शारदा आ.वि.भवन।
  ४. वडा नं. २ स्थित नारायण आ.वि भवन।

- ➢ जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहणको प्रक्रियाबाट वृद्ध, वृद्धाश्रम भवन निर्माणको लागि २ नं. वडा क्षेत्र अर्न्तगत रातमाटेमा १ रोपनी जग्गा र नगरपालिकाको प्रशासनिक भवन निमार्णका लागि साविक नौविसे वडा नं. ४ जुगेडीमा ८ रोपनी जग्गा अधिग्रहणको प्रक्रियाबाट मुआब्जा रकम उपलब्ध गराई जग्गा प्राप्ति गरिएको।

- ➢ वृद्ध, वृद्धा विश्राम भवन निर्माणको लागि भवन शिलान्यासको कार्य भई भवन निर्माण सम्पन्न हुने क्रममा रहेको।

- ➢ नगरपालिकाको प्रशासनीक भवन निर्माणको लागि टेन्डर प्रक्रिया सम्पन्न भई भवन शिलान्यासको चरणमा पुगेको।

- वडा.नं १, ३, ५, ६ र ९ मा वडा स्तरीय स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भईसकेको र ८ नं. वडा स्तरीय स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न हुने क्रममा रहेको ।
- ९ ओटै वडा कार्यालयहरूमा इन्टरनेट सेवा जडान गरी सि.सि क्यामेरा र व्याकअप व्याट्रिको व्यवस्था गरिएको ।
- नौविसे स्वास्थ्य चौकी, जीवनपुर स्वास्थ्य चौकी, छत्रेदेउराली, स्वास्थ्य चौकी र नगरकार्यपालिका कार्यालयमा सि.सि क्यामेरा र व्याट्रि व्याकअप जडान कार्य सम्पन्न भएको ।
- न्यायिक समितिको इजलास निर्माणको कार्य सम्पन्न गरी उक्त इजलासबाट नै न्यायिक निरुपणको कार्य हुदैं आएको ।
- न्यायिक समितिको इजलास, पूर्वाधार विकास शाखा, महिला तथा बालवालिका शाखा, सहकारी शाखा, नगरप्रहरी, सर्भे तथा नापी शाखा र सामि परियोजनाका कर्मचारी व्यवस्थापन गर्न थप भवन भाडामा लिई सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्य सम्पन्न गरिएको ।
- वडा नं. ९ खत्रीथोक स्थित कुवापानी आधारभुत विद्यालयलाई मर्मत संभार गरी ५०-६० बेड क्षमताको व्यवस्थित क्वारेन्टिन स्थल र आइसोलेसन केन्द्र निर्माणको तयारी गर्ने कार्य भई रहेको ।
- कोरोना भाइरस (कोभिड-१९) को संक्रमण महामारीका रुपमा बढन सक्ने उच्च संभावना देखिएको कारण नेपाल सरकारले मिति २०७६/१२/११ देखि लकडाउन घोषणा गरेकोमा लकडाउन परिपालनाको लागि नगर प्रमुख श्री बालकृष्ण आर्चायज्यूको नेतृत्वमा जनचेतना मूलक सन्देश प्रवाह गरी संक्रमण रोकथाम, नियन्त्रण, निगरानी र जोखिम न्यूनिकरणका लागि व्यापक रुपमा प्रचार प्रसार गर्ने कार्य गरिएको ।
- नेपाल सरकारले घोषणा गरेको लकडाउन कार्यान्वयन गर्ने गराउने कार्यबाट दैनिक रुपमा छाक टार्न नसक्ने भई विछिप्त भएका यस नगरक्षेत्रमा बसोवास गर्ने व्यक्ति र परिवारलाई नगर कार्यपालिका र विपद व्यवस्थापन समितिको निर्णय अनुसार तपसिल बमोजिम राहत सामग्रीको प्याकेज वनाई वडा कार्यालय मार्फत वितरण गरिएको ।

| सि.न | सामग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | चामल | २५ के.जि | ५ जना वा सो भन्दा बढी परिवार संख्या भएकालाई |
| २ | चामल | २० के.जि | ४ जना सम्म परिवार संख्या भएकालाई |
| ३ | तेल | १ लिटर | सवै प्याकेजमा |
| ४ | दाल | ३ के.जि | सवै प्याकेजमा |
| ५ | सावुन | २ ओटा | सवै प्याकेजमा |
| ६ | नुन | १ प्याकेट | सवै प्याकेजमा |

नगर प्रमुख श्री बालकृष्ण आचार्य र नगर उपप्रमुख श्री निरु खरेल ज्यूको सल्लाह, सुझाव, मार्गदर्शन र सक्रियतामा लकडाउन कार्यान्वयन गर्ने गराउने क्रममा बन्दाबन्दीमा परेका यस नगरक्षेत्रमा

सञ्चालित उद्योग एवम् व्यवसायमा कार्यरत मजदुरहरूलाई निजहरूको घर सम्म जाने र अन्यत्रै स्थानमा कार्यरत यस नगरक्षेत्रका बासिन्दाहरूलाई उक्त स्थानबाट नगरक्षेत्रमा ल्याउने र निजहरूको व्यवस्थापन गर्ने कार्य प्रभावकारी ढंङ्गबाट सम्पन्न गरिएको ।

- रोजगारीको सिलसिलामा अन्य मूलुकमा गई लकडाउनको अवस्थामा नै नेपाल फर्किएका नगरवासीहरू मध्ये कोभिड-१९ का आशंका भएका व्यक्तिहरूको रेखदेख चेक जाँच र औषधी उपचारको व्यवस्था गर्न नगरक्षेत्र भित्र ४ स्थानमा क्वारेन्टिन स्थलको व्यवस्था गरिएकोमा मच्छिन्द्र मा.वि खानिखोलाको क्वारेन्टिन स्थलमा मिति २०७७/०१/१२ देखि पटक पटक गरि ५२ जना व्यक्तिहरूलाई १४ दिन सम्म क्वारेन्टिनमा राखी निजहरूलाई खाना, खाजा, बास र औषधी उपचार सहित व्यस्थापनको कार्य गरिएको

- नेपाल सरकारद्धारा घोषणा भएको बन्दावन्दी (लकडाउन) कार्यान्वयनको क्रममा रोजगारी गुमाई अस्तव्यस्त हुन पुगेका र गरिवीका रेखामुनी रही दैनिक रुपमा छाकटार्न नसक्ने भई समस्यामा परेका यस नगरक्षेत्रमा वसोवास गर्ने व्यक्ति र परिवारका लागि नगरपालिकाबाट राहत स्वरुप मिति २०७७ साल आषाढ मसान्त सम्म वितरण गरिएको खाद्यसामग्रीको विवरण र खर्च रकम तपसिल बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| **राहत सामग्री प्राप्त गर्ने व्यक्ति वा परिवार सङ्ख्या** | – | **३२९८ जना** |
| राहत स्वरुप वितरण गरिएको चामल | - | ५११७५ के.जि |
| * नुन | - | ३०३२ के.जि |
| * दाल | - | २२३२ के.जि |
| * तेल | - | ६९२ लिटर |
| * सावुन | - | १२९२ वटा |
| राहत सामग्री खरिद गर्दा भएको खर्च रकम | = | रु. २७,०५,४१२।- |

- नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र वडा आधारभुत स्वास्थ्य केन्द्रको व्यवस्थापन गर्ने क्रममा माग, आवश्यकता, औचित्यता र क्षमताको आधारमा जिन्सी सामानहरू खरिद गरी कार्यालय व्यवस्थापन सहित सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त, दुरुस्त बनाउने कार्य गरिएको ।

- नापी/सर्भे शाखालाई स्रोत साधन सम्पन्न गराई जग्गा नाप जाँच सम्बन्धी कार्यलाई, छिटो, छरितो, सरल, सहज र व्यवस्थित गर्ने उद्धेश्यका साथ नापी सम्बन्धी उपकरण Auto Level Machine र Total Station सहितको सामाग्री खरिद गरी, जग्गा, नाप, जाँच, सर्भे सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्य गरिएको ।

- पुर्वाधार विकास शाखालाई स्रोत साधन सम्पन्न बनाई पूर्वाधार निर्माण, विकास निर्माण सम्बन्धी कार्य एवं योजनाहरूको अनुगमन, मूल्यांकन, निरिक्षण, फरफारक र योजना सञ्चालन सम्बन्धी कार्यहरू छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी एवं पारदर्शी ढंगबाट सहज रुपमा सम्पन्न गराउन सकियोस्, प्राविधिक कर्मचारीहरूको पहुँच सहजहोस् भन्ने उद्धेश्यका साथ सवारी साधन

(मोटरसाइकल) ६ थान खरिद गरी प्राविधिक कर्मचारीहरूलाई उपलब्ध गराइएको ।

➢ विश्वव्यापी महामारीका रुपमा फैलिँदै गएको कोभिड-१९ को प्रभाव र संक्रमणको दर नेपालमा समेत फैलँदै गएको र महामारीका रुपमा समुदायमा समेत फैलन सक्ने उच्च सम्भावना बढ्दै गएको परिस्थितिमा कोभिड-१९ को प्रभाव र संक्रमणको दरलाई न्यूनिकरण गरी जोखिमयूक्त काममा खटिनुपर्ने स्वास्थ्यकर्मी र नगरक्षेत्रमा बसोबास गर्ने न्यून आय भएका, गरिवीको रेखामुनी रहेका र दैनिक रुपमा छाक टार्न नसक्ने अवस्थामा पुगेका अपाङ्ग, अशक्त र भोकमरीमा पर्ने अवस्थामा पुगेका व्यक्ति एवं परिवारलाई एकद्धार प्रणाली अर्न्तगत नगरपालिका मार्फत राहत सामाग्री उपलब्ध गराउने उद्धेश्यका साथ दाताहरूबाट प्राप्त तपसिल बमोजिमको स्वास्थ्यसँग सम्बन्धित सुरक्षा समाग्री र खाद्यन्न राहत सामाग्रीहरूलाई आवश्यकता र औचित्यका आधारमा नगरपालिका र वडाकार्यालयहरू मार्फत  वितरण गरिएको ।

**तपसिलः–**

मिति २०७७ श्रावण मसान्तसम्म विभिन्न दातृ निकाय तथा दाताहरूबाट प्राप्त भएको स्वास्थ्य सामाग्रीहरूको एकमुष्ट विवरण

| सि.नं. | विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १ | सेनिटाइजर १०० एम.एल | ५३० | पिस | |
| २ | सेनिटाइजर | २७.५ | लिटर | |
| ३ | ग्लोभ्स | २६ | बट्टा | |
| ४ | एन ९५ माक्स | ८ | थान | |
| ५ | पि.पि.ई. | ५७ | सेट | |
| ६ | सर्जिकल माक्स | ४३५० | पिस | |
| ७ | टेवुल | १ | थान | |
| ८ | कुर्सी | ४ | थान | |
| ९ | टेन्ट | १ | थान | |
| १० | कम्वल | १४ | थान | |
| ११ | बाल्टिन | ५ | थान | |
| १२ | जग | ५ | थान | |
| १३ | थर्मल गन | ६ | पिस | |
| १४ | माक्स (घरेलु उत्पादन) | २५० | थान | |
| १५ | डिस्पोजेवल क्याप | ३०० | पिस | |
| १६ | ज्याकेट रिफ्लेक्टिभ स्लिभलेस | २ | सेट | |

| | | | | |
|---|---|---|---|---|
| १७ | गगल्स | २ | थान | |
| १८ | बुट | ५ | जोर | |
| १९ | अटोमेटिक स्प्रे मेसिन | १ | थान | |
| २० | स्टेण्ड र ड्रम सहितको हातधुने स्टेशन | १ | सेट | |
| २१ | डिटोल साबुन | ७५ | पिस | |

माथि उल्लेखित विवरणहरू विभिन्न समयमा नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, कृषि, स्वास्थ्य शाखाहरूमा हस्तान्तरण भई खर्च भइरहेको छ।

मिति २०७७ श्रावण मसान्तसम्म विभिन्न दातृ निकाय तथा दाताहरूबाट प्राप्त भएको नगदी तथा जिन्सी सामाग्रीहरूको एकमुष्ट विवरण

| क्र. सं. | प्राप्त नगद रकम | चामल ३० के.जि को प्याकेट | चामल २५ के.जि को प्याकेट | सो तेल लि./बाक्सा | नुन प्याकेट | चिनी के.जी. | साबुन लाइफ ब्वाई | मुसुरो दाल के.जि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११३७५०५ | २५६ | ८५ | ३७९ | ३७० | १०० | ४८३ | ६०० | |

माथि उल्लेखित विवरणहरू विभिन्न समयमा नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू मार्फत नगरक्षेत्रमा बसोबास गर्ने न्यून आय भएका, गरिवीको रेखामुनी रहेका र दैनिक रुपमा छाक टार्न नसक्ने अवस्थामा पुगेका अपाङ्ग, अशक्त र भोकमरीमा पर्ने अवस्थामा पुगेका व्यक्ति एवं परिवारहरूलाई एकद्धार प्रणाली अन्र्तगत नगरपालिका मार्फत राहत सामाग्री उपलब्ध गराइएकोछ।

३. **योजना शाखा तर्फः–**

आ.व. २०७६/०७७ मा सम्पन्न पाँचौं तथा छैटौं नगर सभाबाट स्वीकृत योजना बजेट र कार्यक्रम अनुसार विभिन्न शिर्षकहरूबाट खर्च हुने गरी तपसिलमा उल्लेख भए अनुसारका योजना र कार्यक्रमहरू निर्माण सम्पन्न भई योजनाको रकम भुक्तानी गरिएको।

**वडा नं. १ मा सम्पन्न भएका योजनाको विवरण :–**

- सडक योजना - १४ वटा
- सिँचाई योजना - २ वटा
- खानेपानी योजना - ६ वटा
- विविध - २ वटा
- घाट निर्माण - १ वटा
- मन्दिर - १ वटा
- भजन किर्तन सामग्री - १ वटा
- खोप केन्द्र - १ वटा
- महिला लक्षित कार्यक्रम १ को स्वीकृत रकमबाट वडा नं.१ का १ देखि ५ कक्षा सम्मका विद्यार्थीलाई झोला र ट्र्याक्सुट वितरण भएको जानकारी प्राप्त भएको।

- पाटि निर्माण - १ वटा
- क्रियापुत्रि भवन निर्माण - १ वटा
- महेन्द्रोदय मा.वि मा रेलिङ्ग, भऱ्याङ्ग निर्माण - १ वटा

**जम्मा – ३२ वटा**

**<u>वडा नं. २ मा सम्पन्न भएका योजनाको विवरण :–</u>**

- सडक योजना - ९ वटा
- खानेपानी योजना - ७ वटा
  - ठूलो धारा खत्री गाउँ खानेपानी योजना क्रमागत
  - कुखुरे चौर मङ्गले डिपवोरिङ्ग खानेपानी योजना क्रमागत
- वडा कार्यालय मर्मत - १ वटा
- अन्य विकास कार्यक्रम - १ वटा
- महिला भवन - १ वटा
- वृद्धा आश्रम - १ (ठेक्का प्रक्रियाबाट निर्माण हुँदै)
- ट्र्याक्टर खरीद - १ वटा
- सिचाँई योजना - २ वटा
- खेलमैदान योजना - २ वटा
- मन्दिर निर्माण - १ वटा
- मरनघाट निर्माण - १ वटा
- विपद कोषबाट पर्खाल लगाउने योजना - १ वटा
- साना किसान विद्यालय योजना - १ वटा (संसद कोषबाट)
- साना किसान शौचालय - १ वटा (लागत साझेदारी)
- सिरन्चौर डिपवोरिङ्ग खानेपानी योजना (ठेक्का प्रक्रिया)

**जम्मा – ३० वटा**

**<u>वडा नं. ३ मा सम्पन्न भएका योजनाको विवरण :–</u>**

- सडक योजना - ९ वटा
- कूलो सिचाँई - १ वटा
- खानेपानी योजना - ३ वटा
  - पात्लेपानी थुम्की नयाँ गाउँ खानेपानी योजना क्रमागत योजना
  - भोटडाडाँ सेडाईं गाउँ खानेपानी योजना क्रमागत
- ट्रृष्ट पार्टी निमार्ण - ५ वटा

- विद्यालय फर्निचर तथा घेरावार - ३ वटा
- मन्दिर निर्माण - २ वटा
- पूर्वाधार विकास - १ वटा
- तटवन्ध निर्माण - १ वटा
- गुम्वा निर्माण - १ (स्वीकृत रकमबाट बुद्ध मुर्ति खरीद गरी स्थापना गरेको जानकारी)
- महिला बालबालिका अपाङ्ग सम्वन्धि - १ वटा

**जम्मा – २७ वटा**

**<u>वडा नं. ४ मा सम्पन्न भएका योजनाको विवरण :–</u>**

- सडक योजना - १० वटा
- खानेपानी - ३ वटा
    - कोटकीकालीका डिपबोरिङ्ग खानेपानी योजना क्रमागत
- पूर्वाधार विकास - १ वटा
- मन्दिर निर्माण योजना - १ वटा
- विद्यालय भैतिक निर्माण सुधार योजना - ५ वटा
- आई.सि.टि. ल्याव - १ वटा
- चौतारा निर्माण योजना - १ वटा
- विपद् पहिरो रोकथाम योजना - १ वटा
- कोल्पुखोला बाह्रविसे सिचाँई आयोजना - १ वटा

**जम्मा – २४ वटा**

**<u>वडा नं. ५ मा सम्पन्न भएका योजनाको विवरण :–</u>**

- सडक योजना - ६ वटा
- खानेपानी योजना - ७ वटा
    - नेवार गाउँ डिपवोरिङ्ग खानेपानी योजना समेत
- सिचाँई - ३ वटा
    - मालटारी सिचाँई आयोजना सम्झौता हुन नआएको
- महिला भवन झ्याल ढोका निर्माण योजना - १ वटा
- मन्दिर निर्माण योजना - ३ वटा
    - शिव मन्दिर - १ वटा
    - गोरखनाथ मन्दिर सुधार १, गोरखनाथ मन्दिर गेट कम्पाउण्ड निर्माण - १

- विद्यालय भैतिक सुधार योजना - ३ वटा
- पुल निर्माण योजना - २ वटा
  - फलामे पुल ५, ८ र ९ वडालाई जोड्ने योजना १ निर्माण
  - धारे खोला पुल निर्माण १ (ठेक्का प्रक्रिया)
- नेवार गाउँ डिपबोरीङ्ग तार पोल निर्माण योजना - १ वटा
- सामुदायीक वन संरक्षण - १ वटा
- विपद व्यवस्थापन पर्खाल लगाउने - १ वटा
- प्रधानमन्त्री योजना अन्तर्गत कुमाई खोला धाराचौर सडक सुधार योजना - १ वटा

**जम्मा – २९ वटा**

**<u>वडा नं. ६ मा सम्पन्न भएका योजनाको विवरण :–</u>**

- सडक योजना - ६ वटा
  - कालीदेवी खत्री टोल सडक योजना र बानीयाँटार सडक योजना सम्झौता हुन नसकेको
- चेपाङ वस्ती संरक्षण - १ वटा
- पैदल मार्ग निर्माण (प्रधानमन्त्री रोजगार कार्यक्रमबाट) - १ वटा
  - गौचरण कालीदेवी पैदल मार्ग - १ वटा
  - गोरेटो बाटो निर्माण - १ वटा
- खानेपानी - ५ वटा (डिपबोरीङ्ग २)
- सिचाँई - १ वटा
- विपद - १ वटा
- नौविसे घाट पाटी निर्माण - १ वटा
- चिहानडाँडा ट्रष्ट निर्माण - १ वटा
- चालिसे तरकारी बजार निर्माण - १ वटा
- खेलकुद मैदान - १ वटा
- यूवा खेलकूद तर्फको योजना - १ वटा
- महिला सामुदायिक भवन शौचालय सुधार - १ वटा
- विविध - १ वटा
- नयाँ वस्तीमा ह्यूम पाइप राख्ने योजना - १ वटा सम्भौता हुन नसकेको)
- धार्के चालिसे कूलो सम्झौता हुन नआएको - १ वटा

**जम्मा – २६ वटा**

**वडा नं. ७ मा सम्पन्न भएका योजनाको विवरण :–**

- सडक योजना - २२ वटा
  - पाँच ओटा गोरेटो बाटो समेत
- खानेपानी - ३ वटा
  - गुरुदुम खानेपानी योजना सम्झौता हुन नसकेको
- वडा सुधार योजना - १ वटा
- मन्दिर निर्माण योजना - ६ वटा
  - सिद्धि गणेश मन्दिर सम्झौता हुन नसकेको
- कूलो निर्माण योजना - १ वटा
- गुम्वा निर्माण योजना - १ वटा
- सामुदायिक भवन - १ वटा
- विपद् जोखिम पहिरो - १ वटा
- विद्यालय शौचालय निर्माण योजना - १ वटा
- मच्छिन्द्र मा.वि को सभा हल निर्माण - १ वटा
- क्लव निर्माण योजना - १ वटा
- चिसापानी बहुउद्देश्य खानेपानी योजना क्रमागत - १ वटा
- तोपलाङ्ग बहुउद्देश्य खानेपानी योजना क्रमागत - १ वटा

**जम्मा – ४१ वटा**

**वडा नं. ८ मा सम्पन्न भएका योजनाको विवरण :–**

- सडक योजना - ११ वटा
- विविध - १ वटा
- यूवा क्लव - १ वटा

कूलो - ३ वटा

- खानेपानी योजना - २ वटा
- मन्दिर निर्माण योजना - ६ वटा
- सिंचाईं योजना - १ वटा
- विपद व्यवस्थापन योजना - १ वटा
- महिला सहकारी संस्था लि. भवन - १ वटा
- पिकनिक स्पोर्ट खर्केडाँडा निर्माण - १ वटा
- विद्यालय पर्खाल निर्माण - १ वटा

**जम्मा – २९ वटा**

**<u>वडा नं. ९ मा सम्पन्न भएका योजनाको विवरण :-</u>**

- सडक योजना - ६ वटा
- खानेपानी योजना - ६ वटा
- कूलो निर्माण योजना - २ वटा
  - गैवारे कूलो सिंचाई योजना सम्झौता हुन नसकेको
- मन्दिर निर्माण योजना - ६ वटा
- इन्टरनेट सेवा योजना - १ वटा
- सोलार वत्ति योजना - १ वटा
- विपद् व्यवस्थापन योजना - २ वटा
- स्वास्थ्य चौकी मर्मत - १ वटा
- पुल निर्माण योजना - १ वटा
  - डिल्ली सावित्री मा.वि सिक्रेखोला पुल निर्माण योजना सम्झौता हुन नसकेको
- विद्यालय भौतिक सुधार योजना - ५ वटा
- प्रधानमन्त्री रोजगार कार्यक्रम योजना अन्तर्गत पैदल मार्ग - १ वटा
- ग्याविन जाली लगाउने योजना - १ वटा
- खेलकूद निर्माण योजना - १ वटा

जम्मा - ३४ वटा

४. **स्वास्थ्य तर्फ**

यस धुनिबेशी नगरपालिका अन्तर्गत ३ वटा स्वास्थ्य चौकीहरू (नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकी) र ६ वटा आधारभुत स्वास्थ्य केन्द्रहरू रहेका छन् अन्य निजी स्वास्थ्य संस्थाहरूमा शिव दर्शन अस्पताल, छत्रेदेउराली स्वास्थ्य केन्द्र र ९ वटा स्वास्थ्य क्लिनिकहरू रहेका छन् ।

१. आमा सुरक्षा कार्यक्रम अन्तर्गत यस नगर भित्र नयाँ गर्भवती ६०४ जनाले सेवा लिएको र १७७ जनाले सुरक्षित सुत्केरी सेवा प्राप्त गरेका छन् ।

२. खोप सेवा अन्तर्गत ५४० जना २ बर्ष मुनिका बालबालिकाहरूले ११थरीका खोप सेवा प्राप्त गरेका छन् र ४०२ जना गर्भवती महिलाले टि.डि. खोप सेवा प्राप्त गरेका छन् ।

३. परिवार नियोजन सेवा अन्तर्गत लामो तथा छोटो अवधिको अस्थाई साधनहरू २०६६ जनाले प्राप्त गरेका छन् ।

४. नगरभित्र सञ्चालित गाउँघर क्लिनिकवाट १४५५ जनाले सेवा प्राप्त गरेका छन् ।

५. यस नगर भित्रका महिला स्वास्थ्य स्वंयम् सेविकाहरूले ३६६ पटक स्वास्थ्य आमा समुह वैठक वसी ८८३५ जनालाई परामर्श सेवा प्रदान गरेका छन् ।

६. उपचारात्मक सेवा तर्फ ३५,२२४ जनालाई उपचारात्मक सेवा, औषधी तथा परामर्श सेवा प्रदान गरिएको छ जस मध्ये जेष्ठ नागरिक ५,७६३ जनाले सेवा प्राप्त गरेका छन् ।

७. आधारभुत स्वास्थ्य केन्द्र ६ वटा वडामा स्थापना भई सेवा प्रदान भइरहेको र ६ वटै वडामा आफ्नै भवन निर्माण सम्पन्न भइसकेको छ। साथै वडा नं. १ मा खोप केन्द्र भवन निर्माण सम्पन्न भइसकेको हुँदा सेवा उपलब्ध गराउने तयारी गरिएको छ।

८. यस आर्थिक वर्षमा रुवेला दादुरा खोप अभियानमा २,२८० जना बालबालिकाहरूलाई खोप सेवा प्रदान गरिएको तथा ५ वर्षमुनिका बालबालिकाहरू वर्षको २ चरणमा गरी ४,२०४ जनालाई भिटामिन ए र ३,७४९ जनालाई जुकाको औषधि वितरण गरिएको छ।

९. ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तरगत ३०८ जना गर्भवती महिलाहरूलाई अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ।

१०. नगरभित्र ३,०९० जना २ वर्षमुनिका बालबालिकाको पोषण कार्यक्रम अन्तर्गत बृद्धि अनुगमन गरिएको छ।

११. यस नगर भित्र रहेका नौविसे स्वास्थ्य चौकी, जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीहरूमा सञ्चालित प्रयोगशाला वाट २,६४२ जनाले प्रयोगशाला सेवा पाप्त गरेका छन्।

१२. आ.व.२०७६/०७७ मा २ जना आयातित मलेरिया रोगी पत्ता लगाई उपचार गरिएको छ।

१३. कडा रोग लागेका ५४ जना विपन्न नागरिकहरू (मुटु, रोग, मृगौला, क्यान्सर, पारकिन्सन, अल्जाईमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया) लाई आर्थिक सहायता उपलब्ध गराइएको छ।

१४. कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्बन्धि कार्यमा ४ स्थानमा ६२ जनासम्म अटाउने क्वारेन्टिनको व्यवस्था गरिएको र क्वारेन्टिनमा नेपाल लगायत विभिन्न मुलुकवाट आएका ५० जना व्यक्तिहरूलाई राखिएको जसमा ३९ जना पुरुष र ११ जना महिला छन्।

१५. आर.डि.टी. परिक्षण गरिएका जम्मा संख्या १६४ जना मध्ये ३ जना पोजेटिभ अरु सबैजना नेगेटिभ रहेका छन्।

१६. पि.सि.आर. परिक्षण ९ जनाको गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ देखिएको।

१७. कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागी २ वटा Case Investigation and contact Tracing Team गठन गरिएको।

१८. माहामारी तथा प्रकोपजन्य रोग रोकथाम तथा नियन्त्रणको लागी आर.आर.टी. टिम गठन गरिएको।

१९ तालिम कार्यक्रम

क. रोटा खोप शुरुवात र पुर्ण सरसफाई सम्बन्धि सबै स्वास्थ्यकर्मीहरूलाई (३२ जना) तालिम प्रदान गरिएको।

ख. स्तरिय उपचार पद्धती र औषधीको समुचित प्रयोगको वारेमा स्वास्थ्यकर्मी प्रेस्काइवरहरूलाई १५ जना लाई तालिम प्रदान गरिएको।

ग. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड सम्वन्धि स्वास्थ्यकर्मीहरूलाई (१८ जना) तालिम प्रदान गरिएको।

२०.	अन्य नियमित कार्यक्रमहरू यथावत सञ्चालन भईरहेको छ।

५. **महिला विकास शाखा तर्फः–**

१) **लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान**

सावीकका ३ वटा गा. वि.स. (नौविसे, जीवनपुर र छत्रेदेउराली) मा बरिष्ठ अधिवक्ताद्धारा लैंगिक हिंसा सम्बन्धि प्रशिक्षण तथा अभियान कार्यक्रम सम्पन्न गरिएको छ।

२) जेष्ठ नागरिक (७० बर्ष भन्दा माथि) का व्यक्तिहरूका लागि ९ वटै वडा मा जाडो महिनामा न्यानो कपडा (ब्ल्याङकेट) वितरण गर्ने कार्य सम्पन्न भएको छ।

३) सेफ हाउस निर्माण तथा व्यबस्थापनको लागि टेन्डर आव्हान गरी निर्माणको कार्य अगाडी बढाइएको छ।

४) ६० बर्ष पुगेका जेष्ठ नागरिकहरूको लागि जेष्ठ नागरिक कार्ड वितरण कार्य हाल सम्म ६७० जनालाई बितरण गरिएको।

५) जेष्ठ नागरिक मिलन केन्द्र अर्न्तगत बाद्य बाधन सामाग्रि वडा नं ५ मा अवस्थित सद्गुरु गोरखनाथ बाबाको मन्दिर निर्माण समितिलाई हस्तान्तरण गरिएको छ।

६) अपांगता परिचयपत्र बितरणको लागि स्थानिय समन्वय समितिको बैठक बसि संकलित निबेदनको आधारमा ७९ जनालाई अपाङ्गता परिचयपत्र दिने निर्णय गरिएकोमा क वर्ग तर्फ १४ जना, ख वर्ग तर्फ ३० जना, ग वर्ग तर्फ ३ जना र घ वर्ग तर्फ ८ जना गरी जम्मा ५५ जनालाई हाल सम्म अपाङ्गता परिचयपत्र कार्ड वितरण भैसकेको छ।

७) नेपाल सरकार महिला जागृत तथा आय आर्जन कार्यक्रम अर्न्तगत २०५७ को निर्देशिका बमोजिम सर्वोच्च अदालतको निर्णय अनुसार अर्थमन्त्रालयबाट रकमान्तर गरिएको सामाजिक परिचालकलाई प्रोत्साहन स्वरुपको रकम प्रदान गरिएको छ।

८) विश्व अपाङ्ग दिवसको अवसरमा अपाङ्गता दिवस अभियान अपाङ्ग समन्वय समिति मार्फत नगरमा सम्पन्न भएको छ।

६. **पशु सेवा शाखा तर्फः–**

- पशु तथा कृषि विमाको लागि नौ वटै वडाका ५०३ जना कृषकहरूलाई पशु तथा कृषि विमा सम्बन्धि १ दिने अभिमुखीकरण तालिम दिईएको छ।
- कृषकका सबै पशुपन्छीको लागि ५० प्रतिशत विमा अनुदान कार्यक्रम सञ्चालनको सबै प्रक्रिया पुऱ्याई सकिएको छ। लकडाउनका कारण विमा अनुदान कार्यक्रम सञ्चालन गर्न सकिएको छैन। सो कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिईएको छ।
- कृत्रिम गर्भाधान तर्फ ८४५ वटा गाई, ६० वटा भैंसी र ५ वटा बाख्रामा गरि कुल ९१० वटा पशुलाई नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सेवा पुऱ्याईएको छ।
- त्यसैगरी यस अवधिमा ९ वटा पशु स्वास्थ्य तथा बांझोपन निवारण शिविर सम्पन्न भई १५८२ जना लाभग्राहीका १५२८८ वटा पशुपन्छीलाई निःशुल्क औषधोपचार सेवा पुऱ्याईएको छ।

- यस अवधिमा कार्यालयको डिस्पेन्सरी सञ्चालनबाट १८९२ जना सेवाग्राहीका ७२०० गोटा पशुपन्छीको उपचार गरिएको छ भने ९१२ वटा बोकाको बन्ध्याकरण तथा ४४० वटा गोबरको नमुना परिक्षण गरि औषधि वितरण गरिएको छ।
- २७८८२ बाख्रा/भेडामा मा पि.पि.आर. खोप विरुद्धको खोप तथा ११० वटा कुकुरलाई एन्टिरेबिज खोप लगाउने कार्य सम्पन्न भएको छ।
- यस अवधिमा नगरपालिका भित्र स्थापित ४५ वटा विभिन्न किसिमका पशुपन्छी तथा माछा फार्मको अनुगमन गरिएको

७. **शिक्षा तर्फः-**

१. संविधान दिवस तथा शिक्षा दिवसको उपलक्ष्यमा नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत मा.वि तथा नि.मा.वि स्तरीय वक्तृत्वकला प्रतियोगिता, हाजिर जवाफ प्रतियोगिता , निबन्ध लेखन प्रतियोगिता , चित्रकला प्रतियोगिता कार्यक्रम सम्पन्न।

२. एस.इ.इ परीक्षामा उत्कृट नतिजा ल्याउने विद्यालय, विद्यार्थी, शिक्षक र लामो समय सम्म कार्यरत कर्मचारीलाई सम्मान कार्यक्रम सम्पन्न गरियो।

३. धु.न.पा अर्न्तगतका संस्थागत तथा सामुदायिक विद्यालयका मा.वि स्तरका विद्यार्थीवीच नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न।

४. ECD सहजकर्ताको लागि केन्द्रबाट विज्ञ झिकाई २ दिने तालिम सम्पन्न।

५. मागमा आधारित विषयगत तालिम अर्न्तगत गणितको तालिम सम्पन्न।

६. तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई रकम अनुदान।

७. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वितरण।

८. सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी अभावलाई परीपूर्ती गर्न मा.वि तर्फ ५ जना र नि.मा.वि तर्फ २२ जना गरी कुल २७ शिक्षकको व्यवस्थापन गरिएको।

९. विद्यालयमा छात्रा विद्यार्थीहरूको उपस्थितिलाई नियमित गराउन सेनिटरीप्याड वितरण तथा व्यवस्थापन गरियो।

१०. विद्यालयको शैक्षिक सुधारका लागि विद्यालयका प्रधान अध्यापकहरूको नमूना तथा आवासिय विद्यालयको अवलोकन भ्रमण गरिएको।

११. नगरका बालबालिका भौगोलिक विकटता तथा गरिबीका कारणले शिक्षाबाट बञ्चित हुन नपरोस भनि नगरको उपयुक्त स्थानमा आवासिय विद्यालय सञ्चालन प्रक्रिया अगाडी बढाइएको छ।

१२. खेलकुद विकास कार्यक्रम अर्न्तगत नगरस्तरीय फुटबल प्रतियोगिता सम्पन्न।

१३. नगरको शैक्षिक गतिविधिको जानकारी दिने उद्देश्यले शैक्षिक बुलेटिन विकास र प्रकाशन गरिएको।

१४. शिक्षा शाखाको पहलमा निशाकोट आ.वि. तथा बाराही आ.वि. का विद्यार्थीहरूलाई Lions Club of Peace Land Kalanki को सौजन्यमा न्यानो कपडा वितरण गरियो।

८. **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः-**

कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनको विवरण (योजना, कामदार र रोजगार प्रदान गरेको दिन)

| सि. नं. | आयोजनाको नाम | प्रदान गरिएको रोजगार व्यक्तिको संख्या (१) | रोजगार प्राप्त गरेको दिनमा (२) | जम्मा रोजगारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | जुगेडी राईगाउँ गोरेटो बाटो निर्माण | ४० जना<br>(८ जना दक्ष, ३२ जना अदक्ष) | ३३ दिन<br>(जेठ २५ देखी असार २६ सम्म) | ८९२ दिन<br>(दक्ष २१६, अदक्ष ६७६) | १००% |
| २ | नौविसे सल्यानटार पैदल मार्ग निर्माण | १० जना<br>(२ जना दक्ष, ८ जना अदक्ष) | २७ दिन<br>(जेठ २८ देखी असार २३ सम्म) | २४४ दिन<br>(दक्ष ४०, अदक्ष २०४) | १००% |
| ३ | ज्वालामुखी आ.वि. कम्पाउन्ड निर्माण | १९ जना<br>(८ जना दक्ष, ११ जना अदक्ष) | १९दिन<br>(असार १ देखी असार १९ सम्म) | ३१७ दिन<br>(दक्ष ११६, अदक्ष २०१) | ९८.७७% |
| ४ | कुमाईखोला धाराचौर तथा आङ्गेटार सडक ढुंगा जालि | १६ जना<br>(६ जना दक्ष, १० जना अदक्ष) | २७ दिन<br>(असार ३ देखी असार २९ सम्म) | २१४दिन<br>(दक्ष ८२, अदक्ष १३२) | ६४.७८% |
| ५ | नमोवुद्ध तेर्सेपानि सडक मर्मत | ३५ जना (अदक्ष) | ९ दिन (असार ९ देखी असार १७ सम्म) | २७६ दिन | ७७.८२% |
| **जम्मा** | **५ वटा** | **१२० जना** | | **१९४३ दिन** | ९०.३२% |

(कुल प्राप्त अनुदान रु २३०३०००, कुल खर्च रु २०८०२०२)

९. **कृषि शाखा तर्फः-**

| सि.नं | आयोजना | क्रियाकलाप | वजेट | | | लक्ष्य | सम्पन्न | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगर | कृषक | जम्मा | | | |
| १ | हाइटेक प्रविधि विस्तार कार्यक्रम | १. ग्रिन हाउस निमाण | २० लाख | ५ लाख | २५ लाख | २० वटा | धु.न.पा. का. १० जना कृषकले २० वटा निमार्ण सम्पन्न गरिसकेको छ | ७५ प्रतिसत अनुदानमा निमाण गरिएको |
| २ | नमुना कृषि गाँउ कार्यक्रम | नमुना कृषि गाँउको लागी संभाव्यता अध्ययन | २ लाख | | २ लाख | १ वटा | धु.न.पा. ७ चिसापानी, तोप्लाङ, लिखु को संभाव्ता अध्ययन तयारी सम्पन्न | कृषि पत्रकार समाजले संभाव्यता अध्ययन गरेको छ। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मौरी विकाश कार्यक्रम | १. ५० थान मौरीको खाली घार ५० प्रतिसत अनुदानमा वितरण | १ लाख | १ लाख | २ लाख | ५० थान | धुनिवेशी नगरपालिका भित्रका २८ जना कृषकलाई | कृषकको माग अनुसार र वडा कायालयको सिफारिस अनुसार |
| | | २. ५० थान मौरीको गोला सहितको घार ५० प्रतिसत अनुदानमा वितरण | २. २ लाख | २.२ लाख | ४लाख | ५० थान | धुनिवेशी नगरपालिका भित्रका ५० जना कृषकलाई | कृषकको माग अनुसार र वडा कायालयको सिफारिस अनुसार |
| | | ३. मौरी उपकरण औजार वितरण | ३.७५ हजार | | ७५ हजार | २५ थान | धुनिवेशी नगरपालिका भित्रका २५जना कृषकलाई निशुल्क वितरण | कृषकको माग र निवेदन अनुसार निशुल्क कृषि विकाश शाखावाट वितरण |
| ४ | फलफुल प्रर्वद्धन कार्यक्रम | १.हाइट्रेक निमार्ण | ४ लाख | १लाख | ५लाख | १ वटा | धुनिवेशी नगरपालिकाको वडा न. ३ मा सम्पन्न भएको छ | हाइटेक तथा ग्रिनहाउस निमाण कार्यक्रम सञ्चालन कार्यविधि अनुसार छनौट गरिएको |
| | | २ फलफुल विरुवा वितरण<br>हिउदे फलफूल ओखरको विरुवा वितरण | १ लाख | | १ लाख | १८०० गोटा | धुनिवेशी नगरपालिकाको वडा न. १ को दमदमे र वडारेमा सम्पन्न भएको छ | |
| | | वर्षे फलफूलको विरुवा<br>१. कागती ६०००<br>२. लिच्चीर२०००<br>३. आँप२०००<br>४. अम्वा ५००<br>५. सुन्तला २००० | ४लाख ७८ हजार | कृषकको २५ प्रतिसत लागत साझेदारी | ४ लाख ७८ हजार | | | वडा कार्यालयको माग र वार्षिक स्वीकृत कार्यक्रम अनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | नियामित कृषि प्रसार कार्यक्रम | १. एक घर एक टनेल कार्यक्रम सहित पलाष्टिक टनेल निर्माण सहयोग ५० प्रतिशत अनुदानमा<br>२. कृषि फर्म,कृषक समुह,सहकारीको लागी मागमा आधारित कार्यक्रम | १ लाख ४० हजार | ७० हजार | १लाख ४० हजार | ५० सेट | कृषकको माग अनुसार वडा कार्यालयको सिफारिसमा आर्थिक विकास समितिवाट निर्णय भएका कृषकहरूलाई ३२ थान वितरण तथा निमाण सम्पन्न | |
| ६. | सहकारी सिचाई,साना सिचाई मर्मत संम्भार तथा निर्माण | १.प्लाष्टिक पोखरी निमार्ण अनुदान (८ मिटर चौडाई १० मिटर लम्वाई २०० जिएसएम) | २ लाख | | २ लाख | २० थान | कृषकको माग अनुसार वडा कार्यालयको सिफारिसमा आर्थिक विकास समितिवाट निर्णय भएका कृषकहरूलाई वितरण | कृषकको लागत साझेदारी पोखरीको लागी आवश्यक खाड्ल आफै खन्नु पर्ने |
| ७. | भकारो सुधार कार्यक्रम | १.गोठेमल सुधार, मुत्र संकलन | ३ लाख | ३ लाख | ६ लाख | २५ वटा | कृषकको माग अनुसार वडा कार्यालयको सिफारिसमा आर्थिक विकास समितिवाट निर्णय भएका कृषकहरूलाई वितरण | |
| ८. | माटो परिक्षण गरि माटो सुधारको लागि सामाग्री/ प्रविधि वितरण/ हस्तारन्तरण | १. माटो जाचको लागी ल्यावको सामाग्री खरिद तथा परिक्षण<br>२.कृषि चुन वितरण | २ लाख | | २ लाख | ५० | कृषकको माग अनुसार वडा कार्यालयको सिफारिसमा आर्थिक विकास समितिवाट निर्णय भएका कृषकहरूलाई वितरणकृषकको खेतवारीको माटोको जाचँ गरिएको थियो। | सहकारी र कृषि फर्मलाई निःशुल्क कृषि चुन वितरण गरिएको थियो |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | फलफुल तथा तरकारी मुल्य श्रृखला विकास आयोजना | १. तरकारी उत्पादन उपरान्त हुने क्षति कम तथा वजार व्यवस्थापन विषयक तालिम ३ दिन | ९० हजार | | ९० हजार | २५ जना कृषक सहभागिता | आयोजना क्षेत्र अर्न्तगत चिसापानी र तोप्लाङका कृषकको लागी | कृषक समुहको माग अनुसार |
| | | २. तरकारी उत्पादन तथा रोग किरा व्यवस्थापन विषयक ३ दिने तालिम | १लाख | | १ लाख | २५ जना कृषक सहभागिता | आयोजना क्षेत्र अर्न्तगत कुखुरेचौर, जुगेडी र खानिखोला क्षेत्रवाट | कृषि सहकारी र समुहका सदस्यहरूलाई |
| | | ३. मेवाको नया नमुना वगान स्थापना | ९० हजार | | ९० हजार | ९वटा नमुना वगान स्थापन | वडा कार्यालयको सिफारिसमा वडा न. ९ को जुगेडी क्षेत्रमा | |
| | | ४.हाइब्रिड जातको तरकारीको विउ निशुल्क वितरण | १लाख ५० हजार | | १लाख ५० हजार | ३८४ जना कृषकले प्राप्त गरेको | आयोजना क्षेत्रभित्रका कृषकको लागी मात्र | |
| | | ५.बेमौसमी प्याज उत्पादन प्रदर्शन कार्यक्रम | ५० हजार | | ५० हजार | १० जना कृषकलाई प्याजको विउमा अनुदान | आयोजना क्षेत्रभित्र | |
| | | ६. टनेलमा भेडेखुर्सानी उत्पादन प्रदशन कार्यक्रम | ५० हजार | | ५० हजार | ५जना कृषक | आयोजना क्षेत्रभित्रको उदय कृषि वहुउदेश्य सहकारी संस्था लि. का सदस्य हरूलाई | |
| | | ७.तरकारी वालीको रोगकिरा व्यवस्थापनमा विषादी वितरण | ८० हजार | | ८० हजार | ६२ जना | नगरभित्रका कृषकलाई | |
| | | ८.काउली खेतीमा गाठेरोग निधान कार्याक्रम | २० हजार | | २० हजार | कृषकलाई निशुल्क वितरण र परामर्श ४० रोपनी मा | कुखुरेचौर कृषि सहकारी संस्था लि. सदस्यहरूले खेती गरेको धु.न.पा. २ मा | |

## १०. सामी परियोजना तर्फ

### ❖ परिचय (सामी)

हेल्भेटास इन्टरकोअपरेसन नेपाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको द्धिपक्षिय सम्झौता भई धुनिवेशी नगरपालिकाको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) परियोजना आर्थिक वर्ष २०७६/७७ सालबाट सञ्चालनमा आएको छ । हाल यस परियोजनाले सुरक्षित वैदेशिक रोजगारको अभियानलाई सफल पार्नका लागि धुनिवेशी नगरपालिका भित्र मुख्य ५ वटा पक्षमा काम गरिरहेको छ । जस अर्न्तगत वैदेशिक रोजगारलाई सुरक्षित भरपर्दो र लाभदायी बनाउनका लागि सुचनामा पहुँच, वैदेशिक रोजगार को क्रममा आईपरेका समस्या समाधानका लागि न्यायमा पहुँच, वैदेशिक रोजगारमा जाँदा आवश्यक पर्ने सिप तालिम प्रदान, मन र सोचाईको समस्या समाधानका लागि मनोसामाजिक परामर्श सेवा तथा विदेशबाट प्राप्त हुने रेमिट्यान्सको सहि सदुपयोग गरि जीवन स्तर उकास्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालनमा भईरहेको छ।

**व्यक्तिगत मनोसामाजिक परामर्श**

सेवाग्राहिमा भएका भावनात्मक सोचाई,विचार संवेदनालाई सम्मान गरि सहि र सरल रुपमा जीवन यापन गर्नेका लागि प्रेरित गर्ने आपसि छलफल नै परामर्श हो । यस सेवा अर्न्तगत धुनिवेशि नगरपालिका भित्र वैदेशिक रोजगारमा जानु भएका र कुनै समस्यामा पर्नुभएको परिवारलाई परामर्श गरिएको छ। जहाँ महिला ५ जना, पुरुष ४ जना रहेका छन् । जात जाति अनुसार जनजाति महिला २ जना, पुरुष २ जना, दलित पुरुष १ जना, क्षेत्री महिला ३, पुरुष १ जना रहेका छन् ।

**वित्तीय साक्षरता कक्षा**

यो कक्षा बैदेशिक रोजगारीमा गएका परिवार तथा विशेष गरि आर्थिक कारोबार गर्ने परिवारका सदस्यलाई खर्च नगर्दा हुने क्षेत्रको पहिचान गरि, उत्पादन मुलक काममा लाग्नका लागि प्ररित गरिने छलफल तथा अन्तरक्रिया हो । वित्तीय साक्षरता कक्षा यस धुनिवेशी नगरपालिका वडा नं. १ (मनकामना समूह) तथा वडा नं. ८(सुनौलो भविष्य समूह) गरि २ वटा समूह सञ्चालनमा रहेको छन् । वडा नं. १ र वडा नं. ५ मा २ वटा समूह तयारी अवस्थामा रहेको छ।

**गहन सामूदायिक अभिमुखिकरण**

वैदेशिक रोजगारमा जाँदा कसरी सुरक्षित तथा बढि लाभ लिन सकिन्छ भन्ने उदेश्यले वडा नं.१, ३, ४, ८, ९ मा वडा अध्यक्ष, सदस्य लगायत अन्य व्यक्तिहरूको सहभागितामा गहन सामूदायिक अभिमुखिकरण सम्पन्न भएको छ।

| क्र. सं. | दलित | | जनजाति | | ब्रम्हाण | | क्षेत्री | | अन्य | | कुल | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | १२ | १७ | २६ | ३२ | ७ | ३ | ४० | ४० | २ | १ | ८७ | ९३ | १८० |

**सिप विकास  तालिम**

वैदेशिक रोजगारीमा  जान लागेका सम्भावित आप्रवासी कामदारका लागि   निशुल्क रुपमा प्रदान गरिने सिप विकास तालिममा  वडा नं. ७ बाट २ जना, वडा नं.९ बाट ३ जना, वडा नं.१ बाट १ जान तालिममा जाने तयारी अवस्थामा रहेका छन् । जस अर्न्तगत प्लम्विङ्मा ४जना, इलेक्ट्रिसियनमा  २ जना रहेका छन् ।

**केश रेफर**

वैदेशिक रोजगारीको क्रममा नेपालमा हुदा वा विदेश गईसकेपछि आई परेका समस्या समाधानका लागि विदेशमा भनेको जस्तो काम तलब नभएको, १ ओटा, मेनपावर कम्पनिले पासपोर्ट होल्ड गरेको २ वटा, कोभिड १९ का कारण विदेशमा रोजगार गुमाई खान, बस्न समस्या भएको ३ ओटा र ठगीको १ वटा समस्या आएको छ ।

**जनप्रतिनिधिहरूसँग अन्तरक्रिया**

मिति २०७६/१०/२३ गतेका दिन सुरक्षित आप्रवासन सामी परियोजना अर्न्तगत सुरक्षित वैदेशिक रोजगारीका लागि जनप्रतिनिधिहरूको भूमिकाको विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

**समाचार प्रकाशन**

विगत ८ वर्ष देखि वैदेशिक रोजगारको क्रममा मलेशियामा वेपत्ता रहेका वडा नं. ५ निवासी कमल राई (नाम परिवर्तन) को बारेमा मिति  २०७६/११/७ गते उज्यालो अनलाईनमा समाचार प्रकाशन पछि परिवारको सम्पर्कमा आउनु भएको छ ।

**छात्रवृत्ति**

नेपाल सरकारबाट श्रम स्वीकृतिलिई वैदेशिक रोजगारमा गएका व्यक्ति भिषा अवधि रहदै मृत्यु भएमा, गम्भिरखालका स्वास्थ्य समस्या  तथा दुर्घटनामा परेका निजको छोराछोरीलाई वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने यस वर्षको छात्रवृद्धिका लागि आवेदन संकलन भईरहेको छ ।

**आपतकालीन कोषबाट सहयोग**

नियमित रुपमा परामर्शमा रहेकि  वडा नं. १ निवासी रमिला थापा (नाम परिवर्तन)  र उनकी छोरीको मानसिक समस्या रहेको  र आर्थिक अवस्था कमजोर भएको हुदा निजको  उपचारमा लागेको औषधि खर्च  सि.एम.सि नेपालमा स्थापित आपतकालिन सहयोग कोषबाट  सहयोग प्रदान गरेको छ ।

## ११. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सेवा ईकाई

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तरगत गत आ.व ०७६।०७७ मा यस नगरपालिकाको साविक गा.वि.स.हरू नौविसे, जीवनपुर र छत्रेदेउरालीमा घटना दर्ता प्रारम्भ भएको मिति २०३७ साल पुस १ देखि  व्यक्तिगत घटना(जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद)का विवरण डिजिटाइजेसनको लागि पुराना व्यक्तिगत घटनादर्ताका किताबहरू खोजी विवरणहरू अध्यावधिक

गर्ने कार्य गरी कुल घटनादर्ता सङ्ख्या विवरण ३६,४८७ राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा पठाउने कार्य भएको छ। यसरी पठाइएको विवरणहरूको डिजिटाइजेशनको काम भने आ.व. ०७७।०७८मा शुरु गरिने छ। यस कार्यले पुराना व्यक्तिगत घटनादर्ता किताबमा रहेका घटनाका विवरणहरू हराउने, च्यातिने, नष्ट हुने, आगलागी भएमा पनि विवरणहरू नष्ट हुनबाट जोगाउनको लागि उक्त व्यक्तिगत घटना दर्तालाई कम्प्यूटर प्रणालीमा सुरक्षित राखी आवश्यक परेको बखत् कार्यालय तथा सेवाग्राहीलाई प्रतिलिपि तथा विवरण हेर्न, उपलब्ध गराउनको लागि सहज हुने छ।

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रममा पारदर्शीता साथै प्रभावकारिता अभिवृद्धि गर्ने कार्यको लागि विभागको एम.आइ.एस. प्रणालीमा विवरण प्रविष्टि गरेको र रकम हिनामिना हुन नदिनको लागि सम्पुर्ण लाभग्राहीहरूलाई बैक मार्फत सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी गर्ने कार्य जारी रहेको छ। आ.व ०७६।०७७ को पहिलो चौमासिकमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरू २७९७ जनालाई रू.२,६७,३४,४००/-वितरण गरिएको छ भने दोस्रो चौमासिकमा बैक मार्फत ३१२३ जनालाई रु २,९९,०६,४००/- वितरण गरिएको छ। साथै सामाजिक सुरक्षा भत्ताको तेस्रो चौमासिकमा कुल ३१०६ जनालाई रू.२,९६,२९,६०० वितरण गरी कुल जम्मा रू.८,६२,७०,२००/- (अक्षरुपी रु आठ करोड बैसठ्ठी लाख सत्तरी हजार दुई सय) मात्र सामाजिक सुरक्षा भत्ता रकम वितरण गरिएको छ।

यस नगरपालिकाका भित्रका ९ वटै वडा क्षेत्रमा मिति २०७६ साल बैशाख देखि २०७६ साल चैत्र मसान्त सम्मको वार्षिक व्यक्तिगत घटना दर्तामा जन्म दर्ता अर्न्तगत महिला ४०१, पुरुष ४७४ गरी कुल जम्मा ८७५ रहेको छ। मृत्यु दर्ता अर्न्तगत महिला संख्या १२३, पुरुष संख्या १७६ गरी जम्मा कुल संख्या २९९ रहेको छ। विवाह दर्ता अर्न्तगत ३०८ जोडी संख्या रहेको छ। बसाईसराई सरी आएको दर्ता संख्या ७ र गएको दर्ता संख्या १२ रहेको छ भने सम्बन्ध विच्छेद संख्या ४ रहेको छ। कुल व्यक्तिगत घटना दर्ता संख्या १५३६ रहेको छ। व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई स्थानिय पञ्जिकाधिकारी समक्ष गई घटना दर्ता गर्नु पर्ने प्रावधान भएतापनि नागरिकहरूमा विभिन्न कारणले घटना दर्ता गर्ने कार्य नगरेको पाईएकोले आ.व. ०७७।०७८ मा ९ वटै वडाहरूमा दर्ता शिविर सञ्चालन गरी घटना दर्ता गर्ने कार्यमा सम्पुर्ण नागरिकहरूमा जनचेतना अभिवृद्धि गर्ने कार्य सञ्चालन गरिनेछ।

१२. **उद्योग वाणिज्य** :

नगरपालिकामा ३ वटा सिमेन्ट उद्योग सञ्चालनमा छ। ग्यास उद्योग ४ वटा, इट्टा उद्योग २७ वटा, औषधी उद्योग २ वटा र प्लास्टिक उद्योग २ वटा, ह्याचरी उद्योग, वाइन फ्याक्ट्री, दाना उद्योग र पोल्ट्री फर्महरू रहेका छन्। त्यसैगरी सःमिलहरू पनि रहेका छन्। यस नगरपालिकाको पृथ्वी राजमार्ग र त्रिवुभन राजपथमा होटल व्यवसायहरू पनि सञ्चालन भईरहेको छ। यहाँ रहेका क वर्गका बाणिज्य बैङ्कहरू र ख वर्गका विकास बैङ्कहरूले वित्तिय सेवा प्रदान गरेका छन् भने सहकारीहरू करिब २७ वटा रहेका छन्। त्यसैगरी यस नगरपालिकाबाट लगभग ३० प्रतिशत तरकारी निर्यात हुने गरेको छ। यस नगरपालिकामा मुख्य आर्थिक क्रियाकलापमा कृषि तथा पशुपालन प्रमुख रुपमा रहेको छ। यहाँका मानिसहरू तरकारी खेति तथा पशुपन्छी पालनबाट राम्रो आम्दानी गरिरहेका छन्। यहाँबाट मानिसहरूले तरकारी, अदुवा तथा कुखुरा अधिक मात्रामा काठमाडौ निर्यात गरेको पाइन्छ।

## १३. व्यवसाय दर्ता तर्फः–

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय स्तरको व्यवसायिक एवं व्यापारिक फर्म दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन गर्ने अधिकार यस नगरपालिकामा निहित कानूनी प्रावधान अनुसार स्थानीय स्तरका व्यवसाय दर्ता हुँदै आएको र उक्त व्यवसायहरू दर्ता गर्न सम्बन्धित वडाहरूमा सहज हुने देखी मिति २०७६ पौष १ गते देखी त्यस्ता व्यवसायहरू सम्बन्धित वडा कार्यालयहरूमै दर्ता, नविकरण गर्ने व्यवस्था मिलाई वडा कार्यालयहरूमानै व्यवसाय दर्ता हुँदै आएको छ । २०७६ मंसिर ३० सम्म यस नगरपालिकाको कार्यालयमा विभिन्न उद्धेश्यहरू राखी ८११ वटा व्यवसायहरू दर्ता भइ सञ्चालनमा रहेका छन् । सो पश्चात २०७६ साल पौष १ गते देखी आषाढ मसान्त सम्म ९ वटै वडामा विभिन्न उद्धेश्यहरू राखी ११४ वटा व्यवसायहरू दर्ता भई हाल एकमुष्ट रुपमा ९२५ वटा व्यवसायहरू यस नगरपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेका छन् ।

## १.३ धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्र

यस नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय रुपले महत्त्वपूर्ण स्थलहरूमा महेशनारायण गुफा, बच्छलादेवी, कोटाकालीका, चमेरो गुफा, गोरखनाथ बाबा र देवीदेउराली, कालिदेवी, सेतीदेवी, तोप्लाङ, नृर्वेश्वर महादेव, झ्याम्पल खोला झरना र सितापाइला रहेका छन् । भक्तजनहरूको मनोरञ्जन तथा भजन किर्तनको लागि बाघबच्छलादेवी मन्दिरमा भजन किर्तनको सामाग्रीको व्यवस्था गरिएको छ । आ.व.२०७६।०७७ मा सानाठुला गरी २४ ओटा मन्दिर देवालयहरू यस नगरपालिकामा मर्मत तथा निर्माण भएकाछन् ।

## १.४ नगरको निर्वाचन र जनप्रतिनिधिहरू :

यस नगरपालिका गठन भएपश्चात पहिलो पटक निर्वाचन २०७४ बैशाख ३१ गते भएको थियो । उक्त निर्वाचनमा विजयी भएका जनप्रतिनिधिहरूले मिति २०७४ जेष्ठ ८ गते पदभार ग्रहण गर्नुभएको थियो । नगर कार्यापालिकाको पहिलो बैठक मिति २०७४ जेष्ठ २० गते भएको थियो भने पहिलो नगर सभा २०७४ श्रावण १० मा भई पहिलो बजेट नगरसभावाट मिति २०७४ श्रावण १० पारित भएको थियो भने दोस्रो नगर सभा २०७४ फाल्गुण ३० मा सम्पन्न भएको थियो । तेस्रो नगर सभा २०७५ असार १० गते सुरु भई २८ गते सम्पन्न भएको थियो । चौथो नगरसभा २०७६ बैषाख १६ गते सम्पन्न भएको थियो भने पाँचौ नगरसभा २०७६ आषाढ १९ गते सम्पन्न थियो । छैटौं नगरसभा २०७६ माघ २६ गते सम्पन्न भएको थियो भने सातौं नगरसभा २०७७ आषाढ १० गते सम्पन्न भएको छ ।

## १.५ संस्थागत व्यवस्था

एकिकृत नगर विकास योजना तर्जुमा प्रक्रिया प्रारम्भ गर्दै सडक गुरु योजना, डिजिटल नगर प्रोफाईल, वार्षिक योजना कार्यक्रमहरू अनलाइन सफ्टवेयर मार्फत चालु गरिएको छ साथै राजश्व संकलनको व्यवस्था अनलाईन सफ्टवेयर मार्फत मिलाइएको छ । नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागी नगर केन्द्र तोकिएको स्थानमा ८ रोपनी जग्गा नगरपालिकाको नाममा कायम भइसकेको र हाल प्रशासनिक भवन निर्माणको लागि ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य अगाडी बडाइएको हुँदा आगामी दिनमा आफ्नै प्रशासनिक भवन निर्माण भई काम कार्वाही सेवा प्रवाह सुचारु गर्न सकिने अवस्था भएको छ । त्यस्तैगरी

वडा नं. ३ र वडा नं. ९ को वडा कार्यालय भवन निर्माणको लागी भवन शिल्यान्यास गरी निर्माण कार्य अघी बढेको छ। वडा नं. २ को हकमा साविक विद्यालय भवनलाई मर्मत, सम्भार, घेराबार, रंगरोगन, शौचालय व्यवस्थापन सहित व्यवस्थित रुपमा सेवा प्रवाह हुनेगरी कार्यालय स्थापना र सञ्चालनको व्यवस्था गरिएको छ। वडा नं. १, ४ र ७ को आफ्नै भवनबाट कार्यसंचालन भइरहेको छ। वडा नं. ५ को हकमा अमलेचौर स्थित सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको। वडा नं. ६, ८, वडा कार्यालयहरू घर भाडामा लिई सञ्चालन गरिएको छ। यसका अलावा कृयापुत्री भवन, सामुदायिक भवन, महिला सामुदायिक भवनहरूको निर्माण सम्पन्न भई वृद्ध,वृद्धा विश्रामस्थाल भवन निर्माणका लागि ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य भइरहेको छ। साथै स्वास्थ्य चौकी नभएका वडाहरूमा चालु आ.व.२०७६।०७७ मा आधारभुत स्वास्थ्यकेन्द्र स्थापना गरीसकिएको छ। वडा आधारभुत स्वास्थ्य केन्द्र भवनहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ। सबै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याइएको छ। नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्यचौकीमा ल्याव (प्रयोगशाला) सञ्चालनमा ल्याइएको छ। ३ वटा स्वास्थ्य चौकीहरूमा वर्थिङसेन्टर स्थापना गरी सूरक्षित नव शिशु तथा मातृत्व सेवा प्रदान गरिएको छ।

## १.६ विद्यमान अवस्थाको समिक्षा

अधिकार र स्वतन्त्रता प्राप्तीका लागि भएका वलिदानीपूर्ण संघर्षको परिणाम स्वरुप देशमा गणतन्त्र स्थापना भई जनचाहना अनुरुप संघीय शासन प्रणालीको शुरुवात भएको यस अवस्थामा तिन तहका सरकारहरू जनआकांक्षा अनुरुप विकास निर्माणको कार्यमा जुटी अहोरात्र जनताको आवश्यकता परिपूर्तिका लागि क्रियाशिल भई रहेको अवस्था छ। विश्वमा महामारीको रुपमा देखा परेको कोभिड-१९ को संक्रमण नेपालमा समेत बढ्दै गएको र समुदायमा महामारीका रुपमा फैलिन सक्ने उच्च सम्भावना देखिएको यस परिस्थितिमा कोभिड-१९ को संक्रमणलाई न्यूनिकरण गरी देश, नगर र समाजलाई जोखिम मुक्त बनाउने र आर्थिक विकासमा ध्यान केन्द्रित गरी आर्थिक क्रियाकलाप बढाउँदै अर्थ व्यवस्थालाई चलायमान बनाई राख्नु आजको आवश्यकता हो। यसका लागि जननिर्वाचित तिनै तहका सरकारहरूले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। संघिय शासन प्रणाली अर्न्तगत स्थानीय तहमा स्थानीय सरकारको गठन भए पछि हाल सम्म भएका उपलब्धिको जगमा टेकेर जनचाहना पूरा गर्दै विकास निर्माणको कार्यलाई अगाडी बढाउने कार्यमा यस नगरका जनप्रतिनिधिहरू लागि परेको अवस्था छ। आफुले चुनेका जनप्रतिनिधि र नगर प्रति नगरवासीहरूको आशा, भरोसा र अपेक्षा ठूलो छ। नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतमा वृद्धि हुन सकेको छैन। आन्तरिक आय स्रोत बढाई जनआकांक्षा पुरा गर्नु पर्ने चुनौती छ। पछिल्लो नगरपालिका भएकोले नगरमा हुनु पर्ने न्यूनतम पूर्वाधार निर्माण भई सकेको अवस्था छैन, सम्पुर्ण रुपमा नयाँ संरचना निर्माण गर्नुपर्ने अवस्था छ। नगरपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह गर्नका लागि भवन निर्माण गर्नुपर्ने अवस्था छ। नगर स्थापना हुँदाको वखत् २-४ जना कर्मचारीबाट सेवा सञ्चालन र प्रवाह हुँदै आएकोमा हाल सबै वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी व्यवस्थापन गर्ने कार्य भैरहेको छ। सबै विषयगत शाखाहरूबाट दिनुपर्ने सेवाहरू छिटो, छरितो, प्रभावकारी र पारदर्शी ढंङ्गबाट प्रवाह हुने व्यवस्था मिलाएको छ। सबै वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त बनाई अनलाईन सिष्टमबाटै कार्यसम्पादन गर्ने व्यवस्था मिलाईएको छ। हाल नगर र वडा कार्यालय मातहत १२३ जना कर्मचारीहरू कार्यरत छन्। उपलब्ध जनशक्तिलाई समुचित रुपमा परिचालन र व्यवस्थापन गरी सिमित

स्रोत साधनको वावजुद विकास निर्माण कार्य र जनचाहना पुरा गर्नु पर्ने चुनौती छ।

### १.६.१ सबल पक्ष

संघीय राजधानी काठमाडौं सँग जोडिएको यस धुनिवेशी नगरपालिकालाई धेरै संभावना भएको नगरको रुपमा लिईएको छ। निम्न विषयहरूलाई धुनिवेशीका सबल पक्षको रुपमा हेरिएको छ।

– पौराणिक धार्मिक, संस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्त्वपूर्ण गन्तव्यस्थलहरू यसै नगर क्षेत्रमा अवस्थित हुनु।

- धार्के सितापाइला बैकल्पिक राजमार्ग यसै नगरपालिकाको क्षेत्र भएर सञ्चालनमा रहेको जसले गर्दा नौविसे देखी कलंकी सम्मको ट्राफिक जामलाई न्यून गर्ने र सो राजमार्ग वरपरका नगरवासीहरूको जिवनस्तर उँचो बनाउने आशा राखिएको छ। उक्त क्षेत्रमा सहरीकरण तथा बजारीकरणको विकास हुने हुँदा सो क्षेत्रका वासीन्दाहरूको आर्थिकस्तरमा आमूल परिवर्तन हुनेछ।

– काठमाडौंको नजिक हुनु, मुख्य राजमार्गहरू यही नगर हुदै सञ्चालनमा रहनु,,

– औद्योगिक र कृषि उत्पादनको बजारसम्मको सहज पहुँच हुन सक्ने स्थानमा अवस्थित नगर

– तरकारीखेति, कुखुरापालन, ह्र्याचरी, फलफूल विशेषगरी लिचि, तोप्लाङको आलुको उत्पादन र विकासको उच्च सम्भावना

– औद्योगिक क्षेत्रको विकास गर्न सकिने क्षेत्रहरू रहेका।

– भिमढुंगा लामीडाँडा सडक काठमाण्डौं केन्द्र देखी यसै नगरपालिका क्षेत्र भएर गल्छि सम्म आवागमन गर्न सजिलो भएको छ। जसले गर्दा त्यस क्षेत्रका नगरवासीहरूको आर्थिक उन्नती हुने अपेक्षा गरिएको छ।

– उत्प्रेरित, उद्यमशील, जागरुक, सचेत एवं विकासप्रति प्रतिवद्ध धुनिवेशी नगरवासी

- संघीय राजधानी काठमाण्डौंमा बसोबास गर्ने वासिन्दाहरूको लागि वैकल्पिक बसोबास स्थानको रुपमा विकसित गर्न सकिने नजिकको सम्भावित नगरपालिका।

### १.६.२. कमजोर पक्ष

– आन्तरिक आय वृद्धिका क्षेत्रहरू न्यून हुनु।

– काठमाण्डौंको नजिकै भएको भएता पनि यस क्षेत्रमा मेडिकल कलेज, विश्वविद्यालय, भौतिक सुविधा सम्पन्न अस्पतालहरूको निर्माण हुँन नसक्दा नगरवासीहरूलाई सेवा लिन, उच्चस्तरको शिक्षा आर्जन गर्न, अन्य अवसरहरू प्राप्त गर्न केन्द्रमानै धाउनुपर्ने अवस्था आएको छ। सोको परिपूर्ती र समस्या समाधानको लागि यस नगरपालिकाबाट जोडदार पहल हुनुपर्ने आवश्यकता छ।

- व्यवस्थित ढंङ्गबाट औद्योगिकीकरण हुन नसक्नु।

- फोहोरमैलाको व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न ढिलाई हुनु ।
- नगरपालिका क्षेत्रभित्र संचालित सबै उद्योग व्यवसायहरूलाई अभिलेखीकरण गरी करको दायरामा ल्याउने, दर्ता, नविकरण र अनुगमन गर्ने जस्ता कार्यहरू प्रभावकारी ढंगबाट हुननसक्नु ।

**१.६.३ अवसर**

- निर्माणाधिन सुरुङमार्ग र अन्य वैकल्पिक मार्गहरू बन्दै जानु ।
- प्राविधिक शिक्षालय निर्माणको थालनी हुनु  जसको कारण दक्ष जनशक्ति उत्पादनको सम्भावना देखिनु ।
- आन्तरिक तथा बाह्रय पर्यटन अभिवृद्धिको लागि होटल व्यवसाय गर्न र अन्य पर्यटक क्षेत्रको विकासको लागि चन्दागिरी, नागार्जुन र थाहा नगरका सिमा र आसपासका क्षेत्रमा पर्यटन क्षेत्रको विकासमा साझेदारी गर्न सकिने ।
- केन्द्र सरकारसँग जोडिएको यो नगरपालिकाको भविष्य आगामी दिनमा चन्द्रागिरी नगरपालिकासँग हातेमालो गरी काठमाण्डौं महानगरपालिकाको समकक्षी नगरपालिका हुने र तिव्र सहरीकरण, बजारीकरणको र औद्योगिकीरणको विकासको प्रवल सम्भावना रहेको छ ।

**१.६.४ चुनौति**

- पौराणिक, धार्मिक र सांस्कृति तथा पर्यटकिय दृष्टिले महत्त्वपूर्ण स्थान, पार्क, मठ, मन्दिर र पर्यटकिय गन्तव्य स्थलहरू भएतापनि यसको उचित व्यवस्थापन, व्यापक प्रचारप्रसार हुन नसक्नु, छुट्टै, सहज, सरल र व्यवस्थित पहुँच मार्ग निर्माण हुन नसक्नु ।
- आधारभुत पूर्वाधारहरूको कमी रहेको, नमिलेको भिरालो जमिन भएको र कतिपय पुर्वाधार निर्माणको कार्य गर्दा वातावरणिय परिक्षण नगरी ठूला मेसिनरी उपकरण प्रयोग गरी निर्माण कार्य भएको हुँदा भु-क्षय, वाढी, पहिरो जन्य प्राकृतिक प्रकोप एवं विपद् आउन सक्ने जोखिम रहेको र दिगो विकासका लागि हरेक वर्ष लगानी थप जुटाउँदै जानुपर्ने भूवनोट र प्राकृतिक संरचना ।
- भू उपयोग नीति बन्न नसक्दा जग्गाको अव्यवस्थित प्रयोग बढ्दै गएको  छ । खेतियोग्य जमिनको प्रयोग खेति गर्ने कार्यमा घट्दै गएको छ ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउने, शिक्षकको क्षमता विकास, विद्यार्थीको कक्षा छोड्ने दर घटाउने र विद्यालयको शैक्षिक सूचकको आधारमा अनुगमन गर्न सकिएको छैन ।
- काठमाण्डौं उपत्यकाको फोहोरमैला डम्पिङ साईट रहेको ओखरपौवाको लिचेड कोल्पुखोलामा मिसिदा धुनिवेशीका कृषकहरूको खेतियोग्य जमिन, वालीनाली र स्वास्थ्यमा

असर परेको छ।

– आन्तरिक आय न्यून रुपमा परिचालन भएको र विकासको माग सम्बोधन गर्न साधनको न्यूनता रहेको छ।

– यस नगरपालिका क्षेत्रभित्र स्थापना भएका ईँटा भट्टा, सिमेन्ट उद्योग, ग्याँस उद्योगहरूले वातावरणमा असरपार्ने धुँवाधुलो प्रदुषण र वालीनाली उत्पादनमा प्रत्यक्ष असर गरी जनजीवन नै कष्टकर बनाउँदै लगेको छ। यसको निराकरणको लागी यस नगरपालिकाले वैकल्पिक बाटो अवलम्बन गर्नुपर्ने देखिन्छ।

– जनशक्ति र जनप्रतिनिधिहरूको क्षमता विकासमा अवसरहरूको कमी रहेकोछ।

– यूवाहरूको विदेश पलायन र काम गर्ने जनशक्ति अभाव भएको छ।

– राजमार्ग क्षेत्रका होटलको सेवा प्रवाह उपभोक्ता मैत्री बनाउने, गुणस्तर, मुल्य र परिमाणलाई यथार्थपरक बनाउने र आम जनसाधारणलाई होटलको सेवाप्रति सकरात्मक बनाउन सकिएको छैन।

– अनुदान सम्झौता बाहेक नीतिगत व्यवस्था, प्राविधिक कर्मचारीहरूको खटनपटन र निगरानी, अनुदान रकम भुक्तानी लगायतका विषयमा नगरपालिकाको भूमिका र जिम्मेवारी नहुँदा पुनर्निमाणले गति लिन सकेको देखिदैन। दक्ष जनशक्तिको कमी, प्राविधिकहरूको उचित र यथार्थ परामर्श हुन नसक्दा पुनर्निमाणको कार्य शत प्रतिशत सम्पन्न हुन सकेको छैन।

## खण्ड - २

# आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य

**धुनिवेशी  नगरपालिकाका उप प्रमुख श्री निरु खरेल ज्यूबाट सातौं नगर सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यः–**

**आदरणीय सभाध्यक्ष तथा नगरसभाका सदस्यज्यूहरू**

विश्व मानव समुदाय नै कोभिड-१९ (कोरोना भाइरस) सँग जुधि रहेको वर्तमान असहज र चुनौती पूर्ण घडीमा हाम्रो देश पनि कोरोना भाईरसको सन्त्रासबाट मुक्त हुन नसकेको, भाइरस संक्रमणको दर अझैं बढ्दो अवस्थामा रहेको, संक्रमणलाई रोकथाम र नियन्त्रण गर्नका लागि अहोरात्र स्रोत र साधनले भ्याए सम्म तिनै तहको सरकार लागि परेको यस परिस्थितिमा धुनिवेशी नगरपालिकाको यस गरिमामय सातौं नगरसभामा आ.व. ०७७।७८ को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको महसुश गरेको छु। इतिहासका विभिन्न काल खण्डमा अधिकार र स्वतन्त्रता प्राप्तीको लागि भएको आन्दोलनमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरू प्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु। अधिकार प्राप्तीका लागि भएका राजनितिक आन्दोलनका क्रममा वेपत्ता, घाइते र अपाङ्ग भएका व्यक्तिहरू प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

कोभिड-१९ महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जिवन गुमाउनु हुने नेपाली नागरिकहरू प्रति हार्दिक श्रद्धाञ्जलीका साथै शोकाकुल परिवार प्रति गहिरो संवेदना व्यक्त गर्दछु। संक्रमण भई सकेका र संक्रमणको आशंकामा क्वारेन्टिनमा रहनु भएका सबै नेपाली दाजुभाई तथा दिदीबहिनीको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। कोरोना भाईरस विरुद्धको अभियानमा सहयोग र सहकार्य गर्ने संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्था, उद्योगी व्यवसायी, निजिक्षेत्र, सञ्चार जगत, वुद्धिजिवी, नागरिक समाज र नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। कोरोना भाईरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण, निगरानी तथा उपचारका क्रममा अग्रपङ्तीमा रहेर अहोरात्र खटिनुभएका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सूरक्षाकर्मी, सवारी चालक, व्यवस्थापकीय भूमिकामा रहेका कर्मचारीहरू र उपयुक्त राय, सल्लाह सुझाव दिनुहुने सम्पूर्ण नगरवासी एवम मतदाताहरूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

स्थानीय तह निवार्चन भएको करिव ३ वर्ष पुरा हुदैं गर्दा विगत तीन वर्षको अथक प्रयासवाट हासिल भएको उपलब्धीको जगमा टेकेर विकास र सम्वृद्धिको यात्रालाई तीव्रता दिने कार्यमा कोरोना भाइरसका कारण धक्का लागेको छ। यस विषम परिस्थिति सृजना हुनु अघि प्राप्त भएका उपलव्धिहरूको संरक्षण,  नागरिकको जीवन रक्षा गर्दै सम्वृद्धिको यात्रा तय गर्नु पर्ने छ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानलाई स्थानीयकरण गर्दै, **समृद्ध धुनिवेशी सुखी नगरवासीको** अभियान सफल बनाउने नीति योजना र कार्यक्रमलाई निरन्तरता दिएको छु।

बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानूनहरू, पन्ध्रौ योजना, संघीय सरकारको बजेट, नीति तथा कार्यक्रम, वागमती प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रम, चुनावी घोषणापत्र, धुनिवेशी नगरका नागरिकहरू समक्ष गरिएका प्रतिवद्धता, नगरको आवश्यकता, नगरका सम्भावना र अवसरहरू, नगरपालिकाको श्रोत परिचालन

क्षमता, राजनैतिक दल, नागरिक समाज, वुद्धिजीविहरू संघ सस्था, उद्योगी, व्यापारी, कृषकहरूवाट प्राप्त राय, सल्लाह र सुझावलाई आधार मानेको छु। आर्थिक वर्षको शुरुको समय वर्षादको मौसम, ठूला पर्वहरू, समयमा नै रकम निकासामा ढीलाई जस्ता विविध कारणहरूले नगरवासीहरू उपभोक्ता समिति गठन गर्नमा ढीला सुस्ती गरी अल्झीएर रहेकोमा सबै समुदायलाई सहज हुन हिउदको समय जुन अवस्था र विकास निर्माणले गतिलिने विभिन्न उपभोक्ताहरू गठन, ठेक्कापट्टा सञ्चालनको उत्कर्ष समयमा विश्वव्यपीरुपमा फैलिएको कोरोना संक्रमण र यसको रोकथामका लागि वन्दावन्दी गर्नुपरेको कारण श्रमिकको अभाव, यातायातको समस्या, हिडडुल गर्न नपाइने जस्ता अनेकौ समस्या झेल्नु परे तापनि यस्तो विषम परिस्थितिमा समेत यहांहरूको सहयोगले हामी विकास निर्माणका कार्यहरूलाई निरन्तरता दिन सफल भएका छौ।

**आदरणीय सभाध्यक्ष तथा नगर सभा सदस्य ज्यूहरू,**

अव म गत आर्थिक वर्षको यथार्थ आय व्यय विवरण, चालु आ.व.को क्षेत्रगत समिक्षा एवं संशोधित आय व्यय अनुमान संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

**क) आर्थिक विकास क्षेत्रका गतिविधिहरू :**

आर्थिक सुधारको मुल आधार स्थानीय तहको आन्तरिक आम्दानीको स्रोत हो, यस क्षेत्रमा इट्टा उद्योग, सिमेन्ट उद्योग,औषधि उद्योग, वाइन उद्योग र ग्यास प्लान्ट लगायतका अनेकौं व्यवसायहरू सञ्चालनम रहेका छन् विगत वर्ष देखि नै ठूला उद्योगका रुपमा रहेका उद्योग व्यवसायीहरूले नगरपालिकाबाट तोकिएअनुसारको राजस्व रकम समयमा दाखिला नगरेको कारण आन्तरिक आम्दानीमा ह्रास आउदै गएको छ। यस क्षेत्रको आम्दानीको स्रोतको रुपमा रहेको खानी उद्योग अर्को आधार भएकोमा चालु आ.व. मा खानी उत्खनन कार्यमा ठेक्का पट्टा हुनासाथ राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा सीमा विवादका कारण उक्त खानीउद्योग समेत सञ्चालनमा आउन सकेन ।

आर्थिक विकासका क्षेत्रमा राजस्व संकलन, कृषि व्यवसाय, पशुपालन व्यवसाय, कृषि उपजहरूको उत्पादन, विक्रिवितरण, यातायतको सहजता, बजारीकरण, उद्योग व्यवसाय प्रवर्धन, रोजगारी सिर्जना आदि जस्ता विविध विषयमा यस नगर क्षेत्रमा देखिएका असरहरू समाबेश गरिएको छ। जस अन्तरगत चालु आर्थिक वर्षमा यस क्षेत्रमा कृषि विकास सेवा क्षेत्रमा नेपाल सरकारको ससर्त अनुदान तर्फ ९ लाख ४० हजार र समानिकरण अनुदान तर्फ ९७ लाख १२ हजार समेत गरी जम्मा रु, १ करोड ६ लाख ५२ हजार रकम व्यवस्था भएको छ। साना किसान सहकारी संस्था मार्फत व्यवसायिक किसानहरूलाई सहुलियत पूर्वक कर्जाप्रवाह गरी कृषि उत्पादनमा वृद्धि ल्याउने गरी थप १ करोड रुपैया व्यवस्था गरिएकोले तोकिए अनुसारका कार्यक्रमहरू सञ्चालनको प्रकृया जारी नै रहेको छ।

यस नगरपालिका क्षेत्रमा पशुसेवा तर्फ ससर्त अनुदान स्वरुप ७ लाख ८५ हजार र समानीकरण तर्फ ६ लाख ९३ हजार समेत १४ लाख ७८ हजार रकम विनियोजन गरी यस नगरपालिका क्षेत्रमा कृषि र पशु सेवाको व्यवसायमा संलग्न किसानहरूलाई आफ्नो पेशा प्रति आवद्धगराउन नगरपालिका प्रयासरत रहेको छ।

**आदरणीय सभाध्यक्ष तथा नगर सभा सदस्य ज्यूहरू,**

अव म चालु आर्थिक वर्षको संचालित कार्यक्रमहरूको समिक्षा गर्ने अनुमती चाहन्छु ।

**कृषि विकास तर्फ**

१) कृषि विकास तर्फ विनियोजित भएको रकम मध्येवाट १०० जना उद्यमी छनौटगरी सहुलियत दरको १ करोड ऋण प्रवाहको लागि कृषि उद्यमशिल कोष मार्फत परिचालनको लागि अन्तिम अवस्थामा पुगेको छ ।

२) चालू आ.व.को कृषि कार्यक्कमका विभिन्न आयोजनाहरू मध्ये फलफुल प्रर्वद्धन आयोजना, फलफुल तथा तरकारीको गुणस्तरीय विरुवा उत्पादनको लागि हाइट्रेक प्रविधिको विकास, विभिन्न फलफुलका विरुवा वितरण, प्लास्टिक टनेल निर्माण, सञ्चालनमा रहेका छन् ।

३) फलफूल तथा तरकारीको मुल्य श्रृखला विकास आयोजनाको लागत साझेदारीमा सामुहिक तरकारी खेती, उन्नत विउविजन र विषादी वितरण, कृषकलाई तालिमको व्यवस्था आदि कार्यहरू सम्पन्न भइ सकेका छन् ।

४) मौरी विकास कार्यक्रम अन्र्तगत लागत साझेदारीमा मौरीको खाली घार र मौरी सहितका घार वितरण कार्य सम्पन्न भइ सकेको छ ।

५) सिएमडिपी लागत साझेदारी कार्याक्रम अन्र्तगत चालिसेको तरकारी वजारमा ४ वटा स्टलसहिको वजार निर्माणको लागि वजार समिति निर्माण गरी कार्यक्कम संझौता भई कार्यसंचालनको अन्तिम चरणमा रहेको छ ।

६) भकारो सुधार अन्र्तगत सर्सत तर्फको कार्यक्रम आदि जस्ता विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्

<u>पशु विकास तर्फ :–</u>

१) सवै वडामा पि.पि.आर तथा एन्टिरेविज भ्याक्सिनेसन कार्यक्रम सञ्चालन भईरहेको छ ।

२) नगर क्षेत्रभित्रका पशुपालक किसानहरूलाई औषधि वितरण, उपचार तथा वन्ध्याकरण सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

३) नगर क्षेत्रका सबै वडाहरूमा पशु स्वास्थ्य शिविर सञ्चालन कार्य यही महिना भित्र सम्पन्न हुने कार्यक्रम तय गरिएको छ ।

४) नगर क्षेत्रका ९ वटै वडाका पशु पालक कृषकलाई पशु विमा बारे अभिमुखीकरण तालिम प्रदान गरी सकिएको छ ।

५) पशुपन्छी तथा कृषि पकेट क्षेत्रको सम्भाव्यता अध्ययन कार्यक्रमको लागि सूचना प्रकाशन गरी निवेदन संकलन भईसकेको र सम्झौताको चरणमा रहेको छ ।

६) संक्रामक रोगको पहिचानको लागि विभिन्न पशुको सिरम कलेक्सन गरी केन्द्रीय ल्याव त्रिपुरेश्वर, काठमाण्डौंमा नियमित रुपमा पठाउने गरिएको छ ।

**ख)  सामाजिक विकास क्षेत्र :**

यस नगर क्षेत्रका सामाजिक क्रियाकलापसँग सम्बन्धित कार्यहरूलाई सामाजिक क्षेत्र अन्तरगत समेटिएको छ। यस नगरपालिकामा स्वच्छ तथा गुरणस्तरीय खानेपानी वितरण प्रणाली सम्वन्धी कार्यहरू, शैक्षिक सुधार तथा बालबालिकाहरूको लागि कार्यक्रमहरू, दुर्गमस्थानबाट अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि विशेष व्यवस्था, जनस्वास्थ्य तथा खोप सञ्चालन सम्वन्धी कार्यहरू समेतलाई यस क्षेत्रमा समावेश गरिएको छ।

यस क्षेत्रका नगरवासीहरू समयमा सवारी साधन नपाएको कारण सुविधा युक्त स्वास्थ्य संस्थामा उपचार गर्न जानका लागि चालु वर्षमा एउटा एम्वुलेन्सको व्यवस्था गरी सकिएको मा अन्य दुइवटा एम्वुलेन्सहरू खरिदको प्रकृयामा रहेको छ।

यस्तै गरी विषयगत कार्यालयहरू शिक्षा तर्फ नेपाल सरकारवाट प्राप्त शिक्षकहरूको तलव सहित ससर्त अनुदान वापत विभिन्न ३० वटा कार्यक्रम अन्तरगत ११ करोड ३२ लाख ५२ हजार , स्वास्थ्य तर्फ नेपाल सरकारबाट प्राप्त स्वास्थ्य कर्मीहरूको तलव सहित ससर्त अनुदान समेत विभिन्न ३७ वटा कार्यक्रम अन्तरगत १ करोड ७१ लाख, प्रधान मन्त्री रोजगार कार्यक्रम ,पंजिकरण कार्यक्रम सञ्चालन , सामी परियोजना, गरिवी घरपरिवार पहिचान, सामाजिक सुरक्षा भत्ता आदि जस्ता विभिन्न ससर्त कार्यक्रमहरू समेत सञ्चालन भइरहेका छन्।

चालु आ.व. मा यस क्षेत्रका लागि स्थानीय तहवाट खानेपानी संम्वन्धी ३१) शिक्षा सुधार सम्वन्धी ३) स्वास्थ्य सुधार सम्वन्धी ४) खेल मैदान सम्वन्धी १ गरी जम्मा ३ करोड ८२ लाख रुपैया, संघीय सरकारबाट प्राप्त शैक्षिक सुधार ३) का लागि ९० लाख, प्रदेश स्तरीय खानेपानी तथा खेल मैदान समेत ३ वटाका लागि १ करोड ९२ लाख ७८ हजार समेत जम्मा रु, ६ करोड ६४ लाख, ७८ हजार रुपैया वजेट व्यवस्था भएको छ।

चालु आ.व.मा साविकका गा.वि.स.मा न्यूनतम एक वटा पर्ने गरी जनसंख्याको आधारमा विभिन्न ५ स्थानमा क्वारेन्टिन स्थलहरू निर्माण गरी त्यसको आवश्यक व्यवस्थापन गरिएको र संभावित महामारीलाई समयमै नियन्त्रणका लागि एउटा क्वारेन्टिन स्थलमा भारत लगायत अन्य देशहरूबाट आएका नागरिकहरू सुरक्षितरुपले राख्ने र तिनको अनुगमन गर्ने काम भइरहेको छ।

**शिक्षा तर्फ**

१) विभिन्न विद्यालयमा मा.वि तहमा ५ जना तथा नि.मा.वि तहमा २२ जना गणित,अग्रेजी,विज्ञान र कम्प्यूटर गरी कुल २७ जना विषयगत शिक्षक व्यवस्थापन गरी शिक्षण सिकाइमा सुधार गरिएको

२) मा.वि तथा आधारभुत गरी कुल १८ ओटा विद्यालयको वेभसाइट निर्माणको चरणमा रहेको

३) नगरस्तरीय खेलकूद कार्यक्रम सञ्चालन गरी प्रतिभावान खेलाडी पहिचान गरिएको

४) नगरस्तरीय शिक्षकहरूको क्षमता विकास गर्न आवश्यकतामा आधारित विषयगत तालिम अर्न्तगत गणित विषयको मा.वि तथा नि.मा.वि तहका गणित शिक्षकलाई तालिम प्रदानगरिएको जसले विद्यालयमा गणित विषयमा अध्यापन गराउन सहज भएको

५)	विद्यालयमा सूचना प्रविधिको पहुँचको लागि एक विद्यालय एक कम्प्युटर कार्यक्रम अन्तर्गत ९ ओटा विद्यालयमा कम्प्यूटर वितरण गरिएको जसमा १ ओटा मा.वि, ७ ओटा ०-८ चलेका विद्यालय, र १ ओटा १-५ चलेको विद्यालयहरू रहेका छन् ।

६)	उच्च शिक्षामा गुणस्तरीय शिक्षा प्रदान गर्न मच्छिन्द्र बहुमूखी क्याम्पसमा विषयगत शिक्षक व्यवस्थापन गरिएको

७)	मच्छिन्द्र बहुमूखी क्याम्पसमा बस सञ्चालन साझेदारीबाट केही टाढाको दुरीमा रहेका विद्यार्थीहरूलाई समेत उच्च शिक्षामा सहभागीहुन सहज वनाएको छ।

८)	नगरभित्र खेलकूद गतिविधिलाई अगाडी बढाउन र प्रतिभावान खेलाडी पहिचान तथा उत्पादन गर्न राष्ट्रपतिरनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन भएको छ।

**स्वास्थ्य तर्फ**

१)	यस नगरपालिका भित्र ३ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ वटा निजी अस्पातल, १ वटा निजी स्वास्थ्य केन्द्र र ९ वटा निजी क्लिनिकहरू रहेका छन् ।

२)	चालु आ.व २०७६/७७ को जेष्ठ मसान्त सम्म विभिन्न स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीको संख्या ३८ हजार पाँच सय ८१ जना रहेका छन् भने विरामीको संख्या ३१)८४८ रहेको छ।

३)	२३०० जना २ वर्ष मुनिका बालबालिकालाई विभिन्न खोप सेवा प्रदान गरिएको छ।

४)	५५४ जना गर्भवती महिलाले आवश्यक खोप सेवा लिएका छन् ।

५)	वृद्दि अनुगमनको लागि २५४६ जना बालबालिका विभिन्न स्वास्थ्य संस्थाहरूमा सेवा लिन आएका छन् । त्यस्तै भिटामिन ए क्याप्सुल १९५९ जना बालबालिकालाई खुवाइएको छ।

६)	दादुरा रुवेला खोपबाट ५ वर्ष मुनिका २२८० जना बालबालिका लाभान्वित भएका, महिला स्वास्थ्य स्वयं सेविकाबाट ७७४६ जनाले सेवा पाएका, ४८३ जना गर्भवति महिलाले विभिन्न स्वास्थ्य संस्थाबाट सेवा लिएका छन् ।

७)	स्वास्थ्य संस्थामा प्रसुति सेवा लिनको लागि १५५ जना गर्भवति महिला आएका छन् ।

८)	ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम अर्न्तगत २६६ जना महिलाले अल्ट्रासाउन्ड सेवा लिएका हुन् ।

९)	कडा रोग जस्तै क्यान्सर, मृगौला, मुटु रोग लागी उपचार गराउन आर्थिक अवस्था कमजोर भएका ५२ जनालाई नगरपालिकाबाट आर्थिक सहयोग प्रदान गरिएको छ । साथै लकडाउन अवधिभर कडा रोग लागेका गर्भवती महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

१०)	विश्वभर महामारीको रुपमा फौलिएको कोरोना भाइरस (कोभिड-१९)परीक्षणका क्रममा ११५ जनाको RDT परीक्षण र ९ जनाको PCR परीक्षण गरिएकोमा सबैको PCR परीक्षणको रिर्पोट नेगेटिभ देखिएको छ।

११)	भारत लगायत विभिन्न मूलुक तथा नेपालकै विभिन्न जिल्लाबाट यस धुनिवेशी नगरपालिकामा आउनुभएका २५ जनालाई व्यवस्थित रुपमा क्वारेन्टिनमा राखि दैनिक स्वास्थ्य अवस्थाको अभिलेख राखिएको छ।

(ग) **पूर्वाधार क्षेत्र :**

यस क्षेत्र अन्तरगत सडक, सिंचाइ-कुलो, ढल, नाला निर्माण, भौतिक संरचनाहरूको निर्माण तथा मापदण्ड कायम, विद्युत विस्तार, सञ्चार सुदृढीकरण, अनलाइन सेवा, जस्ता कार्यहरू समावेश गरिएको छ। यी उल्लेखित कार्यहरू सञ्चालनका लागि यस नगरपालिकाले चालु आ.व. का लागि सडक सुधार तर्फ ८० वटा योजना, सिंचाइ तर्फ १४, पुल पुलेसा तर्फ २, सञ्चार तर्फ १ समेत जम्मा ९७ वटा योजनाहरूमा रू. ६ करोड ८१ लाख १२ हजार रुपैया र संघीय सरकारवाट प्राप्त सडक पीच १, सडक मर्मत १, सिंचाइ १ समेत ३ वटा योजनाहरूका लागि रु, २ करोड ७५ लाख रकम उपलव्ध हुन आएको छ , यसै गरी प्रदेश सरकारवाट सडक सुधार अर्न्तगत २, कज्वे १, अन्य निर्माण ३ गरी जम्मा ६ वटा योजनाहरूको लागि १ करोड ८३ लाख रकम विनियोजन भइ भौतिक पूर्वाधार विकास तर्फ १०६ वटा योजनाहरूमा ११ करोड ३९ लाख १२ हजार रुपैया लगानी भइ अधिकांश योजनाहरू निर्माणका चरणमा रहेका छन्।

१) **सडक तर्फ**

यस धुनिवेशी नगरपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरि कार्यालयले तयार पारेको नगर यातायात गुरुयोजना अनुसार यस नगरपालिकामा जम्मा २०४ वटा सडकहरू रहेका छन् जसमा २ वटा रास्ट्रिय राजमार्ग (पृथ्वी राजमार्ग र त्रिभुवन राजमार्ग), १ वटा फिडर सडक (धार्के-सितापाइला सडक) र १ वटा जिल्ला सडक (भिमढुंगा-लामिडाड़ा-गल्छी सडक) रहेको छ, जस अनुरुप राष्ट्रिय राजमार्गको मापदण्ड ५० मिटर, फिडर सडकको ३० मिटर र जिल्ला सडकको २० मिटर रहेको छ भने अन्य बाटोको मापदण्ड नगरयातायात गुरुयोजना अनुसार छ। कालोपत्रे बाटोमा पृथ्वी राजमार्ग ३.७९ कि.मि. र त्रिभुवन राजपथ करिब १६.८४ कि.मि. रहेको छ भने, भिमढुंगा लामिडाँडा गल्छी सडक खण्डको करिब १६.६६ कि.मि. मा लगभग ६.८ कि.मि. ओटा सिल र बाँकी भागमा ग्रावेल रहेको छ। धार्के-सितापाइला सडकलाई वैकल्पिक राजमार्गको रुपमा प्रयोग गर्न सकिने सडक रहेको छ।

आर्थिक बर्ष २०७६/०७७ मा सडक तर्फ नयाँ ट्रयाक खन्ने काम १४.८ किलोमिटर भइ सकेको छ । जस तर्फ थुम्की-दमदमे-नारायणथान सडक, सानोगाउँ-ककरे-ओडारे-दमदमे मार्ग, चिलाउनेगाउँ सार्कीटार सडक, बृद्धाबिश्रामस्थल सडक, कात्तिकेचौर- पशुपतिटार सडक, पासांगखेल-माथिल्लोबाह्रविसे-खावा-मजुवा सडक, दोभान-माथिल्लोदोभान-लिखु आदि सडक खण्ड पर्दछन्, त्यस्तै सडक चौडाई गर्ने कार्यतर्फ १८.७८ किलोमिटर सम्पन्न भएको छ जस तर्फ भन्ज्यांगपोखरी-ओडारे-थुम्की सडक, थुम्की-दमाहाढुंगा-कात्तिकेखोला सडक, जीवनपुर-गौतमचोक-तल्लोमगरगाउँ सडक, अमलेचौर गहते तेर्सेपानी सडक, खतथोक काफलचौर सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-भ्फाक्रीवन सडक आदि रहेका छन्।

ग्राभेल गर्ने कार्य ३४.२ कि.मि. सम्पन्न भएको छ। जसमा चौधारमोड-वरावोट-डीगाउ सडक, डाडागाउँ-बच्छलादेवि-पिपलचौर सडक, भन्ज्यांगपोखरी-ओडारे-थुम्की सडक, लामागाउ-सार्कीटार सडक, सिरानचौर-मेले-भदौरे-कर्केले सडक, डुम्रेचौर-किटिनी-बागाखोर सडक, गैरीगाउँ-सुहानागाउँ सडक, जीवनपुर-गौतमचोक-तल्लो मगरगाउँ-कोल्पुखोला सडक, दमाहाढुंगा-

कात्तिके-कोल्पुखोला सडक, दमाहाढुंगा-आपघारी-कोल्पूखोला सडक, स्टोरमोड-छापगाउँ-कोल्पूखोला सडक, अमलेचौर-गहते-तेर्सेपानी सडक, दोभानखोला-खानीगाउँ-काफलचौर सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-भ्याक्रीवन, कुवापानी-कल्याणटार-कानले सडक आदि रहेका छन् ।

धुनिवेशी नगरको खानीखोला-गणेशमार्ग सडक, जुगेडी-डिल्लीसावित्री-चापागाईथोक-भ्याक्रीवन सडक, चालिसे-बानियाटार सडक खण्डगरि जम्मा २६६ मिटर बाटो ढलान कार्य सम्पन्न भएको छ. साथै विभिन्न सडकहरूमा १५०० मिटर पक्कि नाला र ३० किलोमिटर कच्ची नाला निर्माण सम्पन्न भएको छ ।

नगरका विभिन्न सडकमा ग्याबिन जाली भर्ने कार्य ६०९ वटा सम्पन्न भएको छ, ह्युम पाइप बिच्याउने कार्य विभिन्न सडकमा ४९५ मिटर , ढुंगा सोलिंग कार्य २६० मिटर, आर.सि.सि. वाल २२ मिटर, ढुंगाको पर्खाल २१५मिटर लगाउने कार्य सम्पन्न भएका छन् । नगर गौरबको रुपमा रहेको डाँडाडी-बडारेचौर- ठुलिबेशी-जीवनपुर-कोल्पूखोला सडकको पिचगर्ने काम यसै वर्ष देखि थालनी हुदैछ ।

२) **खानेपानी**

खानेपानी तर्फ ४ वटा खानेपानी योजनाका DPR तयार भएको छ ।. खानेपानीको मुहान तर्फ विभिन्न वडामा ९ वटा इन्टेक र १ वटा कलेक्सन च्याम्बर निर्माण भईसकेको अवस्था छ भने, जी.आई. र एच.डी.पि. पाइप ३६.०० कि.मि. विछ्याउने कार्य सकिएको छ । त्यस्तै फेरो सिमेन्ट ट्यांकी (घ्याम्पे ट्यांकी) २ वटा निर्माण भईसकेकोमा पातलेपानी-थुम्की-नयाँगाउँ खानेपानी, कान्ले भदौरे पिपलडाँडा खानेपानी योजनाहरू पर्दछन .

धुनिवेशी नगरपालिकाको विभिन्न खानेपानी योजनामा आर.सी.सी ढलान ट्यांकी १२ वटा गरि जम्मा ५ लाख ५ हजार लिटर ट्यांकी निर्माण सम्पन्न भएको छ जसमा हावाघर-उप्रेतीगाउँ-मगरगाउँ खानेपानी, कुखुरे मंगले डिप बोरिंग खानेपानी, पात्लेपानी थुम्की नयाँगाउँ खानेपानी, कोटकालिका डिप बोरिङ, मासडाँडा खानेपानी योजना, तल्लो बानियाटार खानेपानी, जुगेडी खानेपानी योजना, भोटडाँडा सेडाईगाउँ खानेपानी योजनाहरू पर्दछन.

धुनिवेशी नगरपालिकाको एक घर एक धारो अवधारणा अनुसार विभिन्न वडामा यस आ.व.मा जम्मा ९९० घरमा धारो जडान भएको छ भने अन्य वडा र घरधुरीमा धारो जोड्ने काम जारी छ, त्यस्तै सार्वजनिक धारा नगरको विभिन्न ठाउँमा जम्मा २ वटा निर्माण भएका छन् । धुनिवेशी नगरपालिकाले विभिन्न उपभोक्ता समिति र टेण्डर मार्फत पानी तान्ने पम्प ४ वटा, हिल ट्यांकी २१००० हजार लिटर खरिद गर्ने काम गरेको छ खानेपानी डिप बोरिंगका योजनाहरूमा विधुतीकरण तर्फ ३० वटा बिजुलीको पोल, ४१०० मिटर तार, मिटर जडान गर्ने कार्य सम्पन्न भएको छ ।

३) **सिचाई**

धुनिवेशी नगरका विभिन्न वडामा सिचाईतर्फ पक्कि कुलो ६८६ मिटर, आर.सि.सि. कुलो ५०

मिटर, आर.सि.सि. वाल १३ मिटर, ग्याबिन जाली भर्ने कार्य १०० थान, ह्युम पाइप बिच्छ्याउने कार्य १० मिटर, ढुंगा सोलिंङ कार्य ३३२ मिटर, र ढुंगाको वाल ७८ मिटर लगाउने कार्य सम्पन्न भएका छन् ।

४) **धार्मिक सम्पदा, विद्यालय सार्वजनिक भवन**

नगरको ६ वटा विद्यालयमा भवन निर्माण, मर्मत, रंगरोगन, फर्निचर, सामान खरिद आदि कार्य सम्पन्न भएको छ। दुर्गम क्षेत्रमा रहेका विधार्थीहरूलाई शिक्षामा पहुँच पुऱ्याउने उदेश्यका साथ मछिन्द्र मा.वि.लाई आवाशीय विद्यालयको रुपमा सञ्चालनका लागि निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

त्यसै गरि मन्दिर निर्माण तथा मर्मत कार्य १५ वटा सम्पन्न भएका छन्। धुनिवेशी नगरपालिकाका विभिन्न मठमन्दिर एवं धार्मिक सम्पदाहरूमा १० वटा ट्रस भवन निर्माण भएको छ। लिखु-सखु-चमदनम-घे-झ्याम्पा गुम्बामा ढलानको निर्माण सम्पन्न भएको छ . साथै जीवनपुर ठाटि सार्वजनिक चौतारो निर्माण सम्पन्न भएको छ।

धुनिवेशी नपाको सार्वजनिक भवन निर्माण तर्फ ६ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन , १ वटा खोपकेन्द्र, १ वटा महिला भवन सम्पन्न हुने अन्तिम चरणमा छन्। त्यस्तै वडा न. ३ र ९ को वडा कार्यालय भवन, वडा नं. ८ मा रहेको सुरक्षित आवास घर (सेफ हाउस) र वडा न २ मा वृद्धा बिश्राम स्थलको निर्माण कार्य भइ रहेको छ।

धुनिवेशी नगरपालिका वडा न ९ जुगेडीमा धुनिवेशी नगरकार्यपालिकाको भवन निर्माण कार्यको लागि टेण्डर आह्वान गरिएको छ।

५) **विविध**

खेल मैदानतर्फ ३ वटा योजना सम्पन्न भएकोमा चालिसे बनियाटार खेल मैदान, बांगेपहिरा खेल मैदान, खपटेचौर खेल मैदान आदि पर्दछन र भुवनेश्वरी खेलमैदानमा टेण्डर प्रक्रिया मार्फत प्याराफिट निर्माणको काम सुरु भएको अवस्था छ। साथै वडा नं. ५ मा रहेको धुनिवेशी पार्कमा टेण्डर प्रकिया मार्फत कम्पाउण्ड वाल लगाउने काम भईरहेको र खर्के डाँडा पिकनिक स्पोटमा घेराबार, सिडी, पर्खाल लगाउने काम सम्पन्न हुने अवस्थामा छ।

यस नगरभित्र वर्षायाममा पैदल यात्रीलाई सहजताको लागि ६६० मिटर गोरेटो एवं सिडी निर्माण कार्य सम्पन्न भएकोमा कोल्पू खोला बाह्रबिसे गोरेटो बाटो सिडी निर्माण, गौचरन देवीस्थान पैदलमार्ग निर्माण योजना, खड्गटोल गोरेटो बाटो सिडी निर्माण, नयाँ बस्ती ढाड गोरेटो, नौबिसे मेला टाकुरा हुदै माझाकुलो सम्म जाने गोरेटो बाटो आदि रहेका छन्।

बन सम्पदा संरक्षण तथा सम्बर्धन कार्यक्रम अनुसार धुनपा ५ को गहते तोरीखेत सामुदायिक वनमा ७७० वटा कंक्रिट पोल बनाई घेराबार गर्ने काम र कृषि प्रवर्द्धनका लागि सि.एम.डी.पि. लागत साझेदारी कार्यक्रम अन्तर्गत चालिसे बजारमा तरकारी संकलन केन्द्रको ट्रस निर्माण कार्य सम्पन्न हुने चरणमा छन।

धुनिवेशी वडा न. ८ मा रहेको इलाका प्रहरी कार्यालयमा स्नान गृह, मेश, ट्रस निर्माण, सिसि टिभी जडान कार्य सम्पन्न भएको छ, त्यस्तै धुनिबेशी न पा को बारुण यन्त्रलाई सुरक्षित हिसाबले राखनको लागि ट्रस्ट निर्माण गरिएको छ।

धुनिबेशी नगरपालिकाको विभिन्न सिमानामा स्वागत गेट तथा सिमाबोर्ड राखने कार्य सम्पन्न भएको छ। बैकल्पिक उर्जा प्रवर्द्धन गर्ने उद्धेश्यका साथ वडा न ९ का विभिन्न ५ स्थानमा सोलार बत्ति जडान कार्य सम्पन्न भएको छ। सुचना तथा प्रविधि विकास कार्यक्रम अन्तर्गत वडा न ९ मा निःशुल्क इन्टरनेट सुबिधा प्रदान गर्नका लागि काम भईरहेको छ। जोखिम न्यूनीकरण कार्यक्रम अन्तर्गत करिब ४० घरधुरीलाई पहिरो जोखिम नियन्त्रणको लागि २९० मिटर ढुंगाको पर्खाल लगाउने काम भईरहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरभित्र ढुंगा सोलिंग, सिडी निर्माण, गोरेटो बाटो ढलान र पर्खाल लगाउने कार्य भइरहेको छ।

नक्साफाट तर्फ आ.व. ०७६/७७मा वस्ती विकाश मापदण्ड २०७६ जारी गरिएको छ र यसै वर्ष ४७ वटा नक्सा अभिलेखिकरण, अस्थाई, स्थाई र निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिएको छ।

**घ) वातावरण र विपद व्यवस्थापन :**

यस क्षेत्रले समेट्ने विषय कृषि व्यवसाय र फलफुल खेतीसँग यसको सम्वन्ध गांसीएको छ। भू-क्षय नियन्त्रण बाढी पहिरो, वृक्षारोपण, तटवन्ध जस्ता क्रियाकलावहरू समेट्ने गरी यस क्षेत्रमा विपद्जन्य कार्यहरू समेत समावेश गरिएको छ।

बाढी र पहिरोवाट जोखिममा परेका खानेपानी योजना, माछापालन व्यवसाय, बृद्धवृद्धाहरूलाई चिसोजन्य विपतबाट संरक्षण, सडक निर्माणका सिलसिलामा जोखिममा परेका भवनहरूको संरक्षण लगायत हालको कोरोनाभाइरसका कारण यसको नियन्त्रण रोकथामका लागि गर्नुपरेको क्वारेन्टिन निर्माण स्थल, त्यसको व्यवस्थापन, खानेपानीका पाइहरू खरिद, आदि जस्ता कार्यहरू सञ्चालन गरी चालु  वर्ष बृद्धवृद्धाहरूलाई न्यानो कपडा वितरण, खानेपानी, माछापालन, सिंचाइ, कोरोना महामारीका लागि आपतकालिन क्वारेन्टिन निर्माण र व्यवस्थापन जस्ता कार्यहरू सञ्चालन गरिएको छ।

यस क्षेत्रमा कुनै आगलागि जन्य घटना भएमा तत्काल आगो निभाउनका लागि दमकल खरिदगरी प्रयोगमा ल्याइसकिएको छ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह :**

यस क्षेत्रमा नगरपालिकाबाट भए गरेका सेवा सञ्चालनका विषयहरू समावेश गरिएको छ। चालु आ.व. मा नगरपालिकाको जग्गा व्यवस्थापन तथा भवन निर्माणका लागि रु, ३ करोड, वडा कार्यालयहरू निर्माणका लागि २ करोड ५० लाख, स्वास्थ्य चौकी भवन निर्माणका लाीग १ करोड ३१ लाख बजेट विनियोजन भएकोमा सोही आनुसार यस वर्ष नगरपालिकाको भवन निर्माणका लागि जग्गा खरिद भइ भवन निर्माणको प्रकृया अघि वढीसकेको, वडा कार्यालय र स्वास्थ्य चौकीका भवनहरू समेत निर्माणाधीन अवस्थामा रहेका, सबै वडा कार्यालयहरूमा सि.सि. क्यामेरा र इर्न्भटर जडान गर्ने कार्य थालनीको चरणमा रहेको छ।

चालु वर्षमा समायोजनमा परेका कर्मचारीहरूको व्यवस्थापन हुदै गर्दा यस नगरपालिका कार्यालयमा समेत लोकसेवा आयोगबाट १० जना भन्दा वढी कर्मचारीहरूको पदपूर्तिभइ  नयाँ थप हुन आएको छ भने नगरको सुरक्षा व्यवस्थाका लागि नगर प्रहरी समेत छनौट गरी सेवा उपयोग गरिइएको छ।

१) जग्गा प्राप्ती ऐन २०३४ बमोजिमको प्रक्रिया पुरा गरी वृद्ध/वृद्धाश्रम  भवन निर्माणको लागि १ रोपनी जग्गा र नगरपालिकाको भवन निर्माणको लागि ८ रोपनी जग्गा प्राप्तीको कार्य पुरा गरी वृद्धाश्रम भवन निमार्णको लागि भवन शिलान्यासको कार्य समेत भइसकेको छ।

२) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस, नियन्त्रण र रोकथामको सिलसिलामा संघीय सरकारबाट लकडाउन घोषणा भई उक्त लकडाउन कार्यान्वयनका क्रममा असर परी दैनिक रुपमा छाक टार्न नसक्ने भई अस्तव्यस्त भएका व्यक्ति र परिवारलाई वडा कार्यालय मार्फत राहत वितरण गर्ने गराउने व्यवस्था मिलाएको।

३) साविकका तीन वटा गा.वि.स (नौबिसे, जीवनपुर र छत्रेदेउराली) लाई कार्यक्षेत्र बनाई एक-एक वटा एम्बुलेन्स सञ्चालनमा ल्याउने नगरपालिकाको नीति अनुरुप भारतीय दुतावासबाट निशुल्क रुपमा प्राप्त भएको एम्बुलेन्सलाई जिवनपुर स्वास्थ्य चौकी र ४ नम्वर वडा कार्यालय मार्फत सञ्चालन हुने व्यवस्था मिलाइएको, साविकका २ गा.वि.स.का लागि एक-एक वटा एम्बुलेन्स उपलब्ध गराउन खरिद प्रक्रियामा रहेको।

४) दमकल सेवा सँगै सम्बन्धित कर्मचारीहरूको भर्ना एवम छनोट प्रक्रिया सम्पन्न गरी दमकल सेवा सञ्चालनलाई चुस्त, सवल, सक्षम र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाएको।

५) विभिन्न आधारभूत स्वास्थ्य चौकी भवन र वडा कार्यालय भवनहरू समेत निर्माण सम्पन्न हुने चरणमा रहेका छन्।

**च) लक्षित वर्ग**

चालु आ.व. मा लक्षित वर्ग अन्तरगत महिला,वालवीलका,जनजाति/दलित, जेष्ठ नागरिक, अपाङग जस्ता लक्षित वर्गहरूमध्ये महिला तर्फ ६ वटा योजना कार्यक्रमहरूका लागि ३३ लाख, बालबालिका तर्फ १ वटा कार्याक्रमका लागि १० लाख, दलित जनजाति तर्फ ३ वटा कार्यक्रमका लागि १७ लाख, जेष्ठनागरिक कार्यक्रमका लागि ६ लाख र अन्य लक्षित कार्यक्रमको रु, ४७ लाख  समेत जम्मा १ करोड १२ लाख रुपैया वरावरको कार्यक्रम सञ्चालन भएको छ। उक्त कार्यक्रमहरू मध्ये कोरोना भाइरस संक्रमणको कारणवाट अधिकांश कार्यक्रमहरू सामुहिक रुपमा सञ्चालन गर्नुपर्ने भएकोले हालको अवस्थामा त्यस्ता प्रकृतिका कार्यक्रमहरू सञ्चालनमा कठिनाइ आइरहेको छ। माथि उल्लेखित सबै विषयहरू चालु आ.व. मा सञ्चालन भइरहेका आयोजना तथा कार्यक्रमहरूका विषयहरू हुन्।

**आदरणीय सभाध्यक्ष तथा नगरसभाका सदस्य ज्यूहरू**

अव म आगामी आ.व. २०७७/०७८ को लागि यस नगरपालिकाबाट तयार पारिएको वजेट, नीति तथा कार्यक्रमका वारेमा प्रस्तुत गर्न गइरेको छु।

आगामी आ.व. ०७७।७८ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू निम्न अनुसार रहेका छन ः

१. सवै प्रकारका रोग, संक्रमण तथा अन्य दैविप्रकोप र विपदवाट नगरवासीको जीवन रक्षा गर्ने ।

२. भौतिक पूर्वाधार विकासलाई तिव्र गति प्रदान गर्ने,

३. कृषिलाई आधुनिकिरण गर्दै व्यवसायिक तथा सम्मानजनक पेशाको रुपमा विकास गर्ने

४. खानेपानी तथा सरसफाई सेवा सुविधा विस्तार गर्ने

५. रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्दै गुणस्तर अभिवृद्धि गर्ने

६. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त, सवल, सक्षम, प्रभावकारी, पारदर्शी एवम् जनमैत्री बनाउने ।

**(क) आर्थिक क्षेत्र :**

नेपालको संविधानबाट प्रदत्त अधिकार अनुसार यस नगरपालिकाले हाम्रा नगरवासीहरूको चाहना अनुसार आफ्नो नगरको विकासका लागि हामी आफैले वजेट तयार पारी सातौं नगर सभामार्फत यस क्षेत्रको आवश्यकताको मागलाई सम्बोधन गर्न गइरहेका छौ । आगामी आ.व. का लागि नेपाल सरकारबाट अनुमानित समानीकरण अनुदान तर्फ रु, १५ करोड ६९ लाख, प्रदेश सरकारबाट अनुमानित १ करोड २ लाख १५ हजार गरी जम्मा रु, १६ करोड ७१ लाख १५ हजार, नेपाल सरकारबाट ससर्त अनुदान स्वरुप प्राप्त १७ करोड ५ लाख, प्रदेश ससर्त १ करोड ६५ लाख ४६ हजार गरी जम्मा रु, १८ करोड ७० लाख ४६ हजार, प्रदेश सरकारवाट समपुरक अनुदान २ करोड, नेपाल सरकारवाट प्राप्त विशेष अनुदान स्वरुप प्राप्त रु, ८० लाख र प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान ३० लाख गरी जम्मा १ करोड १० लाख, राजस्व तर्फ नेपाल सरकारबाट अनुमानित रु, ७ करोड ६४ लाख २३ हजार, प्रदेश सरकारबाट ४ करोड १४ लाख ५९ हजार ५ सय, आन्तरिक आम्दानी तर्फ रु, ८ करोड ४४ हजार, वैंक मौज्दात ११ करोड ३ लाख, गरी जम्मा रकम ६९ करोड ३३ लाख ८७ हजार ५ सय को वजेट विनियोजन गरेको छु। यस मध्ये चालु प्रकृतिका कार्यक्रम अनुसार रु ३९ करोड ६४ लाख ६ हजार ५ सयले हुन आउने ५७.१८ प्रतिशत र पुजिगत कार्यक्रम तर्फ रु. २९ करोड ६९ लाख २२ हजारले हुन आउने ४२.८२ प्रतिशत वजेट विनियोजन गरेको छु।

**(ख) आर्थिक विकासका क्षेत्रमा सुधार**

१) स्थानीय राजस्व संकलन क्षेत्रका जनशक्तिलाई सक्षम वनाइ क्षमता अभिवृद्धि गरी आन्तरिक आम्दानीको अभिलेखीकरण र पारदर्शीता कायम राखि प्रत्येक चौमासिक अवधिमा आन्तरिक आम्दानी विवरण सार्वजनिक गरिनेछ।

२) घरजग्गा बहाल करको अभिलेखनको कार्य सँगसँगै हरेक वडा वडामा व्यवसायहरूको अध्ययन सर्भेक्षण गरी आगामी आर्थिक वर्ष भित्रमा कम्तीमा १,५०० करदातालाई करको दायरामा ल्याई कर संकलन गरिने छ।

३) आ.व. २०७७।०७८ मा नगर क्षेत्र भित्र रहेका सडकको सुधार गरी अटो रिक्सा, ई रिक्सा, जीप, आदिलाई नगरस्तरीय सडकको उपयोग गरी यस्ता सवारी साधनहरूलाई करको दायरामा ल्याई रकम संकलन गरिनेछ।

४) करदाता उत्प्रेरणा अन्तरगत सबै भन्दा बढी कर बुझाउने करदातालाई सम्मान गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सञ्चालन गरिनेछ।

५) उद्योग वाणिज्य संघसँगको सहकार्यमा नगरक्षेत्रमा संचालित विभिन्न होटल, व्यापार व्यवसायहरूको अभिलेख राखी व्यवसायको सुरक्षामा प्रत्याभूति दिइने छ।

६) उद्योगहरूको अभिलेख राखी प्रत्येक चौमासिक अवधिमा तोकिएको राजस्व दाखिला गर्न उत्प्रेरित गराइ उद्योगी र व्यवसायीहरूमा आपसी समन्वय कायमगरी विकास निर्माणका काममा नीजिक्षेत्रलाई उत्साहित गराउने तर्फ पहल गरिने छ।

७) प्रत्येक वडा कार्यालयहरूबाट अनलाइन राजस्व संकलन व्यवस्था मिलाई कुन वडाबाट कुन दिन कति राजस्व संकलन भएको हो भन्ने वारेमा नगरको केन्द्रबाट दैनिक जानकारी लिन सकिने व्यवस्था मिलाइने छ।

८) राजस्व संकलन कार्यमा उत्साहजनक रुपले कामगर्ने कर्मचारीलाई प्रोत्सानस्वरुप पुरस्कृत गरिने व्यवस्था मिलाइने छ।

९) व्यवसायिक कृषि, उन्नत विउ उत्पादन, नगदेवालीमा आधारित कृषि व्यवसाय जस्ता कार्यक्रमहरू सञ्चालन गरी यसवाट गरिवी न्यूनीकरण तर्फ जोड दिईने छ। यस कार्यका लागि सहकारी संस्थालाई उत्प्रेरित गर्दै कृषि व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक परामर्श लिइने छ।।

१०) नगर क्षेत्र र ग्रामीण क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूको व्यवसाय दर्ता गरी व्यवसायको अभिलेखीकरण गरी आय आर्जनमा वीत्तीय क्षेत्रको सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइने छ।

११) स्थानीय तहमा कार्यरत गैह्रसरकारी संस्था, स्थानीय कृषि विकाससँग सम्बन्धित सामुदायिक संस्थाहरूलाई रोजगारी सिर्जना हुने र कृषि तथा पशुपालन व्यवसायलाई अभिबृद्धि गर्ने कार्यक्रम ल्याउन आह्वान गरिने छ।

१२) मासु तथा दुग्धउत्पादन वृद्धिमा उत्साह बढाउने गरी सम्बन्धित कृषक र नगरपालिकाको साझेदारीमा पशुहरूको वीमाको कार्यक्रम सञ्चालन गरिने छ।

१३) नगरवासीहरूकालागि स-साना उद्यमसंचालन गरी दैनिक आयआर्जनमा सहयोग पुग्ने गरी गैह्रसरकारी संस्थाहरूको सहकार्यमा लघु उद्यम विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१४) यस क्षेत्रमा रहेका पर्यटकीय स्थलहरूको पहिचान गरी त्यस्ता स्थानहरूको प्रवर्धन तथा प्रचार प्रसार गरी आन्तरिक पर्यटकहरूलाई आकर्षण गराई आयआर्जनमा वृद्धि गराइने छ।

१५) यस क्षेत्रका अति विपन्न तथा गरिब परिवारहरूको लगत संकलन गरी त्यस्ता गरिब परिवारहरूलाई राज्यबाट थप सहुलियत उपलव्ध हुने व्यवस्था मिलाइने छ।

१६) विद्युत नपुगेका धार्मिक तथा पर्यटकीय स्थलहरूमा वैकल्पिक उर्जा लगायत विद्युत सेवाको विस्तारमा आवश्यक पहल गरिने छ।

१७) नगरको सम्पुर्ण वस्तुस्थिति झल्किने विद्युतीय नगर प्रोफाइल अद्यावधिक गराइने छ।

## ग) सामाजिक विकास क्षेत्र :

१) कोरोना महामारीबाट जोगिनका लागि आवश्यक मात्रमा क्वारेन्टिन स्थलहरू व्यवस्थापनका लागि नगरस्तरीय क्वारेन्टिन व्यवस्थापन समिति गठन गरी क्वारेन्टिन स्थलको सुधार गरिने छ।

२) कोरोना महामारीबाट जोगाउन अति विपन्न अपाङग, वृद्ध, असहायहरूका लागि राहत सामाग्री/सहयोग कार्यक्रमहरू उपलव्ध गराइने छ।

३) कोरोना भाइरसबाट मृत्यूहुने व्यक्तिका लागि उपयुक्त स्थानमा शवदाहस्थानको पहिचान गरि सो को आवश्यक व्यवस्था मिलाइने छ।

४) स्वास्थ्य क्षेत्रको सवलीकरणका लागि आवश्यकता अनुसारको औषधि उपकरणहरूको व्यवस्था गरी कम्तीमा एक जना एम.वि.वि.एस. स्तरको डाक्टरको दरवन्दी सिर्जना गरि स्वास्थ्य क्षेत्रमा थप सुधारका प्रयास गरिने छ।

५) स्वास्थ्य संस्थाहरूका लागि आवश्यक पर्ने औषधि, स्वास्थ्य उपकरण, मास्क,पन्जा जस्ता अति आवश्यक सामाग्रीहरू अभाव नहुने व्यवस्था मिलाइने छ।

६) यस नगरपालिका क्षेत्रका तीनवटा भेगका लागि एक-एक वटा एम्वुलेन्स सेवा सञ्चालनका लागि निरन्तर प्रयास गरिएकोमा थप दुइवटा एम्वुलेन्स खरिद गरी प्रयोगमा ल्याइने छ।

७) स्वास्थ्य संस्थामा कोरोना रोगलागेका विरामीहरूका उपचारमा संलग्न अग्रपंतिमा खट्ने स्वास्थ्य कर्मीहरूलाई तोकिए अनुसारको प्रोत्साहन भत्ताको व्यवस्था मिलाइने छ।

८) नगरभित्रका सबै बालबालिकाहरू पूर्ण खोप कार्यक्रमवाट वञ्चित हुन नपर्ने व्यवस्थाका लागि स्थानीय स्वस्थ्य स्वयमसेविका हरूसमेतवाट घरदैलो अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ।

९) खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ। खानेपानीको अभाव भएका सार्वजनिक स्थलहरूमा क्रमशः खानेपानीको व्यवस्था मिलाइने छ।

१०) एक घर एक धाराको अवधारणालाई निरन्तरता दिइ धारा नपुगेका घरधुरीहरूलाई खानेपानीको धारा पुग्ने गरी आवश्यक व्यवस्था मिलाउने तर्फ निरन्तर प्रयास गरिने छ।

११) सरसफाई वानी व्यवहार परिवर्तन गर्न स्थानीय समुदायको अगुवाईमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२) प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न गराउन सरकारी तथा गैह्रसरकारी निकायहरू मार्फत प्रोत्साहित गरी निशुल्क र अनिवार्य शिक्षालाई पूर्ण रुपले कार्यन्वयनमा ल्याइने छ।

१३) विद्यालय क्षेत्रमा आवश्यकता अनुसार स्यानिटरी प्याड र सो का लागि डस्वीनको व्यवस्था मिलाइने छ।

१४) शिशु देखि ५ कक्षा सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको कार्यक्रमलाई स्वस्थ्य, सरल र पहुंचयोग्य बनाउन प्रयत्न गरिने छ।

१५) विद्यालय व्यवस्थापन र सञ्चालनका वखत शिक्षक विद्यार्थीहरूका लागि माक्स, सेनिटाइजर

लगायत सावुन पानीले हातधुने आवश्यक व्यवस्था मिलाइने छ।

१६) एक विद्यालय एक नर्सको कार्यक्रम वढाउदै लैजानका लागि सम्बन्धित निकायमा पहल गरिने छ।

१७) Class room connectivity training लाई निरन्तरताका लागि सम्बन्धित निकायमा पहल गरिने छ।

१८) बालविकास कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पहल गरिने छ।

१९) प्रविधिमैत्री शिक्षण कार्यमा अग्रसर गराउन क्रमशः थालनी गरिने छ।

२०) राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशील गै.स.स.हरूसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ।

२१) विदेश गइ वैदेशिक रोजगारमा रहेका तथा रेमिटेन्स उपलव्ध गराएका नगरवासीहरूको वित्तीय सुधार लगायत परामर्शका लागि गैह्रसरकारी संस्थाहरूको सहयोगमा उपयुक्त कार्यक्रम सञ्चालन गरिने छ।

२२) पानीको स्रोत संरक्षणको लागि डीप वोरिडबाट खानेपानी योजना सञ्चालन भएको स्थान वरपर, घरपालुवा जनावर वा वन्यजन्तु समेतलाई खानेपानीको सहज पहुँचका लागि उपयुक्त स्थानमा पानीसंकलन गर्ने पोखरी निर्माणका लागि आवश्यक पहल गरिने छ।

२३) सार्वजनिक जग्गाको अभिलेख राखी त्यस्ता जग्गाहरू संरक्षणका लागि आवश्यक पहल गरिने छ।

२४) नगरपालिका वा मातहत निकायवाट भए गरेका क्रियाकलापहरू नगरवासीहरूलाई सूसूचित गराउने गरी रेडियो तथा टेलिभिजनबाट प्रशारण गर्ने व्यवस्था मिलाईने छ।

२५) समुदायको संस्कार, संस्कृति र परम्परा संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गरिने छ।

२६) पाटी, पौवा, मठ, मन्दिर, चौतारा जस्ता सार्वजनिक महत्त्वका सम्पदाहरूको संरक्षण गरिने छ।

१) **शिक्षा क्षेत्र** : हाल यस नगरपालिका क्षेत्रमा नगरस्तरीय वजेटबाट पुरा शिक्षक दरवन्दि नभएका विद्यालयमा २८ वटा शिक्षकको अस्थायी दरवन्दीकायम गरी विद्यालयको शैक्षिक स्तरसुधारको कार्यमा खटाइएकोले उक्त दरवन्दी आगामी वर्ष समेत निरन्तरता दिइने छ। ग्रामिण क्षेत्रमा रहेका, विद्यालयको पहुंच भन्दा टाढा रहेका, श्रमिक कृषकहरूका छोराछोरीहरू समयमा विद्यालयमा आउन र विद्यालयबाट समयमा घरसम्म पुग्न कठिन अवस्थाका विद्यार्थीहरूलाई विद्यालय भर्नामा समस्या, दैनिक विद्यालय आउन जान नसकी अन्य क्षेत्रमा वरालिन सक्ने हालको अवस्थालाई सुधार गर्न त्यस्ता समस्यामा परेका विद्यार्थीहरूलाई पठनपाठनमा निरन्तरता दिने गरी चालु आ.व. मा आवासीय विद्यालय सञ्चालनको लागि अन्तिम चरणमा पुगीसकेको छ। बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा नसमेटी समाजको परिर्वतन हुन नसक्ने हुनाले शिक्षा क्षेत्रको सुधारलाई विशेष प्राथमिकता दिइ निरन्तरता दिन आगामी आ.व. मा समेत निरन्तरता दिइने छ।

२) **स्वास्थ्य क्षेत्र** : यस नगरपालिका क्षेत्रका ३ वटा स्वास्थ्य चौकी र ६ वटा आधारभूत स्वास्थ्य केन्द्रहरूबाट नगरवासीहरूलाई निरन्तर सेवा उपलव्ध भइरहेको छ। कोरोना भाइरसको महामारीका कारण स्वास्थ्यकर्मीहरू समेत जोखिममा पर्नसक्ने हालको अवस्थाबाट उनीहरूको मनोवल उच्चराख्न आवश्यक स्वास्थ्य उपकरणहरू समेत उपलव्ध गराउन, स्वास्थ्य चौकी सुधार, क्वारेन्टिन निर्माण र व्यवस्थापन, न्यूनतम स्वास्थ्य उपकरको व्यवस्थापन आदि जस्ता कार्यका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

(**घ**) **पूर्वाधार क्षेत्र :**

पूर्वाधार विकासको मूल आधार हो भन्ने मान्यतालाई अगाडी वढाउन हाल यस क्षेत्रमा सञ्चालनमा रहेका सडकहरूलाई वर्षादको समयमा समेत सञ्चालनमा ल्याउन, अति आवश्यक सडकमार्गमा नगर वससेवा सञ्चालन गर्न र हाल सञ्चालनमाा रहेका सबै सडकहरूलाई उपयोग गर्न सक्ने अवस्थामा ल्याउन, उक्त सडकको माध्यमबाट कृषि उपजहरू  जुनसुकै वखत नजिकको वजारसम्म पुर्‍याउन, सुत्केरी र विरामीहरूलाई एम्वुलेन्सको माध्यमबाट सुविधा युक्त स्वास्थ्य संस्थासम्म पुर्‍याउन, जुनसुकै मौसममा आपतकालिन अवस्थामा एम्वुलेन्स पुर्‍याउन सक्ने बनाउने गरी आगामी वर्ष नयाँ सडक खोल्नको सट्टा हाल कायम रहेका सडकलाई चालु अवस्थामा ल्याउने नीति अवलम्वन गरिनेछ। चालु आ.व. मा नगरकै गौरवको रुपमा रहेको डाँडाडी-बडारे-जीवनपुर-किटनी-कोल्पू सडकलाई कालोपत्रे गर्नेकार्यको थालनी भएको छ। धार्के सीतापाइला सडक ग्राभेल गर्ने कार्य सम्पन्न भइसकेकोले आगामी दिनहरूमा नौविसे देखि काठमाण्डौंसम्म हुने जामको समस्या केहीहदसम्म कम हुने अनुमान गरिएको छ। यस क्षेत्र अन्तरगत सडक, सिंचाइ-कुलो, ढल, नाला निर्माण, भौतिक संरचनाहरूको निमांण तथा मापदण्ड कायम, विद्युतीय विस्तार, सञ्चार सुदृढीकरण, अनलाइन सेवा, सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेखीकरण जस्ता कार्यहरू समावेश गरिएको छ । यी उल्लेखित कार्यहरू सञ्चालनका लागि यस नगरपालिकाले निम्नानुसारका कार्यनीतिहरू अवलम्वन गर्दै जाने छ।

१) स-साना सडकहरूमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्त्वपूर्ण मानिएका र नगरस्तरीय  सडक गुरुयोजनामा परेका नगरका गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गरी त्यस्ता सडकहरूलाई वाह्रैमहिना सञ्चालनमा ल्याइ नगर यातायात सञ्चालन गर्ने तर्फ प्रयत्न गरिने छ।

२) भवन निर्माण निर्देशिका अनिवार्य रुपले कार्यान्वयनमा ल्याइ नयाँ घर निर्माण गर्दा नक्सापास गरेर मात्र भूकम्प प्रतिरोधी क्षमताका घर निर्माण गर्ने र नगरपालिका कार्यान्वयनमा आउनु पूर्व निर्माण सम्पन्न भइसकेका रित पूर्वकका भवनहरूलाई अभिलेखीकरण गर्ने कार्यलाई निश्चित अवधि तोकी तोकिएको अवधि भित्र अभिलेखीकरण गरिसक्नु पर्ने व्यवस्था मिलाइने छ।

३) आउदा दिनहरूमा भवन निर्माण गर्ने निर्माण व्यवसायी तथा मिस्त्रीहरूका लागि अग्रीम तालिम दिएर त्यस्ता तालिम प्राप्त व्यक्तिहरूबाट भवन निमाण गर्ने व्यवस्था मिलाउन प्रयास गरिने छ।

४) संभव भएसम्मका स्थानहरूमा नयाँ वन्ने नयाँ घरहरूमा वातावरणीय सन्तुलनका लागि  एक घर एक रुखको व्यवस्थाका लागि पहल गरिने छ।

५) अति विपन्न गरिब दलित तथा असहायहरूका लागि घर निर्माणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूसँग समन्वय गरी आवश्यक प्रबन्ध मिलाइने छ।

६) नयाँ बन्ने सार्वजनिक भौतिक संरचना अपाङ्ग तथा बालबालिकाहरू समेतले सहजै उपयोग गर्न सक्ने गरी अपाङ्ग तथा बाल मैत्री संरचना निर्माणमा जोड दिइनेछ।

७) विद्युत, यातायात, खानेपानी सञ्चालन लगायत पूर्वाधार विकासका क्षेत्रका लागि सम्बन्धित निकायसँग समन्वय गरी थप कार्यक्रम सञ्चालन गरिने छ।

## ङ) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

वातावरणीय रुपले सन्तुलन नभएसम्म अनेक प्रकारका रोगहरूसँग मुकाविला गर्नुपर्ने अवस्था आउने, हालको जलवायु परिवर्तनको समस्याले अनाबृष्टि अतिबृष्टि जस्ता समस्याहरू वढी रहेका छन् । समयमापानी पर्न नसक्ने, पानी पर्दा अत्यधिक बाढी आएर क्षति पुऱ्याउने, धुवाँ धुलोको कारण मानवीय जीवनमा प्रत्यक्ष असर पर्ने भएकोले वातावरणको सन्तुलनका लागि आउदा दिनहरूमा यस तर्फ विशेष पहल गरिने छ ।

१) सडकमा पहिरो जाने भूक्षय हुने समस्याको समाधानका लागि आउदा वर्ष देखि मापदण्ड पुगेका सडकका दायाँवायाँ किनारामा बृक्षरोपणको लागि आवश्यक पहल गरिने छ ।

२) नयाँ सडक खोल्ने वा साविकका सडक चौडा पार्ने सिलसिलामा कसैको घरमा क्षति पुग्न गई घर नै जोखिमको अवस्थामा रहेको देखिएकोले त्यस्ता घरहरूको संरक्षणको लागि आवश्यक पहल गरिने छ ।

३) खोला नालाको संरक्षणका लागि तटवन्ध निर्माण गर्नकालागि सम्बन्धित वडाबाट त्यस्ता कार्यक्रमहरू समावेश गरी वाढी, पहिरो नियन्त्रण, भूक्षय नियन्त्रण आदिजस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

४) बाढी पहिरोको कारण खाने पानीको पाइप, कुलो, आगजनी आदि जस्ता विपत जन्य कार्यहरूमा नगरवासीहरूलाई आवश्यक सहयोग उपलव्ध गराइने छ ।

५) कोरोना भाइरस लगायत यस्तै प्रकृतिका अन्य विपतजन्य रोगहरूसँग नगरवासीहरूलाई जोगाउन यथासक्य प्रयत्न गरिने छ ।

## (च) संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनः

नगरपालिका कार्यालय भवन निर्माण, वृद्धबृद्धाहरूको लागि आश्रम तथा मनोरन्जन स्थल, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाको सुदृढीकरण र यस्ता संस्थाहरूवाट दिइने सेवा प्रवाह र पारदर्शिता सम्वन्धी कार्यहरू र यस सम्वन्धी भए गरेका गतिविधिहरूको सार्वजनिक सुनवाइ आदि जस्ता कार्यहरू यस क्षेत्रमा समावेश गरिएको छ ।

१) चालु आ.व. मा खरिद भएको जग्गामा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि विस्तृत योजना प्रतिवेदन तयार गरी माटो परीक्षणको कार्यसमेत सम्पन्न भइ सकेकोले उक्त स्थानमा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि तालुक निकाय र यस नगरपालिकाको पहलमा प्रशासकीय भवन निर्माण गरी सकेसम्म छिटो आफ्नै भवनबाट सेवा सञ्चालन गरिने छ ।

२) चालु आ.व.मा भवन निर्माणको टेण्डर भएका वडा नं. ३, वडा नं. ९ का वडा कार्यालय भवन निर्माणकार्य निरन्तरता दिइ यथासक्य छिटो उक्त भवनबाटै सेवा सञ्चालन गरिने छ ।

३) आफ्नै भवन नभएका वडा नं. १, ३, ५, ६, ८, र ९ का स्वास्थ्य चौकीका भवनहरू निर्माणधीन अवस्थामा रहेकाले उक्त भवनहरू सम्पन्न हुनासाथ सोही भवनबाटै सेवा सञ्चालन गरिने छ ।

४) विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स. समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ ।

५)	सहभागिताको माध्यमबाट ग्रामीण गरिवी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ।

६)	लघुउद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न आगामी आ.व. देखि सञ्चालित गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम र घरेलु तथा साना उद्योग/स्थानीय वाणिज्य संघ मार्फत सञ्चालित लघु उद्यम कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

७)	अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरी विभिन्न स्थानमा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरू, कृषि क्षेत्रका विकास र सुधारका कार्यक्रमहरू, प्राविधिक शिक्षा विकासका कार्यक्रमहरू जस्ता योजना तथा कार्यक्रमहरूलाई आपसी समन्वय र सहकार्य र सहलगानीका माध्यमबाट सोको प्रतिफल नगरवासीहरूलाई उपलव्ध गराउन प्रयत्न गरिने छ।

८)	नगरपालिका वा अन्तरगत वडा कार्यालयमा कार्यरत  कर्मचारीहरूलाई कार्यालय प्रति जवाफदेही बनाउन र आन्तरिक आम्दानी वृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य सञ्चालन गरी शुसासन कायम गर्न विशेष योगदान दिने उत्कृष्ठ कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने व्यवस्था मिलाइने छ।

९)	सवारीसाधन खरिद, कर्मचारी दरवन्दी सिर्जना जस्ता अनुत्पादक खर्च सकेसम्म कटौती गरिने छ।

१०)	न्यायिक समितिबाट सम्पादन हुने कार्यहरूमा न्यायिक पहुँच पुग्ने व्यवस्था मिलाउने गरी न्यायिक समितिका पदाधिकारीहरूको क्षमता विकास गरिने छ।

११)	न्यायिक समितिबाट सम्पादन हुने कार्यहरू वडा टोल वस्तीहरूमा न्यायको प्रत्याभूति हुनेगरी प्रभावकारी ढंङ्गले अगाडि वढाइने छ।

## छ)	लक्षित वर्ग

समाजमा पछाडी परेका, अधिकांश समय श्रम गरेर बस्नुपर्ने तर श्रमको उपयुक्त पारिश्रमिक पाउन नसकेका, दलति महिला समुदायहरूलाई आर्थिक रुपले सक्षम वनाइ समाजको मूल प्रवाहमा ल्याउन, विद्यालय जाने वा विद्यालय वाहिर रहेका बालबालिकाहरूको लागि आवश्यक शैक्षिक व्यवस्था मिलाउन, विद्यालय जाने उमेर नाघिसकेका बालबालिकाहरूका लागि अतिरिक्त कक्षा सञ्चालन, शारीरिक अपाङ्गताका कारण अन्य व्यक्तिहरूले जस्तै श्रम गरी दैनिक जीवन निर्वाहगर्न नसक्ने व्यक्तिहरू र उमेर अवस्थाका कारण श्रमगर्न नसक्ने जेष्ठ नागरिकहरूका लागि राज्यबाट उपब्ध हुने संरक्षणका क्रियाकलावहरू यस क्षेत्रमा समावेश गरिएको छ।

१)	ज्येष्ठ नागरिकको सम्मानका लागि कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीवनयापनका लागि घर परिवारबाट अपमानित हुन परेको भए त्यस्ता परिवारलाई घरदैलो शसक्तिकरण कार्यक्रमको थालनी गरिने छ।

२)	एकल महिला, दलित महिलाहरूका लागि रोजगार सिर्जना हुने गरी रुचीअनुसारका सीप सिकाएर आत्म-निर्भर गराउने तर्फ प्रयत्न गरिने छ।

३)	शारीरिक अपाङ्ग/भिन्न क्षमता भएका व्यक्तिहरूलाई विशेष कार्यक्रम सञ्चालन गरी उनीहरूले गर्न सक्ने कामका लागि सीप सिकाउनका लागि थप प्रयत्न गरिने छ।

४)	शारीरिक अपाङ्गता भएता पनि कुनै कामगर्न सक्ने इच्छुक व्यक्तिहरूलाई चाहेअनुसारको सीप

सिकाइ आय आर्जन गर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ।

५) अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायता सामाग्री उपलब्ध गराउने तर्फ आवश्यक पहल गरिने छ।

६) हिंसामा परेका,जीउ ज्यानको जोखिम भइ स्वतन्त्ररुपले परिवारमा मर्यादित भएर वस्न नसकेका नगरपालिका भित्रका पिडित महिलाहरूलाई सेफहाउसमा सम्मान पूर्वक वस्ने व्यवस्थाका लागि आवश्यक प्रयत्न गरिने छ।

७) स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जनाहुने कार्यक्रम सञ्चालन गरिने छ।

८) विभिन्न समुदायका महिला, दलित जनजाती तथा असहाय महिलाहरूकालागि विभिन्न सीप सिकाइ आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर गराउने तर्फ प्रयत्न गरिने छ।

९) विद्यालय जाने उमेर नाघेका किशोर किशोरीहरूलाई प्लम्विङ, इलेक्ट्रिसियन, हाउस वायरिङ जस्ता जीवनोपयोगी सीप सिकाइ आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१०) नगर क्षेत्रका बालबालिकाहरूको चेतना अभिवृद्धिका लागि वालक्लव गठन तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

माथि उल्लेखित विषयसँग सम्बन्धित कार्यक्रमहरूमा आगामी वर्षका लागि यस नगरक्षेत्रबाट सम्भव भएसम्मको वजेट व्यवस्था गरी उल्लेखित कार्यप्रति हामी सबै जनप्रतिनिधिहरू एकवद्ध भएर लग्नु पर्ने विषयमा सबैको ध्यान केन्द्रित गर्न चाहन्छु।

नगरवासीहरूका चाहनाहरू अनगिन्ती छन् सबै चाहनाहरू एकै वर्षको वजेट व्यवस्थाबाट पुर्तिको सम्भावना नभएकोले अति आवश्यक देखिएका उल्लेखित नीति तथा कार्यक्रमहरू आगामी वर्षमा समेत क्रमिकरुपले वजेट व्यवस्थापनको निरन्तरताका लागि अपेक्षा गरिएको छ।

उल्लेखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयनबाट नगर क्षेत्रमा परेको सकारात्मक तथा नकारात्मक असरको मुल्यांकन यथा समयमा हुने नै छ। यसको निष्पक्ष मुल्यांकन गरी नगरपालिकाबाट भए गरेका कार्यहरू प्रति निर्वाचित जनप्रतिनिधिज्यूहरू, समाजसेवी, वुद्धिजीवि, अग्रज सामजिक अभियान्ता महानुभावहरूबाट सकारात्मक सुझावको अपेक्षा गरिएको छ। नगरको सुधार र विकासका लागि एकल प्रयासले मात्र नसकिने भएकोले उल्लेखित नीति तथा कार्यक्रमहरू कार्यन्वयनमा एक आपसमा हातेमालो गर्दै अगाडि बढ्नका लागि यस क्षेत्रमा कार्यथलो वनाइ स्थापना तथा सञ्चालनमा रहेका सरकारी, गैह्रसरकारी, निजी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, व्यवसायी, उद्योगी, व्यापारी, शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी लगायत सम्पूर्ण नगरवासी दाजुभाइ दिदी वहिनी बुवा-आमा सबैमा हार्दिक अपिल गर्दछु। धन्यवाद

**२०७७ असार १० गते**

<u>प्रस्तुत कर्ता</u>
**निरु खरेल**
उप प्रमुख
धुनिवेशी नगरपालिका, धादिङ

## २.१ नगरसभाका निर्णयहरुः-

**मिति २०७७ असार १० गते देखी सञ्चालन भएको सातौं नगर सभाका निर्णयहरू निम्नानुसार रहेका छन् ।**

**निर्णय नं. १**

नगरसभामा पेश भएका देहाय अनुसारका विधेयकहरू स्वीकृत गर्ने निर्णय गरियो ।

क) आर्थिक विधेयक २०७७ र सो सँग सम्बन्धित अनुसूचिहरू

ख) विनियोजन विधेयक २०७७ र सो सँग सम्बन्धित अनुसूचिहरू

ग) जलस्रोत विधेयक २०७७

**निर्णय नं. २**

नगर उप-प्रमुख श्री निरु खरेलज्यूले सभामा पेश गर्नु भएको आ.व. २०७७।०७८ को बजेट वक्तव्यका अतिरिक्त गत वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आ.व.२०७६/०७७ को संशोधित अनुमान तथा आगामी आ.व.को नीति, बजेट, कार्यक्रम अनुसार योजना/कार्यक्रम कार्यान्वयका लागि नगर कार्यपालिकाबाट प्रस्ताव गरिएको कुल रु.६९ करोड ३३ लाख ८७ हजार ५ सय मध्ये चालु तर्फ ३९ करोड ६४ लाख ६५ हजार ५ सय ५७.१८ प्रतिशत र पुँजीगत तर्फ २९ करोड ६९ लाख २२ हजार ४२.८२ प्रतिशत को निम्न अनुसारको आय व्यय अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

| आम्दानीका स्रोत | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक स्रोत | जम्मा रकम रु. हजारमा |
|---|---|---|---|---|
| सामानीकरण अनुदान रकम | १५६९०० | १०२१५ | | १६७११५ |
| राजश्वको वाँडफाँडबाट | ७६४२३ | १६७८६ | | ९३२०९ |
| राजिष्ट्रशन शुल्क वापत | | १२००० | | १२००० |
| आन्तरीक आम्दानी | | | ८००४४ | ८००४४ |
| बैंक मौज्दात अ.ल्या. | | | ११०३०० | ११०३०० |
| विशेष अनुदान | ८००० | ३००० | | ११००० |
| ससर्त अनुदान | १७०५०० | १६५४६ | | १८७०४६ |
| समपुरक अनुदान | | २०००० | | २०००० |
| दहत्तर वहत्तर विक्रिबाट | | १२६७३.५ | | १२६७३.५ |
| **जम्मा रकम** | **४११८२३** | **९१२२०।५** | **१९०३४४** | **६९३३८७।५** |

**निर्णय नं.३**

नगरसभाको कार्य क्षेत्रभित्र रहेका तथा नगरसभाबाट प्रत्यायोजित अधिकार अनुसार नगर कार्यपालिकाको बैठकबाट भएका निर्णय र सो अनुसार सम्पादन भएका कार्यहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

नगरसभाको क्षेत्राधिकारका विषयहरू मध्ये कतिपय कार्य तत्काल गर्नुपर्ने अवस्थामा नगर सभा बस्न नसक्ने भए बमोजिम पछि नगरसभाबाट अनुमोदन गराउने गरी नगर कार्यपालिकाबाट भएका निर्णयहरू अनुमोदन गरी आगामी वर्षका लागि समेत सोही अनुसार अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

सातौ नगरसभाको अवधिसम्म कामकाज गरेका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई लकडाउनको अवधि समेतमा कार्यालय प्रति बफादार भई कामकाज गरिरहेकाको हकमा १ महिनाको तलब र लकडाउनको अवधिभर अनुपस्थित रही असार महिनामा मात्र कार्यालयमा हाजिर हुन आएका कर्मचारीका हकमा आधा महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६**

यस नगरपालिका क्षेत्रमा कार्यरत कर्मचारीहरू स्थायी र करार (कुनै आयोजना, कार्यक्रम अर्न्तगत कार्यरत बाहेक) समेतलाई नेपाल सरकारले तोकेको मासिक पारिश्रमिक रकममा नघट्ने गरी मासिक पारिश्रममिक रकम र संघिय सरकारले तोके अनुसारको पोशाक र चाडपर्व खर्च समेत तोकिए अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७**

आगामी आ.व.२०७७।०७८ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संचालित आयोजना कार्यक्रमहरू नगर कार्यपालिकाको निर्णय अनुसार आयोजना छनौट गरी स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

संघीय सरकार प्रदेश सरकार लगायत अन्य कुनै संघ संस्थाहरूमा विकास आयोजनाहरू स्वीकृतिका लागि नगरसभाको निर्णय आवश्यक पर्ने अवस्थामा आगामी नगरसभाबाट समर्थन हुने गरी योजना कार्यक्रमहरू सिफारिस गरी पठाउन नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

कानून अनुसार स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरूको वार्षिक तलबी प्रतिवेदन स्विकृत गर्ने निकाय कानूनद्धारा नतोकिएमा सोही बमोजिम हुने गरी आ.व.२०७७।०७८ का लागि संघीय सरकारबाट प्रचलित तलब तलब वृद्धि समेत पाउने गरी यस नगरपालिका क्षेत्रमा कार्यरत स्थायी कर्मचारीहरूको नियमानुसार तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा वस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका संशोधन सहित २०७६ अनुसार नगरपालिका क्षेत्रभित्र भौतिक संरचना (सरकारी, औद्योगिक, व्यापारिक, आवासिय भवन आदी) निर्माण गर्दा आवश्यक कागजात सहित नगरपालिकामा दरखास्त दिई अग्रिम स्वीकृती लिएरमात्र भवन निर्माण गर्नुपर्नेमा सो पालना गरेको नदेखिएकोले व्यवस्थित वस्ति विकास गर्ने सिलसिलामा अब बन्ने नयाँ भवनको हकमा अनिवार्य रुपले अग्रिम स्विकृति लिएर मात्रै भवन निर्माण गर्ने व्यवस्था कडाईका साथ कार्यान्वयनमा

ल्याउने । यस अघि निर्माण भएका भवन र नगरपालिका कार्यान्वयन हुनुपूर्व निर्माण भइसकेका भवनको हकमा तोकिए अनुसारको अवधिभित्र अभिलेखीकरण गरी नियमित गराउने व्यवस्था मिलाउने । तोकिएको अवधिभित्र त्यस्ता भवनहरू नियमित हुन नसकेमा वा कानून विपरित निर्माण भएका भवनका हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ मा व्यवस्था भए अनुसार दण्ड जरिवानाको व्यवस्था कडाईका साथ कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं**. ११

गत विगत वर्षहरूमा नगरपालिकाबाट भए गरका कार्यको भुक्तानीका सिलसिलामा महालेखापरिक्षकबाट अन्तिम लेखापरिक्षणका बखत् देखिएका वेरुजु रकम कानून अनुसार फरफारक गरी रित नपुगेकोमा रित पुऱ्याउने, हिनामिना गरी असुल उपर गर्नुपर्ने देखिएको रकम प्रमाण नपुग्ने अवस्थामा नियमानुसार असुल उपर गरी हिसाब फरफारक गर्ने/गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं**.१२

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) लाई नियन्त्रण, व्यवस्थापन र यसको रोकथामका सन्दर्भमा नेपालका विभिन्न स्थान, भारत लगायत विदेशी मुलुकबाट यस नगरपालिका क्षेत्रमा आउन चाहनेहरूसँग दिनहुँ सम्पर्कमा रही क्वारेन्टिन निर्माण, अनुगमन, व्यवस्थापन, लकडाउनको निर्णय कार्यान्वयनबाट प्रभावित राहत पाउन योग्य व्यक्तिहरूको लगत संकलन, राहत वितरण आदी जस्ता कार्यमा खटिएको चैत्र देखि हालसम्मको अवधिको लागि नगरपालिकाका जनप्रतिनिधिहरूलाई निजहरूले पाउने एक महिनाको सुविधा बराबरको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं**.१३

नगरपालिका क्षेत्रभित्र पूर्वाधार विकासका क्रममा साविकका सडकहरू विस्तार गर्दा, नयाँ सडक खोल्ने सिलसिलामा वा वर्षादको समयमा बाढी, पहिरो, भू-क्षय जस्ता विविध कारणबाट क्षति पुग्न गएका जोखिमयुक्त भवनहरू, सिंचाइका कुलो, खानेपानीका पाइप लाइन, सम्बन्धित वडा कार्यालयको सिफारिस र प्राविधिकबाट तयार पारिएको लागत ईष्टिमेट अनुसार घर धनी तथा उपभोक्ता समिति समेतको लागत सहभागीताबाट न्यूनतम बजेटमा त्यस्ता जोखिमयुक्त भवनहरू, बाढी, पहिरो, भू-क्षय नियन्त्रण/संरक्षण गर्दा वा वर्षादको समयमा परिआउने जोखिमयुक्त जूनसुकै कार्यमा खर्चहुने रकम विपद व्यवस्थापन कोषबाट नपुग हुन गएमा चालु आ.व.मा बचत हुने जुनसुकै शीर्षकको रकमबाट भुक्तानी गरी त्यस्ता जोखिमयुक्त भवनलगायत अन्य विपतजन्य कार्यहरूको संरक्षण गर्ने/गराउने निर्णय गरियो ।

## खण्ड - ३

# वार्षिक विकास कार्यक्रम

## ३.१ नगरसभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम (आ.व.२०७७।०७८)

अनुसूची ६

**क्रियाकलाप गत व्यय अनुमान**

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : धुनिवेशी नगर कार्यपालिका ( ८०३३०४०१००१)

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|---|
| **धुनिवेशी नगरपालिका वडा नं.१ - ८०३३०४०१२०१** | | | | | |
| १ | लक्षित वर्ग उत्थान कार्यक्रम योजना (वडा नं.१) | १ | २२५२२ | ५०० | |
| २ | डाँडागाउँ हिलेपानी सडक स्तरोन्नती योजना | १ | ३११५१ | ४०० | |
| ३ | बराबोट ज्यामिरे पाठक गाउँ पिपल बोट सडक स्तरोन्नती योजना | १ | ३११५१ | १,००० | |
| ४ | लामागाउँ सार्कीटार सडक योजना | १ | ३११५१ | ८०० | |
| ५ | सडक मर्मत सम्भार योजना | १ | ३११५१ | ५०० | |
| ६ | सिंखडा गाउँ स्वानागाउँ सडक स्तरोन्नती योजना | १ | ३११५१ | १,००० | |
| ७ | अधारभुत स्वास्थ्यकेन्द्र खानेपानी ट्याङकी निर्माण योजना | १ | ३११५६ | ४०० | |
| ८ | हावाघर उप्रेती गाउँ मगर गाउँ खानेपानी योजना | १ | ३११५६ | ५०० | |
| ९ | दमदमे शैया निर्माण योजना | १ | ३११५७ | १,००० | |
| १० | विविध कार्यक्रम | १ | ३११७१ | ५०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.२ - ८०३३०४०१२०२** | | | | | |
| ११ | काभ्रेपखेरा स्वास्थ्य क्लिनिक (वडा नं. २) | २ | २७२१९ | १५० | |
| १२ | दलित, जेष्ठ नागरिक अशक्त (वडा नं.२) | २ | २७२१९ | ३०० | |
| १३ | बाल क्लव खेलकुद सामाग्री खरिद (वडा नं.२) | २ | २७२१९ | १०० | |
| १४ | महिला लक्षित कार्यक्रम (वडा नं. २) | २ | २७२१९ | ३०० | |
| १५ | लुँइटेल बन्धु कुलदेवता पाटी निर्माण योजना | २ | २७२१९ | १५० | |
| १६ | ट्रयाक्टर खरिद योजना (वडा नं. २) | २ | ३११२२ | ४०० | |
| १७ | वडा भरिकै सडक मर्मत संम्भार योजना | २ | ३११५१ | ७०० | |
| १८ | ठुलोखोला खत्रीगाउँ खानेपानी योजना क्रमागत | २ | ३११५६ | ५०० | |
| १९ | तल्लो भालुखोला कान्ले मुलावारी खानेपानी योजना | २ | ३११५६ | ६०० | |
| २० | सुकौरे गैराथोक डुम्रेचौर राम्चे खानेपानी योजना | २ | ३११५६ | २,५०० | |
| २१ | आकाशे मरनघाट निर्माण योजना | २ | ३११५७ | २०० | |
| २२ | भेटवालडाँडा चिहान पाटी निर्माण | २ | ३११५७ | २०० | |
| २३ | वडा भरिकै स-साना अन्य विकास कार्यक्रम | २ | ३११५९ | ७०० | |
| २४ | सुन्दरादेवी थान पाटी निर्माण योजना | २ | ३११५९ | ३०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.३ - ८०३३०४०१२०३** | | | | | |
| २५ | वडास्तरीय महिला तथा बालबालिका कार्यक्रम (वडा नं.३) | ३ | २७२१९ | ५०० | |
| २६ | कुवागैरी पाण्डेटोल सडक | ३ | ३११५१ | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | तुल्सीचौर महादेवस्थान देविथान सडक | ३ | ३११५१ | १,००० | |
| २८ | धोविखोला भागे भिरपानी फाले सडक | ३ | ३११५१ | २,५०० | |
| २९ | वडास्तरीय पुर्वाधार विकास कार्यक्रम (वडा नं.३) | ३ | ३११५१ | ५०० | |
| ३० | वडास्तरीय सडक मर्मत सम्भार (वडा नं.३) | ३ | ३११५१ | ५०० | |
| ३१ | नयाँगाउँ च्यानडाँडा पाटी निर्माण (वडा नं.३) | ३ | ३११५७ | ४०० | |
| ३२ | त्रिकुटेश्वरी आधारभूत विद्यालय ट्रस निर्माण (वडा नं.३) | ३ | ३११५९ | ४०० | |
| ३३ | भदौरेचौर खेलमैदान | ३ | ३११५९ | ६०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.४ - ८०३३०४०१२०४** | | | | | |
| ३४ | महिला बालबालिका दलित जनजाती कार्यक्रम संचालन (वडा नं.४) | ४ | २७२१९ | ५०० | |
| ३५ | जीवनपुर ठाँटी डहर मरनघाट सडक | ४ | ३११५१ | १,००० | |
| ३६ | थुम्की दमाहाढुंगा कोलाचौर सडक ग्राभेल | ४ | ३११५१ | ५०० | |
| ३७ | पातालखोला थुम्की गौतमचोक तल्लो मगर गाउँ कोल्पुखोला सडक खण्ड अन्तर्गत ढलान | ४ | ३११५१ | २,५०० | |
| ३८ | वडास्तरीय पुर्वाधार मर्मत सुधार कार्यक्रम (वडा नं.४) | ४ | ३११५१ | ५०० | |
| ३९ | वडास्तरीय सडक मर्मत सुधार कार्यक्रम (वडा नं.४) | ४ | ३११५१ | ५०० | |
| ४० | स्टोरमोड छापगाउँ कोल्पुखोला सडक मर्मत सम्भार | ४ | ३११५१ | ५०० | |
| ४१ | बज्रकोट डिप बोरिङ खानेपानी अन्तर्गत व्यवस्थीत धारा निर्माण | ४ | ३११५६ | ५०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.५ - ८०३३०४०१२०५** | | | | | |
| ४२ | महिला तथा बालबालिका कार्यक्रम | ५ | २२५२२ | ३०० | |
| ४३ | अमलेचौर-गहते-जीवनपुर सडक योजना | ५ | ३११५१ | ३०० | |
| ४४ | झोलुङ्गेपुल दर्शनढुंगे सडक योजना | ५ | ३११५१ | १०० | |
| ४५ | ढाक्रेवास-लामिछानेटार-चापागाँइ थोक सडक | ५ | ३११५१ | २०० | |
| ४६ | दर्शनढुङ्गे-गोरखनाथ-जीवनपुर सडक (१५ लाख) तथा बद्रिटार तीनपैरे चण्डीभञ्ज्याङ सडक (१० लाख) | ५ | ३११५१ | २,५०० | |
| ४७ | पुराण्डी-नेवारगाउँ-डुँडाचौर सडक योजना | ५ | ३११५१ | २०० | |
| ४८ | रूप्सेखोला-तातोपानी सडक योजना | ५ | ३११५१ | २०० | |
| ४९ | धाराचौर-कुमाइखोला खानेपानी आयोजना | ५ | ३११५६ | ३०० | |
| ५० | न्यौपानेडाँडा खानेपानी आयोजना | ५ | ३११५६ | २०० | |
| ५१ | लामिछानेटार खानेपानी आयोजना | ५ | ३११५६ | ७०० | |
| ५२ | ५ नं. वडा फ्रि वाइफाइ विस्तार योजना | ५ | ३११५९ | २०० | |
| ५३ | गोरखनाथ मन्दिर गेट निर्माण योजना | ५ | ३११५९ | ५०० | |
| ५४ | भुवनेश्वरी मा.वि. तारबार तथा फर्निचर | ५ | ३११५९ | ३०० | |
| ५५ | महादेवस्थान मा.वि. खेलकुद मैदान निर्माण | ५ | ३११५९ | ५०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.६ - ८०३३०४०१२०६** | | | | | |
| ५६ | महिला तथा बालबालिका कार्यक्रम | ६ | २२५२२ | ५०० | |
| ५७ | आचार्यटोल तल्लो बानियाँटार सडक योजना | ६ | ३११५१ | ५० | |
| ५८ | कोल्डाँडा सडक योजना | ६ | ३११५१ | ४०० | |
| ५९ | कालिदेवी मार्ग सुधार | ६ | ३११५१ | १,००० | |
| ६० | गौचरण संयले सडक योजना | ६ | ३११५१ | २०० | |
| ६१ | चालिसे वानियाँटार सडक निर्माण | ६ | ३११५१ | १,००० | |
| ६२ | तल्लो डाँडा जाल्पादेवी सुड्गुरे फाँट सडक योजना | ६ | ३११५१ | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | वडा स्तरीय सडक मर्मत सम्भार कार्यक्रम | ६ | ३११५१ | ३०० | |
| ६४ | वनदेवीमार्ग सडक योजना | ६ | ३११५१ | १०० | |
| ६५ | वानियाँसिम सुङ्गुरेफाँट सडक योजना | ६ | ३११५१ | १०० | |
| ६६ | भोर्लेपानी सिंचाइ कुलो योजना | ६ | ३११५५ | ५० | |
| ६७ | पानीघाट देविस्थान खानेपानी योजना | ६ | ३११५६ | ५०० | |
| ६८ | मथरा खानेपानी (गौचरण-खड्काटोल-नेवारडाँडा) | ६ | ३११५६ | ४०० | |
| ६९ | मासडाँडा खानेपानी योजना | ६ | ३११५६ | ५०० | |
| ७० | वराडी खानेपानी योजना | ६ | ३११५६ | १०० | |
| ७१ | संयले खानेपानी डिपवोरिङ योजना | ६ | ३११५६ | ५०० | |
| ७२ | भोर्लेपानी ढल निर्माण | ६ | ३११५८ | २०० | |
| ७३ | कालिदेवी सामुदायिक भवन निर्माण | ६ | ३११५९ | २०० | |
| ७४ | बानियाँटार लामाटोल गोरेटो बाटो निर्माण | ६ | ३११५९ | ५० | |
| ७५ | विपद् व्यवस्थापन | ६ | ३११५९ | ३०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.७ - ८०३३०४०१२०७** | | | | | |
| ७६ | महिला बालबालिका दलित जनजाती लक्षित कार्यक्रम संचालन | ७ | २२५२२ | ५०० | |
| ७७ | यूवा तथा खेलकुद कार्यक्रम | ७ | २२५२२ | ३०० | |
| ७८ | गौरीफाँट डुमीटार विशालटार चालिसे चालिसे सडक | ७ | ३११५१ | ७०० | |
| ७९ | डाँडाघर सयडाँडा सडक | ७ | ३११५१ | ५० | |
| ८० | तोप्लाङ चिसापानी बस्ती सडक | ७ | ३११५१ | १५० | |
| ८१ | थली गुरूदुम बस्ती सडक | ७ | ३११५१ | १०० | |
| ८२ | दोभान तल्लो झाप्रे माथिल्लो झाप्रे सडक | ७ | ३११५१ | ३०० | |
| ८३ | पूरानो त्रिभुवन राजपथ मर्मत/सरसफाइ | ७ | ३११५१ | १०० | |
| ८४ | भँगेरी बस्ती सडक | ७ | ३११५१ | ५० | |
| ८५ | भट्टगाउँ कृषि सडक | ७ | ३११५१ | १०० | |
| ८६ | लप्से गोगनचौर सेतिदेविस्थान सडक | ७ | ३११५१ | १०० | |
| ८७ | वडा स्तरीय सडक मर्मत सम्भार कार्यक्रम | ७ | ३११५१ | १,००० | |
| ८८ | वरभञ्ज्याङ ताप्केचौर सडक | ७ | ३११५१ | १०० | |
| ८९ | सेतिदेविस्थान खावा मजुवा सडक | ७ | ३११५१ | ५०० | |
| ९० | सिमलचौर दोभान सडक | ७ | ३११५१ | १५० | |
| ९१ | खानीखोला गौरिफाँट कुलो मर्मत | ७ | ३११५९ | १०० | |
| ९२ | खानीखोला चौतारो निर्माण | ७ | ३११५९ | ५० | |
| ९३ | गिरी गुठीघर निर्माण | ७ | ३११५९ | १५० | |
| ९४ | घट्टेबगर आइटार डुमटार कुलो मर्मत | ७ | ३११५९ | २०० | |
| ९५ | चण्डिदेवी मन्दिर थली | ७ | ३११५९ | ५० | |
| ९६ | च्यानडाँडामा ट्रस निर्माण | ७ | ३११५९ | १०० | |
| ९७ | जामुनेडाँडा चौतारा ट्रस निर्माण | ७ | ३११५९ | १०० | |
| ९८ | तल्लो लप्सेबाट नुनचौरसम्म गोरेटो बाटो निर्माण | ७ | ३११५९ | ५० | |
| ९९ | तिनछाँगो झरना संरक्षण | ७ | ३११५९ | १०० | |
| १०० | नृर्वेश्वर महादेव मन्दिर निर्माण | ७ | ३११५९ | ३०० | |
| १०१ | नवदुर्गा मन्दिर भञ्ज्याङ | ७ | ३११५९ | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ | निलकण्ठेश्वर मन्दिर चालिसे निर्माण | ७ | ३११५९ | २०० | |
| १०३ | भैरव नारायण मन्दिर निर्माण | ७ | ३११५९ | १०० | |
| १०४ | रक्तदेवी मन्दिर निर्माण | ७ | ३११५९ | १०० | |
| १०५ | विविध कार्यक्रम (वडाबाट विनियोजन हुने वडा नं.७) | ७ | ३११५९ | ७२० | |
| १०६ | शिवालय मठ निर्माण | ७ | ३११५९ | १०० | |
| १०७ | सुकुमा लक्ष्मी मन्दिर लिखु | ७ | ३११५९ | १०० | |
| १०८ | सेतिदेविस्थान मन्दिर निर्माण | ७ | ३११५९ | ३०० | |
| **धुनिवेशी नगरपालिका वडा नं.८ - ८०३३०४०१२०८** | | | | | |
| १०९ | लक्षित वर्ग कार्यक्रम योजना | ८ | २२५२२ | ५०० | |
| ११० | विविध कार्यक्रम | ८ | २२५२२ | ५०० | |
| १११ | गणेशस्थान स्वास्थ्यचौकी सडक | ८ | ३११५१ | १०० | |
| ११२ | चापाकुलो खर्केडाँडा सडक | ८ | ३११५१ | ५०० | |
| ११३ | जैसीथोक डुडा खोल्सी सुवेदीथोक कृषि सडक | ८ | ३११५१ | २०० | |
| ११४ | टापुडाँडा मच्छिन्द्रनाथ सडक | ८ | ३११५१ | २०० | |
| ११५ | ठूलोचौर महेशखोला सडक | ८ | ३११५१ | १०० | |
| ११६ | तामाङ टोल सडक | ८ | ३११५१ | १०० | |
| ११७ | दोभानखोला खानीगाउँ काफलचौर सडक | ८ | ३११५१ | २०० | |
| ११८ | भदौरे मुखीया टोल सडक | ८ | ३११५१ | १०० | |
| ११९ | मयलधारा खर्केडाँडा कृषि सडक | ८ | ३११५१ | १५० | |
| १२० | रेशम खेती परियार टोल मोटर बाटो | ८ | ३११५१ | २०० | |
| १२१ | वडास्तरीय सडक पुर्वाधार मर्मत सुधार कार्यक्रम | ८ | ३११५१ | ५०० | |
| १२२ | वाहुनडाँडा आँपको बोट भानेको चौतारा पुतलीसडक हुँदै खैरेनी कृषि सडक | ८ | ३११५१ | २०० | |
| १२३ | सुनारगाउँ खर्केडाँडा सडक | ८ | ३११५१ | १०० | |
| १२४ | सल्लाडाँडा नेवार टोल सडक | ८ | ३११५१ | १५० | |
| १२५ | कल्जेफाँट सिंचाइ कुलो मर्मत | ८ | ३११५६ | २०० | |
| १२६ | काभ्रेकुलो जैसीथोक कुलो | ८ | ३११५६ | २०० | |
| १२७ | खानीखोला बजार मेल अगाडीको कुलो मर्मत योजना | ८ | ३११५६ | १०० | |
| १२८ | चुवाडी कोइरालाटार सिंचाइ | ८ | ३११५६ | १०० | |
| १२९ | लामाथोक खत्थोक खानेपानी योजना | ८ | ३११५६ | ८०० | |
| १३० | कोइरालाटार महिला सामुदायिक भवन निर्माण | ८ | ३११५९ | २०० | |
| १३१ | खानीखोला टोल सुधार बत्ति मर्मत | ८ | ३११५९ | १०० | |
| १३२ | खानीगाउँ कालिदेवी मन्दिर निर्माण | ८ | ३११५९ | १०० | |
| १३३ | जैसीथोक कृयापुत्री भवन निर्माण | ८ | ३११५९ | १०० | |
| १३४ | पञ्चकन्या चारघर मन्दिर निर्माण | ८ | ३११५९ | १५० | |
| १३५ | पारथोक कुवापानी मन्दिर निर्माण | ८ | ३११५९ | २०० | |
| १३६ | मयलधारा कृयापुत्री भवन निर्माण | ८ | ३११५९ | २०० | |
| १३७ | रक्तकाली मन्दिर निर्माण (वडा नं.८) | ८ | ३११५९ | २५० | |
| **धुनिवेशी नगरपालिका वडा नं.९ - ८०३३०४०१२०९** | | | | | |
| १३८ | महिला बालबालिका जेष्ठनागरिक अपाङ्ग लक्षित कार्यक्रम (वडा नं. ९) | ९ | २२५२२ | ५०० | |
| १३९ | कुवापानी कल्याणटार कान्ले भदौरे सडक मर्मत | ९ | ३११५१ | ३०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४० | वडास्तरीय पुर्वाधार मर्मत सुधार कार्यक्रम | ९ | ३११५१ | ३०० | |
| १४१ | सेतिदेवि मनडाँडा नौलिथोक सडक मर्मत तथा सुधार | ९ | ३११५१ | ५०० | |
| १४२ | वडाको सिंचाइ कुलो प्राथमिकीकरणका योजना (७ मध्ये ४ वटा मात्र) | ९ | ३११५५ | ७०० | |
| १४३ | झाँक्रिवन खानेपानी योजना | ९ | ३११५६ | ५०० | |
| १४४ | मनडाँडा कानाकोट लोहनीथोक खानेपानी योजना (वडा गौरव) | ९ | ३११५६ | २,००० | |
| १४५ | खत्रीपौवा वाडभञ्ज्याङ गोरेटो बाटो  निर्माण | ९ | ३११५९ | २०० | |
| १४६ | खपटे खेलमैदान | ९ | ३११५९ | ५०० | |
| १४७ | गुरमुरे त्रिवेणी रामघाट गोरेटो बाटो  निर्माण | ९ | ३११५९ | २०० | |
| १४८ | जोखिम न्यूनिकरणा व्यवस्थापन | ९ | ३११५९ | ३०० | |
| १४९ | वडाको मन्दिर निर्माण योजनाको प्राथमिकीकरण (११ मध्ये ५ वटा मात्र) | ९ | ३११६१ | ५०० | |
| **धुनिवेशी नगरपालिका - ८०३३०४०११०१** | | | | | |
| १५० | पारिश्रमिक कर्मचारी | | २११११ | ३५,००० | |
| १५१ | कर्मचारी पोशाक | | २११२१ | १,३०० | |
| १५२ | पदाधिकारी पोशाक | | २११२१ | ७५० | |
| १५३ | स्थानीय भत्ता | | २११३१ | ६५० | |
| १५४ | महगी भत्ता | | २११३२ | १,००० | |
| १५५ | फिल्ड भत्ता | | २११३३ | २०० | |
| १५६ | कर्मचारीको वैठक भत्ता | | २११३४ | ७०० | |
| १५७ | अन्य भत्ता | | २११३९ | २,००० | |
| १५८ | पदाधिकारी बैठक भत्ता | | २११४१ | ३,००० | |
| १५९ | पदाधिकारी अन्य सुविधा | | २११४२ | ९,५०० | |
| १६० | पदाधिकारी अन्य भत्ता | | २११४९ | १,२५० | |
| १६१ | कर्मचारी कल्याण कोष | | २१२१४ | १,००० | |
| १६२ | अन्य सामाजिक सुरक्षा खर्च | | २१२१९ | १०० | |
| १६३ | पानी तथा बिजुली | | २२१११ | १,२०० | |
| १६४ | पानी तथा विजुली | | २२१११ | ८०० | |
| १६५ | संचार महसुल | | २२११२ | ९०० | |
| १६६ | इन्धन (पदाधिकारी) | | २२२११ | ५०० | |
| १६७ | इन्धन (कार्यालय प्रयोजन) | | २२२१२ | ९०० | |
| १६८ | सवारी साधन मर्मत खर्च | | २२२१३ | १,६०० | |
| १६९ | विमा तथा नविकरण खर्च | | २२२१४ | ४०० | |
| १७० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | २२२२१ | ८०० | |
| १७१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | २२२३१ | १,००० | |
| १७२ | मसलन्द तथा कार्यालय सामाग्री | | २२३११ | ३,५०० | |
| १७३ | इन्धन - अन्य प्रयोजन | | २२३१४ | १५० | |
| १७४ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | २२३१५ | २,१०० | |
| १७५ | अन्य कार्यालय संचालन खर्च | | २२३१९ | ६६७ | |
| १७६ | सेवा र परामर्श खर्च | | २२४११ | ३,५०० | |
| १७७ | राजश्व योजना सम्बन्धि सफ्टवेयर अद्धावधिक तथा स्तरोन्नती | | २२४१२ | ४०० | |
| १७८ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | २२४१२ | १,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७९ | करार सेवा शुल्क | | २२४१३ | १५,००० | |
| १८० | अन्य सेवा शुल्क | | २२४१९ | १,००० | |
| १८१ | कर्मचारी तालिम खर्च | | २२५११ | ४६३ | |
| १८२ | उद्योग तथा उद्यशिलता विकास कार्यक्रम | | २२५१२ | ५०० | |
| १८३ | घरेलु मदिरा तथा लागु पदार्थ विरूद्धको सचेतना कार्यक्रम | | २२५१२ | ३०० | |
| १८४ | चौमासिक समिक्षा गोष्ठि | | २२५१२ | ३०० | |
| १८५ | न्यायीक परामर्श सेवा | | २२५१२ | ५०० | |
| १८६ | न्यायीक समिति क्षमता अभिवृद्धि | | २२५१२ | ५०० | |
| १८७ | न्यायीक समितिको गोष्ठी सेमिनार | | २२५१२ | ५०० | |
| १८८ | भूकम्पीय सुरक्षा भवन निर्माण सचेतना कार्यक्रम | | २२५१२ | ५०० | |
| १८९ | मेलिमलापकर्ताको लागि तालिम | | २२५१२ | ७५० | |
| १९० | विषयगत समितिका पदाधिकारी क्षमता विकास, वैठक भत्ता, व्यवस्थापन खर्च | | २२५१२ | ५०० | |
| १९१ | उत्पादन सामग्री / सेवा खर्च | | २२५२१ | १,५०० | |
| १९२ | आरोग्य जीवन व्यवस्थापन तालिम | | २२५२२ | ५०० | |
| १९३ | उद्यमशील कर्जा विकास कार्यक्रम | | २२५२२ | १०,००० | |
| १९४ | उद्योग वाणिज्य सङ्घसँग साझेदारी कार्यक्रम | | २२५२२ | ४०० | |
| १९५ | उपमेयरसँग आज कार्यक्रम | | २२५२२ | १५० | |
| १९६ | एम्वुलेन्स र दमकल संचालन खर्च व्यवस्थापन | | २२५२२ | २,००० | |
| १९७ | कार्यक्रम सञ्चालन खर्च | | २२५२२ | १,००० | |
| १९८ | डिजिटल नगर प्रोफाइल अद्यावधिक | | २२५२२ | ५०० | |
| १९९ | नगरपालिकाको जनतासँग अन्तरसम्बाद कार्यक्रम | | २२५२२ | ७०० | |
| २०० | नगरपालिकाको ऐन, नियम, कार्यविधी निर्माण | | २२५२२ | ४०० | |
| २०१ | नागरीक एवं सडक सुरक्षा प्रहरी साझेदारी कार्यक्रम | | २२५२२ | ५०० | |
| २०२ | पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | | २२५२२ | २,५०० | |
| २०३ | भुकम्पीय सचेतना कार्यक्रम | | २२५२२ | ५०० | |
| २०४ | रेडियो टि.भि. अनलाइन मीडिया साझेदारी | | २२५२२ | १,२०० | |
| २०५ | राजश्व परामर्श समितिको वैठक व्यवस्थापन, प्रतिवेदन, अनुगमन, राजश्व रणनीति तयार | | २२५२२ | ५०० | |
| २०६ | वालबालिकासँगँ मेयर कार्यक्रम | | २२५२२ | १५० | |
| २०७ | सरसफाइ सचेतना तथा व्यवस्थापन कार्यक्रम | | २२५२२ | १,००० | |
| २०८ | संस्कृती संरक्षण कार्यक्रम | | २२५२२ | ७०० | |
| २०९ | संस्थागत सहयोग कार्यक्रम | | २२५२२ | ७०० | |
| २१० | साझेदारी कार्यक्रम (संस्था, क्लव लगायत सामाजिक संस्थाहरू) | | २२५२२ | १,५०० | |
| २११ | सार्वजनिक जग्गा संरक्षण | | २२५२२ | ५०० | |
| २१२ | सार्वजनिक सुनुवाइ कार्यक्रम | | २२५२२ | ३०० | |
| २१३ | वडा कार्यालय विविध खर्च | | २२५२९ | १,५०० | |
| २१४ | विविध कार्यक्रम खर्च | | २२५२९ | ५०० | |
| २१५ | अनुगमन, मूल्यांकन खर्च | | २२६११ | ५०० | |
| २१६ | भ्रमण खर्च | | २२६१२ | २,००० | |
| २१७ | अन्तर स्थानीय तह अवलोकन भ्रमण | | २२६१९ | ८०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१८ | विविध खर्च | | २२७११ | १,९०० | |
| २१९ | सभा सञ्चालन खर्च | | २२७२१ | ७०० | |
| २२० | रिम्स नेपालसँगको लागत साझेदारी | | २६४१३ | १,७०० | |
| २२१ | खाद्य सुरक्षा कार्यक्रम साझेदारी | | २६४२३ | १,१०० | |
| २२२ | सहयात्री समाज नेपाल सँगको साझेदारी कार्यक्रम | | २६४२३ | १,२०० | |
| २२३ | अन्य सामाजिक सुरक्षा | | २७११२ | ५०० | |
| २२४ | विपद व्यवस्थापनको लागि कार्यक्रम संचालन | | २७२१२ | १०,००० | |
| २२५ | घरभाडा | | २८१४२ | २,५०० | |
| २२६ | सवारी साधन तथा मेशिनरी औजार भाडा | | २८१४३ | ५०० | |
| २२७ | भैपरी आउने चालु खर्च | | २८९११ | ५०० | |
| २२८ | धुनिवेशी अस्पताल निर्माण | | ३१११२ | १०,००० | |
| २२९ | नगरपालिकाको भवन निर्माण | | ३१११२ | ६०,००० | |
| २३० | वृद्धा विश्राम स्थल भवन निर्माण (समपुरक न.पा. तर्फको हिस्सा) | | ३१११२ | १०,००० | |
| २३१ | एम्वुलेन्स खरिद | | ३११२१ | २,५०० | |
| २३२ | मेशिनरी तथा औजार | | ३११२२ | १,००० | |
| २३३ | फर्निचर तथा फिक्चर्स | | ३११२३ | २,००० | |
| २३४ | कुखुरेचौर मरनघाट सडक | २ | ३११५१ | १,५०० | |
| २३५ | किटनी बाघखोर सडक स्तरोन्नती | १ | ३११५१ | १,००० | |
| २३६ | खानीखोला मच्छिन्द्र क्याम्पस सडक | ७ | ३११५१ | २,००० | |
| २३७ | खानीखोला लप्से सिद्धिगणेश कृषि सडक | ७ | ३११५१ | ५०० | |
| २३८ | गणेशमार्ग काफलचौर सडक | ८ | ३११५१ | ८,००० | |
| २३९ | डाडाडीही वडारेचौर जीवनपुर किटनी सडक | ४ र ५ | ३११५१ | ८,००० | |
| २४० | भल्टार सुनारगाउँ हुँदै भञ्ज्याङ सडक | ७ | ३११५१ | ५०० | |
| २४१ | मुक्तिनाथ मन्दिर भाटे हुँदै बगैँचा सम्म सडक | ८ | ३११५१ | ५०० | |
| २४२ | रमाइलोचौर घारी पुनडाँडा सडक | ३ | ३११५१ | ४,००० | |
| २४३ | वानियाटार चालिसे कोइरालाटार मच्छिन्द्रावन जुगेडी झयाप्लेखोला सडक (समपुरक न.पा. तर्फको) | ६, ८ र ९ | ३११५१ | १०,००० | |
| २४४ | सडक बोर्ड नेपालसङ्गको साझेदारी | | ३११५१ | १,२०० | |
| २४५ | सिरानचौर आपचौर महेशफाँट सडक | २ | ३११५१ | ३,००० | |
| २४६ | विद्युतीकरण लाइन सुधार योजना | | ३११५३ | ३,००० | |
| २४७ | विभिन्न सिंचाइ कुलो मर्मत | | ३११५५ | ३,००० | |
| २४८ | क्रमागत खानेपानी आयोजनाहरू | | ३११५६ | १०,००० | |
| २४९ | खानीखोला टापु डाँडा खानेपानी योजना | ८ | ३११५६ | १०,००० | |
| २५० | जैसीथोक खानेपानी योजना | ८ | ३११५६ | २,००० | |
| २५१ | वन तथा वातावरण संरक्षण | | ३११५७ | १,००० | |
| २५२ | उज्यालो शहर तथा सडक पेटी निर्माण | | ३११५९ | ५०० | |
| २५३ | उपयुक्त स्थानमा होमस्टे निर्माण | | ३११५९ | ४,००० | |
| २५४ | कोटाकालिका मन्दिर निर्माण | ४ | ३११५९ | ५०० | |
| २५५ | खर्केडाडा पिकनिक स्पट निर्माण सुधार | ८ | ३११५९ | ५०० | |
| २५६ | छत्रेदेउराली महिला सामुदायिक भवन निर्माण (वडा नं.२) | २ | ३११५९ | १,००० | |
| २५७ | धुनिवेशी पार्क निर्माण निरन्तरता | ५ | ३११५९ | ८,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५८ | धार्के चालिसे तरकारी बजार निर्माण | ६ | ३११५९ | ३,००० | |
| २५९ | नगरपालिका सिमामा स्वागतद्वार निर्माण | | ३११५९ | ५०० | |
| २६० | न्यायीक समितिको इजलाश निर्माण | | ३११५९ | १,००० | |
| २६१ | निश्चल वैकुन्ठ स्मृती खेल पार्क | ८ | ३११५९ | ४,००० | |
| २६२ | पाटी पौवा, सत्तल, चौतारा निर्माण | | ३११५९ | ४,००० | |
| २६३ | बद्रिटार शिवमन्दिर निर्माण | ५ | ३११५९ | ५०० | |
| २६४ | भञ्ज्याङपोखरी पुनर्निर्माण योजना | १ | ३११५९ | ५०० | |
| २६५ | भुवनेश्वरी मन्दिर निर्माण | ५ | ३११५९ | ५०० | |
| २६६ | मागमा आधारित कार्यक्रम | | ३११५९ | ८,००० | |
| २६७ | लागत साझेदारी कार्यक्रम | | ३११५९ | ५,००० | |
| २६८ | विभिन्न गुम्बा निर्माण | | ३११५९ | ३,००० | |
| २६९ | सुनाघाट बद्रीटार घाट निर्माण | ५ | ३११५९ | ८०० | |
| २७० | वडा नं. १ को वडा कार्यालय मर्मत | १ | ३११६१ | ७०० | |
| | | | **कुल जम्मा** | **४,१०,३००** | |

**आ.व. : २०७७/७८ बजेट उपशीर्षक : विषयगत शाखा (८०३३०४०१३०४) उप क्षेत्र : कृषि रु. हजारमा**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रु. | बैदेशिक |
|---|---|---|---|---|---|
| १ | कृषि प्राविधिक व्यवस्थापन | | २२४१३ | १,०७० | |
| २ | आकस्मिक वाली संरक्षण कार्यक्रम | | २२५२२ | ५०० | |
| ३ | कृषक अनुदान कार्यक्रम | | २२५२२ | १,००० | |
| ४ | ग्रिन हाउस निर्माण (५० वटा) | | २२५२२ | ३,२५० | |
| ५ | तरकारीको नयाँ नर्सरी स्थापना (२०० वटा) | | २२५२२ | २,००० | |
| ६ | फलफुल विरूवाको ३ वटा नर्सरी श्रोत केन्द्र स्थापना | | २२५२२ | १,५०० | |
| ७ | बाली विमा कार्यक्रम | | २२५२२ | २,००० | |
| ८ | खाद्यन्न उत्पादन गर्ने कृषक समुह तथा कृर्षि फर्मलाइ विज वृदि अनुदान | | २६४१३ | ५०० | |
| ९ | कृषि पूर्वाधार तर्फको लागत साझेदारी | | ३११५९ | २,००० | |
| | | | कुल जम्मा | १३,८२० | |

**आ.व. : २०७७/७८ बजेट उपशीर्षक : विषयगत शाखा ( ८०३३०४०१३०४) उप क्षेत्र : पशुपन्छी विकास रु. हजारमा**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रु. | बैदेशिक |
|---|---|---|---|---|---|
| १ | पशुपन्छि विमा कार्यक्रम (संङ्घिय सरकारले ब्यहोर्ने बाहेकको कृषकले ब्यहोर्ने हिस्सामा कृषकको तर्फबाट नगरपालिकाले ब्यहोर्ने ५० प्रतिशत) | | २२२१४ | २,००० | |
| २ | पशु प्राविधिक व्यवस्थापन | | २२४१३ | १,००० | |
| ३ | कृतिम गर्भाधान नश्ल सुधार कार्यक्रम | | २२५२२ | १५० | |
| ४ | पशु स्वास्थ्य घुम्ती शिविर (औषधि व्यवस्थापन र ढुवानी सेवा) | | २२५२२ | ९०० | |
| ५ | भ्रमण खर्च (पशु शाखा) | | २२६१२ | १०० | |
| ६ | औषधि खरिद तथा ल्याव संचालन | | २७२१३ | १,००० | |
| ७ | पशुपन्छीको लागि खोप खरिद तथा सामाग्री खरिद | | २७२१३ | ७०० | |
| | | | कुल जम्मा | ५,८५० | |

**आ.व. : २०७७/७८ बजेट उपशीर्षक : विषयगत शाखा (८०३३०४०१३०४)**
**उप क्षेत्र : लैंगिक समानता तथा सामाजिक समावेशीकरण** **रु. हजारमा**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रु. | बैदेशिक |
|---|---|---|---|---|---|
| १ | चेपाङ समुदायको सिप विकास तालिम तथा टेवा कार्यक्रम | | २२५१२ | २०० | |
| २ | जेष्ठ नागरिक अन्तरक्रिया कार्यक्रम | | २२५१२ | १०० | |
| ३ | नगरस्तरिय बालक्लव गठन तथा अन्तर्क्रिया कार्यक्रम | | २२५१२ | १०० | |
| ४ | महिला समुह गठन तथा अनुशिक्षण कार्यक्रम | | २२५१२ | १०० | |
| ५ | महिलाको लागि सिप विकास तालिम | | २२५१२ | २०० | |
| ६ | १६ दिने लैङ्गिक हिंसा विरूदको अभियानमा नगरस्तरीय कार्यक्रम | | २२५२२ | १०० | |
| ७ | अन्तराष्ट्रिय महिला दिवस मनाउने कार्यक्रम | | २२५२२ | १०० | |
| ८ | दलित जनजाती उत्थान तथा आयआर्जन कार्यक्रम | | २२५२२ | १०० | |
| ९ | नगरस्तरीय महिला संजाल गठन तथा अन्तरक्रिया कार्यक्रम | | २२५२२ | १०० | |
| १० | मागमा आधारित लक्षित समुह सहयोग कार्यक्रम (नगरस्तरीय) | | २२५२२ | ५०० | |
| ११ | बाख्रापालन तालिम तथा वस्तुगत टेवा | | २५३१५ | ३०० | |
| १२ | अपाङ्गता सहायता सामाग्री सहयोग | | २७११२ | ५०० | |
| १३ | बालउद्यार कोष | | २७११२ | १०० | |
| १४ | सुरक्षित आवास घर संचालन तथा व्यवस्थापन | | २७२१२ | १,००० | |
| १५ | स्थानीय अपाङ्गता समन्वय समितिको बैठक व्यवस्थापन | | २७२१९ | २०० | |
| | | | कुल जम्मा | ३,७०० | |

**आ.व. : २०७७/७८ बजेट उपशीर्षक : विषयगत शाखा ( ८०३३०४०१३०४) उप क्षेत्र : शिक्षा** **रु. हजारमा**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रु. | बैदेशिक |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा कम्प्यूटर मर्मत सम्भार | | २२२२१ | १५० | |
| २ | अतिरिक्त कृयाकलाप शिक्षक व्यवस्थापन | | २२४१३ | ५०० | |
| ३ | धुनिवेशी क्याम्पस विषयगत शिक्षक व्यवस्थापन | | २२४१३ | ५०० | |
| ४ | मच्छिन्द्र क्याम्पसको विषयगत शिक्षक व्यवस्थापन | | २२४१३ | ५०० | |
| ५ | विषयगत शिक्षक व्यवस्थापन | | २२४१३ | ८,३०४ | |
| ६ | आवश्यकतामा आधारित विषयगत तालिम | | २२५१२ | २१० | |
| ७ | जेण्डर फोकल पर्सन र बाल कक्षा शिक्षक तालिम | | २२५१२ | १०० | |
| ८ | नगर शिक्षा योजनाको लागि गोष्ठि तथा प्रतिवेदन | | २२५१२ | १५० | |
| ९ | प्र.अ. वैठक व्यवस्थापन | | २२५१२ | ७० | |
| १० | लेखा तथा जिन्सी व्यवस्थापन तालिम | | २२५१२ | १०० | |
| ११ | शिक्षक उत्प्रेरक तालिम | | २२५१२ | ५० | |
| १२ | शिक्षकको लागी आई .सि.टि. तालिम | | २२५१२ | १०० | |
| १३ | सरोकारवालाको क्षमता विकास तालिम | | २२५१२ | १५० | |
| १४ | स्थानीय पाठ्यपुस्तक निर्माण तथा विकास | | २२५२१ | ५०० | |
| १५ | कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन | | २२५२२ | २७५ | |
| १६ | नगर शिक्षा समितिको वैठक व्यवस्थापन | | २२५२२ | ९० | |
| १७ | मच्छिन्द्र क्याम्पसको बस सञ्चालन साझेदारी कार्यक्रम | | २२५२२ | १,००० | |
| १८ | विद्यार्थी भर्ना अभियान | | २२५२२ | २० | |
| १९ | विद्यार्थी शिक्षक विद्यालय प्रोत्साहन कार्यक्रम | | २२५२२ | १५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | विद्यालय अतिरिक्त कृयाकलाप | | २२५२२ | २०० | |
| २१ | विद्यालयमा कोभिड-१९ रोकथाम कार्यक्रम | | २२५२२ | ६८० | |
| २२ | विद्यालयमा कार्यक्रम खर्च | | २२५२२ | १,००० | |
| २३ | विध्यालयको वेभसाइट निर्माण | | २२५२२ | १०० | |
| २४ | शैक्षिक क्यालेन्डर निर्माण | | २२५२२ | ४० | |
| २५ | शैक्षिक नतिजा विश्लेशण तथा शैक्षिक प्रकाशन | | २२५२२ | ५० | |
| २६ | शिक्षक शैक्षिक भ्रमण साझेदारी कार्यक्रम | | २२५२२ | ३०० | |
| २७ | शिक्षा क्षेत्र विकास कार्यक्रम | | २२५२२ | १,००० | |
| २८ | स्काउट सञ्चालन व्यवस्थापन | | २२५२२ | ५०० | |
| २९ | विद्यालय अनुगमन तथा निरिक्षण | | २२६११ | १०० | |
| ३० | मच्छिन्द्र क्याम्पस (वैयक्तिक सिप अभिवृद्धि तालिम) | | २५३११ | १,००० | |
| ३१ | बालकक्षा शिक्षक व्यवस्थापन अनुदान | | २६४२२ | १,३२६ | |
| ३२ | वुहारी छात्रवृत्ति कार्यक्रम | | २७२११ | २०० | |
| ३३ | एक विध्यालय एक कम्प्यूटर कार्यक्रम | | ३११२२ | ५०० | |
| ३४ | विद्यालयमा शुद्द खानेपानी व्यवस्थापन | | ३११५६ | १,००० | |
| ३५ | धुनिवेशी क्याम्पस तारबार | | ३११५९ | १,००० | |
| ३६ | विद्यालयमा बाल उद्यान निर्माण तथा व्यवस्थापन | | ३११५९ | १,००० | |
| ३७ | विभिन्न विद्यालयमा घेराबार | | ३११५९ | ३,००० | |
| | | | कुल जम्मा | २५,९१५ | |

